रजत जयन्ती
२५ औं
वार्षिकोत्सव
२०४९-२०७४

" दिगो विकास लक्ष्य प्राप्तीका लागि सहकारी "

coop




२५औं स्थापना दिवसको अवसरमा प्रकाशित

# स्मारिका

## तथा वार्षिक प्रतिवेदन

...सहकार्य र प्रगतिको २५औं पाईला

सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था लि.

Sahakari Rin Kosh Bachat Tatha Rin Sahakari Sanstha Ltd.

"बचत त्याग बाट प्राप्त हुन्छ"

# सञ्चालक समिति



**रामकृष्ण कार्की**
अध्यक्ष



**सुनिलकुमार देवकोटा**
उपाध्यक्ष



**शशिधर पोखरेल**
सचिव



**सञ्जु बिष्ट**
कोषाध्यक्ष



**कृष्णभक्त श्रेष्ठ**
सञ्चालक सदस्य



**दिनेश थापा**
सञ्चालक सदस्य



**राजनमान प्रधान**
सञ्चालक सदस्य



**बाबुराजा महर्जन**
सञ्चालक सदस्य



**नविन ढकाल**
सञ्चालक सदस्य

# लेखा समिति



**नरेश प्रधान**
संयोजक



**मञ्जु चालिसे**
सदस्य



**सृजना श्रेष्ठ स्थापित**
सदस्य

सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था लि.

Sahakari Rin Kosh Bachat Tatha Rin Sahakari Sanstha Ltd.

"बचत त्याग बाट प्राप्त हुन्छ"

# स्मारिका
## २०७४

## सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था लि. को
## २५औं वार्षिकोत्सव
## (रजत जयन्ती)
## को अवसरमा २०७४ भाद्र ७ गते, बुधबार प्रकाशित स्मारिका

# स्मारिका प्रकाशन समिति

**संयोजक**
शशिधर पोखरेल

**सदस्यहरु**
कान्छामान तामाङ्ग
अरुण देवकोटा


**केन्द्रीय कार्यालय**: पो.ब.नं. ३४६, ज्वागल, कुपण्डोल, फोन नं.: ०१-५५३०५८१, ५५३००३२
**सेवा केन्द्र**: जामे मार्केट, घण्टाघर, फोन नं.: ०१-४२२४१४२, ४२२५९१०

**E-mail:** ccflcooperative@gmail.com / ccfl@wlink.com.np | **Website:** www.ccfl.com.np




**कोपुण्डोल ज्वागल स्थित संस्थाको भवन**





**संस्थाको भवन नेफस्कुनका तत्कालिन अध्यक्ष श्री ऋषिराज घिमिरेज्यूबाट २०७२ माघ ८ गते उदघाटन गर्नु हुँदै**

# विगत साधारणसभाका झलकहरु


















रजत जयन्ती
२५ औं
वार्षिकोत्सव
२०४९-२०७४

# संस्था सहभागी भएको तालिम तथा गोष्ठिहरु















# सामाजिक उत्तरदायित्वका कार्यहरु



पवित्र सेवा समाज धापासीमा सहयोग हस्तान्तरण



बुद्धिष्ट बालगृह जोरपाटी



काभ्रे कानपुरमा भूकम्प पिडितलाई राहत वितरण




काभ्रे सर्स्यूखर्कमा भूकम्प पिडितलाई राहत वितरण



महन्त गाउँमा भूकम्प पिडितलाई राहत वितरण



ज्यामिरकोठमा भूकम्प पिडितलाई राहत वितरण

# संस्था दर्ताको प्रमाणपत्र र भवन उद्घाटन ताम्रपत्र



दर्ता नं. ९८६/०४९/०५०

नेपाल सरकार
कृषि तथा सहकारी मन्त्रालय
सहकारी विभाग

डिभिजन सहकारी कार्यालय, ललितपुर ।

दर्ताको प्रमाण-पत्र

सहकारी ऐन, २०४८ को दफा ५ बमोजिम सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था लि. ललितपुर लाई सीमित दायित्व भएको संस्था/संघमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

दर्ता गर्ने अधिकारीको
दस्तखत:
नाम थर: प्रद्युम्न लाल
दर्जा: रजिष्ट्रार

दर्ता गरेको मिति:- २०४९/५/६

कार्यालयको छाप:



# संस्थाका पूर्व अध्यक्षहरू



होमनाथ शर्मा चौलागाईं



शम्भु के.सी



विनोद कुमार गौतम

# राष्ट्रिय सहकारी विकास बोर्ड

(राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ द्वारा स्थापित)

पत्र संख्या :
चलानी नं.:

फोन नं. { ५०१०१३१/५०१०२३७
५०१००९६/५०१०१९०

पुल्चोक, ललितपुर, नेपाल ।


मिति :२०७४।०४।३१



## शुभकामना

सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था लिमिडेड,ज्वागल, कुपण्डोल, ललितपुरले आफ्नो २५ औं स्थापना दिवसको अवसरमा **सहकारी स्मारिका** प्रकाशन गर्न लागेको थाहा पाउँदा खुशीका साथ शुभकामना दिन चाहन्छु ।

हाम्रो देशमा सहकारी संघ/संस्थाको उलेख्य रुपमा वृद्धि भैरहेको छ । यसलाई सकारात्मक पक्ष मान्न सकिए तापनि सहकारीले सदस्यहरुलाई प्रदान गर्ने सेवामा सुधार गरेर गुणस्तरीयता कायम गर्नु अनिवार्य भएको छ । सहकारीहरुले सञ्चालन गरेका कार्यक्रमहरुवाट सदस्य केन्द्रित सेवाको विकास गरी सदस्यहरुलाई आर्थिक, सामाजिक, एवं सांस्कृतिक विकासमा लाग्न अभिप्रेरित गर्न सकुन् । यसका लागि सहकारीका कार्यक्रमहरु उत्पादन वृद्धि गर्ने,उद्यमशिलताको विकास गर्ने र रोजगारी सिर्जना गर्ने तर्फ केन्द्रित हुनु पर्ने देखिन्छ । मलाई विश्वास छ संस्थाले सञ्चालन गरेका कार्यक्रमहरु त्यस दिशामा केन्द्रित छन् र भविष्यमा पनि त्यस्ता कार्यक्रमहरुलाई संस्थाले निरन्तरता दिदैं जानेछ ।

अन्त्यमा, संस्थाले प्रकाशन गर्न लागेको **सहकारी स्मारिका** सफल रुपमा प्रकाशन हुन सकोस भन्ने शुभकामना दिन चाहान्छु । साथै सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था लिमिटेड र संस्थाका सम्पूर्ण सदस्यहरुको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

(सरोज कुमार शर्मा)
**सह–अध्यक्ष**

फ्याक्स नं. ९७७-०१-५०१०१५४, वेबसाईट : www.ncdb.org.np, ई-मेल : coopdesk@gmail.com, पो.ब.नं. : ५७१७, काठमाडौं, नेपाल

National Co-operative
Federation of Nepal Ltd.
Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu

राष्ट्रिय सहकारी संघ लि. नेपाल
पुल्चोक, ललितपुर
पो.ब.नं. ११८५९, काठमाडौं
नेपाल

Tel: 977-1-5010116, 5010033
Fax: 977-1-5010075
E-mail: ncf@wlink.com.np
Website: www.ncfnepal.com.np

# शुभकामना

मुलुकको आर्थिक समृद्धि,सामाजिक न्याय तथा गरीवी न्यूनीकरणका लागि सहकारीको अपरिहार्यतालाई मनन गर्दै नेपालको संविधान २०७२ र नेपाल सरकारको नीति तथा कार्यक्रममा सरकारी, सहकारी र निजी क्षेत्र सहितको तीन खम्वे अर्थनीतिलाई प्राथमिकतामा राखेकाले सहकारी क्षेत्रको महत्व थप उजागर भएको व्यहोरा विदितै छ ।सोही तीन खम्वे अर्थनीति अनुरूप यस क्षेत्रको सुदृढीकरण गर्दै सहकारी क्षेत्रको भूमिका र योगदानलाई अझ वृद्धि गर्नु पर्ने आवस्यकता रहेको छ ।

यसै अनुसार सहकारी अभियानमा क्रियाशिल सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था लि. कुपण्डोल,ललितपुरले २५ औं स्थापना दिवसको अबसरमा सहकारी स्मारिका प्रकाशन गर्न लागेकोमा संस्थाका पदाधिकारी,कर्मचारी तथा सदस्यहरूमा राष्ट्रिय सहकारी संघ लि. नेपालको तर्फबाट हार्दिक वधाई ज्ञापन गर्न चाहान्छु ।

सहकारी संस्थामा भए गरेका क्रियाकलापहरुलाई समेटेर प्रकासन गर्न लागिएको उक्त स्मारिकाले सदस्यहरुको संस्थाप्रति विश्वास बढनुका साथै संस्थाले सदस्यहरुलाई दिदै आएको सेवा सुविधा र अन्य सहकारी सम्बन्धि महत्वपूर्ण सूचना समेत प्राप्त हुने विश्वास लिएको छु ।

अन्त्यमा,सहकारी सिद्धान्तको पूर्ण पालना गर्दै सहकारी पद्धती अनुरुप सहकारी संस्थाले सुशासनमा ध्यानदिएर सदस्यमुखी कृयाकलापहरु कार्यान्वायन गर्न २५ औं स्थापना दिवसले दिशानिर्देश गर्ने अपेक्षाका साथ संस्थाको उत्तरोत्तर प्रगतिको शुभ कामना व्यक्त गर्दछु ।

धन्यवाद ।

मितिः २०७४ साउन २६ गते

(केशब प्रसाद बडाल )
अध्यक्ष

स.वि.द.नं. : ३२९-०५०/०५१

# नेफस्कून

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

आवद्धता



श्री अध्यक्षज्यू
सहकारी ऋण कोष साकोस
कुपण्डोल,ललितपुर

## शुभकामना

यस संघमा आवद्ध सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था लि ले २५ औं स्थापना दिवश सम्पन्न गर्न लागि रहेको र उक्त अवसरमा " सहकारी स्मारिका" प्रकाशन गर्न लागेको थाहा पाउँदा नेफस्कून परिवार अत्यन्त हर्षित छ । बचत तथा ऋण संघ सञ्चालनका सार्वभौम मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात गर्दै संस्था नीति, विधि र प्रविधिको प्रधानता भित्र सदस्य केन्द्रित भई सुसञ्चालन रहि आएको छ भन्ने कुरामा हामी विश्वस्त छौं ।

समुदायमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरुको मुख्यत: सदस्यहरुलाई नियमित बचत लगायत धन सिर्जनामूलक बचतको परिचालन, संस्थाको पूँजीको विकास तथा ऋण लगानीको जोखिम न्यूनीकरणको प्रत्याभूति गर्दै सदस्यको जीवनमा समृद्धि हासिल गराउने मूल ध्येय भएकाले संस्थाका अगुवाहरु, समिति, उपसमिति एवं व्यवस्थापन हरदम सचेत एवं सुशासित भएर लाग्न नितान्त जरुरी छ ।

साकोसहरु विशुद्ध रुपमा वित्तीय कारोवारमा केन्द्रित सहकारी भएकोले वित्त परिचालनमा निहित जोखिमको सम्वेदनशीलतालाई बोध गरी संस्थाबाट लगानी गरिने ऋणहरु सुरक्षित, नियमसङ्गत र समयमै संस्थाभित्र फिर्ता हुन सक्छ भन्ने एकीन नगरी ऋण लगानी गर्न नहुने तर्फ पनि संस्था सदैव चनाखो रहनु पर्छ । सदस्यहरुको बचतको संरक्षण गर्नु संस्थाका समिति, उपसमितिको दायित्व पनि हो । तसर्थ, बचत तथा ऋण सहकारी संस्थाहरुले हरेक क्षेत्रमा सुशासन कायम राखी सहकारी नै समुदायको आर्थिक, सामाजिक , सांस्कृतिक र पर्यावरण विकासको सर्वोत्कृष्ट पद्धति हो भन्ने भावना जनस्तरमा अनुभूति गराउन सकिने सुस्पष्ट कार्य योजना र संस्थाका हरेक क्रियाकलापहरुमा सदस्यको सक्रीय सहभागिता सहित प्रतिबद्ध भएर अघि बढ्नु हुन आग्रह गर्दछौं ।

नेपालका बचत तथा ऋण सहकारीहरुको दीगो संस्थागत विकास, साझा पहिचान एवं व्यावसायिक विकास गर्ने उद्देश्यले संघले यस आर्थिक वर्षदेखि कार्यान्वयनमा ल्याएको **सञ्जालमा एकरुपता र सञ्चालनमा गुणस्तरीयता** भन्ने मर्म सहितको साकोस एकरुपता प्रणालीमा आबद्ध भई साकोस सञ्चालनमा एकरुपता ल्याई नेपालको साकोस अभियानलाई थप मर्यादित र ओजपूर्ण बनाउने कार्यमा सदा झैं यस संघसँग ऐक्यबद्धता र दरिलो सहकार्यको लागि पनि आव्हान गर्दछौं ।

अन्तमा आफ्नो प्रगतिको यथोचित समीक्षा गर्दै आउने दिनमा अझ गुणस्तरीय सेवा प्रदान गर्दै दोहोरो सदस्यता अन्त्यका लागि र साकोसको थप सुदृढिकरणका निम्ति आ-आफ्नो क्षेत्रबाट स्थानीयस्तरमा साकोस एकिकरणका लागि पहल गर्नु गराउनुहुन समेत अनुरोध गर्दै उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मिति : २०७४/०४/२५

डी.वी. बस्नेत
अध्यक्ष

"सहकारी संघ/संस्थाहरुको प्रवर्द्धन, विकास एवं बैंकिङ कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक" द.नं.०१/०५९/६० (सहकारी बैंक)

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
(नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न स्वीकृती प्राप्त बैंक)



## हार्दिक शुभकामना

प्रस्तुत विषयमा ललीतपुर जिल्ला ज्वागल कुपण्डोल स्थित सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था लिमिटेडले यहि मिति २०७४ साल भाद्र ०७ गते बुधबारको दिन संस्थाको "**२५ औं स्थापना दिवस (रजत जयन्ति)**" गर्न लागिरहेको र सोही अवसरमा संस्थामा भए गरिएका विविध कार्यहरु,बिभिन्न नीतिहरु समेटी संस्थाको "**स्मारिका**" प्रकाशन गर्न लागेको जानकारी पाउँदा अत्यन्त खुशी लागेको छ ।

यस सहकारी संस्थाले सहकारी क्षेत्रमा पुऱ्याएको योगदानको कदर तथा प्रशंसा गर्दै नेपाल जस्तो न्यून आर्थिक वृद्धि, वेरोजगारी, आर्थिक विकासमा क्षेत्रीय असमानता, व्याप्त गरिबी र विप्रेषणमुखी अर्थतन्त्रलाई सुधार गर्नको लागि सदस्यहरुको सहभागिता र व्यवस्थापनमा संचालन हुने सहकारी पद्धति मार्फत आम समुदायलाई संगठित गराई देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा पुऱ्याएको योगदानको कदर गर्दछु ।

साथै गरीबि न्यूनिकरण, लैंगिक समानता र सामाजिक सद्भाव कायम गरी देशको समग्र आर्थिक विकास गर्न, रोजगारी सिर्जना गर्न, आयात प्रतिस्थापन तथा निर्यात वृद्धि गर्न, छरिएर रहेका स-साना पूँजिहरुलाई एकिकृत गरी सदस्यहरुकै संयुक्त सहभागितामा परिचालन गरी सहकारीको अर्न्तराष्ट्रिय सिद्धान्त अनुरुपको गतिविधि संचालन गरी सहकारी अभियानमा अग्रणी स्थान हासिल गर्न सफल र सक्षम रहोस् भन्ने शुभकामना सहित यस संस्थाको **२५ औं स्थापना दिवस (रजत जयन्ति) तथा स्मारिका** " प्रकाशन को पूर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मिति : २०७४/०४/२५

(के.बी. उप्रेती)
प्रवन्ध संचालक

द.नं. २/२-२६/६३(८०५)०२८

# जिल्ला सहकारी संघ लिमिटेड ललितपुर
# District Co-operative Union Ltd. Lalitpur

महालक्ष्मीस्थान, ललितपुर, फोन: ५५२२३८१, ५५४२३१३
इमेल: dculalitpur@hotmail.com/www.dcul.org.np

च.नं ३०/०७४/७५ मिति: २०७४/०४/२७

**श्री सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**ज्वागल, ललितपुर ।**

## शुभ–कामना !

श्री सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था लिमिटेड ज्वागल, ललितपुरले संस्थाको २५ औं स्थापना दिवसको अवसरमा संस्थाका गतिविधिहरु, वार्षिक प्रगति प्रतिवेदन र सहकारीका समसामयिक विषयबस्तुहरु समेटेर स्मारिका प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्त खुशी लागेको छ । यस संस्थाले सदस्यहरुमा पुऱ्याएको सेवा र विविध क्रियाकलापले सदस्यहरुको आर्थिक र सामाजिक रुपान्तरणका साथै सहकारी अभियानलाई अभिबृद्धि गर्दै सामाजिक उत्तरदायित्वमा समेत आफुलाई अव्वल प्रमाणीत गरिरहेको मैले महसुस गरेको छु ।

**"दिगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी"** भन्ने मूल मर्मलाई आत्मसात गर्दै यस संस्थाले सहकारी क्षेत्रसंग सम्वन्धित लेख, रचना तथा सवालहरुलाई समेटेर प्रकाशन गर्न लागेको स्मारिकाले संस्था र सदस्यहरुबीच अझ आपसी सहयोग र सहकार्य अभिबृद्धि गर्दै संस्थाको गतिविधिहरुमा सदस्यहरुको भूमिकालाई सक्रिय वनाउने मैले विश्वास लिएको छु ।

अन्तमा, श्री सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था लिमिटेड ललितपुरले आगामी दिनहरूमा अझै सफलता हासिल गर्दै सदस्यहरूको चौतर्फी विकास र सहकारी अभियानको सहयात्रामा सामेल भई महत्वपूर्ण योगदान पुऱ्याउन सकोस् भन्ने हार्दिक शुभ-कामना व्यक्त गर्दछु ।

**जय सहकारी !**

माधव दुलाल
अध्यक्ष

नेपाल सरकार
सहकारी तथा गरिवी निवारण मन्त्रालय
**सहकारी विभाग**
**डिभिजन सहकारी कार्यालय**
**पूर्णचण्डी, ललितपुर ।**

फोन/फ्याक्स : ०१५५४८८१२
website: www.deocl.gov.np
email: deocl2050@gmail.com

पत्रसंख्या: ०७४।०७५

चलानी नं

मिति:२०७४।०४।२५

विषय: शुभकामना सन्देश ।

सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था लि. कुपण्डोल, ललितपुरले संस्थाको २५ औं स्थापना दिवसको अवसर पारेर सहकारी स्मारिका प्रशकाशन गर्न लागेको जानकारी पाउंदा अत्यन्त खुशी लागेको छ ।

सहकारी संस्थाहरुले आफ्ना सदस्यहरुको आवश्यकता र चाहनालाई मध्यनजर राखेर व्यवसायिक गतिविधिहरुका साथै समाज र समुदायप्रतिको जवाफदेहितालाई आत्मसात् गर्दै विभिन्न सामाजिक र सामुदायिक गतिविधिहरु संचालन गर्दछन् । सहकारी संस्थाका आर्थिक तथा सामाजिक कियाकलापहरुको साथै सहकारिताका विभिन्न सैद्धान्तिक र व्यवहारिक पक्षहरुको बारेमा सदस्य, समाज तथा सरोकारवाला सबैलाई जानकारी गराउन प्रकाशन सामाग्रीहरुले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । २५ वर्ष अघि स्थापना भएको यस सहकारी संस्थाले पक्कै पनि विभिन्न आरोह अवरोह पार गर्दै यहांसम्म आइपुगेको छ र यस अवधिमा धेरै तिता मिठा अनुभवहरु संगालेको छ । यस प्रकाशनमा समेटिने संस्थाका लामो अनुभव सहितका विविध गतिविधिहरु तथा अन्य अध्ययन सामाग्रीहरु जिल्लाको सहकारी अभियानका लागि गतिलो स्रोत सामाग्रीको रुपमा स्थापित हुन सकुन् भन्ने अपेक्षा कार्यालयको तर्फबाट व्यक्त गर्दै यस प्रकाशनको पूर्ण सफलताको कामना गर्दछु ।

वरिष्ठ सहकारी अधिकृत

बलराम निरौला

वरिष्ठ सहकारी अधिकृत

ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड
LALITPUR DISTRICT FEDERATION OF SAVING & CREDIT CO-OPERATIVE LIMITED
नेपाल

च.नं. /०७४/७५ मिति : २०७४/०४/२६

सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था लि.

ज्वागल, ललितपुर

## हार्दिक शुभकामना ॥

समुदायमा छरिएर रहेको साधन र श्रोतलाई सहकारी पद्धती मार्फत एकीकृत गरी सो को समुचित परिचालनबाट सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा सहकारी क्षेत्रले पुऱ्याएको योगदान महत्वपूर्ण रहँदै आएको छ ।

यसै अनुसार आयाम बचत तथा ऋण सहकारी संस्था लि. ले आफ्ना सदस्यहरुलाई सेवा पुऱ्याउँदै २५औं वार्षिक साधारण सभा तथा २५औं स्थापना दिवस (रजत जयन्ति)सम्म आईपुगेको जानकारी पाउँदा अत्यन्त खुसी लागेको छ ।

संस्थालाई यस अवस्थासम्म ल्याई पुऱ्याउन अथक प्रयास गर्नुहुने संस्थाका सम्पूर्ण पदाधिकारी, सदस्य तथा कर्मचारीहरुलाई हार्दिक बधाई दिन चाहन्छु । यस पूनित अवसरमा संस्थाले सहकारी संस्थाको गतिविधिलाई समेटी स्मारिका प्रकाशन गर्न लागेकोमा उक्त प्रकाशनले यस संस्थाका सदस्यहरु लगाएत सुभेच्छुकहरुका लागि संस्थागत विविध जानकारी तथा सूचनाहरु प्राप्त गर्नसक्ने कुरामा विश्वस्त छु ।

साथै संस्थाको २५औं वार्षिक साधारण सभा तथा २५औं स्थापना दिवस (रजत जयन्ति) को भव्य सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दै आगामी दिनहरुमा पनि संघसँग निरन्तर सहकार्यको लागि अपेक्षा गर्दछु ।

धन्यवाद । जय सहकारी ।

रामशरण घिमिरे
अध्यक्ष

Email: federation.lalitpur@gmail.com, Lagankhel-5, Lalitpur, Ph: +977-1-5553001, 016227626

# अध्यक्षको भनाई !!



■ रामकृष्ण कार्की

सहकारी ऐन २०४८ बमोजिम २०४९ साल भाद्र ७ गते विधिवत रुपमा सहकारी विभागमा दर्ता भएको यो संस्था २४ औं वर्ष पुरा गरी २५ वर्षमा प्रवेश गरेको छ। संस्थालाई यो अवस्थासम्म ल्याइ पुऱ्याउन साथ र सहयोग पुऱ्याउनु हुने सम्पूर्ण सदस्यज्यूहरु, अभियन्ताहरु तथा सम्पूर्ण सरोकारवालाहरु प्रति म यस २५औं स्थापना दिवसको अवसरमा हार्दिक आभार व्यक्त गर्दछु।

साझा यातायातबाट एउटा साझा क्लवको रुपमा शुरु भएको यस संस्था पछि ४४ जनाबाट प्रति महिना रु. ५० संकलन गरी विभिन्न आरोह अवरोह पार गर्दै आजको अवस्थामा आइपुगेको यस संस्था अहिले कुपोण्डोल स्थित आफ्नै सुविधा सम्पन्न भवनबाट कारोवार गरिरहेको छ भने काठमाडौं घण्टाघरमा सदस्य सेवाकेन्द्र समेत छ। काठमाडौं, ललितपुर र भक्तपुर कार्य क्षेत्र रहेको यस संस्थामा कूल १४७३ सदस्य रहेका छन्। बचत तथा ऋण कारोवारका अतिरिक्त संस्थाले आवश्यकता अनुसार तालिम, गोष्ठी, भ्रमणका साथै सहकारीको सातौं सिद्धान्त अनुरुप सामाजिक उत्तरदायित्व समेत निर्वाह गर्दै आएको छ। संस्थाले आफ्ना सदस्यहितका लागि मात्र नभै समग्र सहकारी अभियानलाई नै साथ दिने कार्यमा सकृय छ। संस्थाले नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (नेफ्स्कुन) राष्ट्रिय सहकारी बैंक जिल्ला सहकारी संघ लि. ललितपुर र ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघको सदस्यता लिइसकेको छ। यसरी जिल्ला तथा राष्ट्रिय स्तरका संघ संस्थामा जनाइने आवद्धले समग्र राष्ट्रिय अभियानमा नै संस्थाको पहुँच देखिनेछ।

संस्थालाई यस अवस्थासम्म ल्याउन सदस्यहरुको जुन साथ र सद्भाव प्राप्त भइरहेको छ यो साथ र सद्भाव आगामी दिनमा समेत प्राप्त हुने छ भन्ने विश्वासका साथ आगामी दिनमा समेत सदस्यहरुको सामाजिक, आर्थिक र साँस्कृतिक विकासका लागि सिंगो संचालक समिति निष्ठाका साथ लागि पर्ने प्रतिवद्धता आजको यो सुअवसरमा व्यक्त गर्दछु।

धन्यवाद। जय सहकारी॥

# विषय सूची


| क्र.सं. | विषय | | पेज नं. |
|---|---|---|---|
| १. | सहकारी अभियानमा सहकारी ऋण कोष विगतदेखि वर्तमान सम्म | शशिधर पोखरेल | १८ |
| २. | दिगो विकास लक्ष्यहरु र सहकारी क्षेत्र | डा. युवराज खतिवडा | २० |
| ३. | स्थापनादेखि रजत महोत्सवसम्मको यात्रामा सहकारी ऋण कोष | होमनाथ शर्मा | २५ |
| ४. | एउटा लामो इतिहास बोकेको सफल संस्था सहकारी ऋण कोष | चन्द्र प्रसाद ढकाल | २७ |
| ५. | सहकारी संस्थाहरुको अनुगमन, निरिक्षण ....... | बलराम निरौला | २८ |
| ६. | सहकारी व्यवस्थापनको लागि संचालकहरुको कार्य कुशलता | चन्द्र बहादुर ठकुरी | ३२ |
| ७. | अब सहकारीले रोज्ने बाटो कस्तो हुनु पर्ला | विजयराज घिमिरे | ३५ |
| ८. | महिला सशक्तिकरणमा सहकारीको भूमिका | सरिता तिमलसिना भट्टराई | ३७ |
| ९. | उद्यमशिलता विकास गरिवी निवारणको उपाय | जिवनाथ पोखरेल | ४३ |
| १०. | देशको आर्थिक विकासमा सहकारीको भूमिका | त्रैलोकेश्वर भट्टराई | ४६ |
| ११. | सहकारी संस्थाको प्रगतिको कामना | मधुसुदन सुवेदी | ४९ |
| १२. | सहकारी संस्था असफल हुन सक्ने कारणहरु | श्रीकृष्ण प्रसाद पन्त | ५० |
| १३. | समाजिक रुपान्तरणमा सहकारीको योगदान | बलराम अचार्य | ५२ |
| १४. | आयकर सम्बन्धी बचत तथा ऋण सहकारी संस्थाहरुलाई लागु हुने महत्वपूर्ण प्रावधानहरु | प्रद्युमन घिमिरे | ५५ |
| १५. | सदस्यको दृष्टिमा सहकारी ऋण कोष | हिरालाल दंगाल | ५७ |
| १६. | आर्थिक वर्ष २०७३/०७४ को वार्षिक प्रतिवेदनहरु | | ५८-८३ |

# सहकारी अभियानमाः सहकारी ऋण कोष विगतदेखि वर्तमान सम्म



■ शशिधर पोखरेल
(संस्थाका सचिव)

विगत सहकारी इतिहासमा सन् १८४४ मा वेलायतको मेनचेष्टरबाट शुरु भएको सहकारी अभियान नेपालमा वि. सं. २००७ सालको प्रजातन्त्र प्रादृभार्व पश्चात संस्थागत भएको पाइन्छ। हुन त परापूर्व कालदेखि नै पर्म, गुठी, ढुकुटी जस्ता प्रर्था पनि सहकारीकै एक रुप थिए। तर ति संस्थागत थिएनन्। प्रजातन्त्रको प्रादुर्भाव पश्चात जनतालाई स्वस्फुर्तरुपमा आर्थिक। सामाजिक र सांस्कृतिक विकासमा सहभागी गराउने उद्देश्यले वि.सं. २००९ सालमा त्रिभुवन ग्राम विकाश कार्यक्रम र राप्तीदुन उपत्यका विकाश आयोजना प्रारम्भ भएको पाइन्छ। जसको मूलभुत उद्देश्य भनेको जनताको आर्थिक र सामाजिक विकाश गर्नु नै थियो।

सहकारी विकाशका लागि वि.सं. २०१० साल भाद्र महिनामा कृषि मन्त्रालय अन्तर्गत रहने गरी सहकारी विभागको गठन भएको थियो। जसले सहकारी विकाशका लागि आवश्यक योजना तथा कार्यक्रमहरु तयार गर्ने कार्यारम्भ गरेको थियो। २०१३ साल चैत्र साल चैत्र २० गते बखानपुर लगायत २० वटा सहकारी संस्थाहरु राज्यको कार्यकारी आदेशबाट दर्ता भए पश्चात नेपालमा सहकारीको संस्थागत शुरुवात भएको थियो। सहकारीलाई ब्यवस्थित गर्नका लागि सहकारी ऐन २०१६ जारी भयो। सोही ऐन अन्तर्गत राज्य नियन्त्रित सहकारीहरु सञ्चालनमा थिए। सहकारी ऐन २०४८ आउनु पूर्व सहकारी एने २०१६ अन्तर्गत सञ्चालित सहकारीको संख्या ८३० थियो जुन राज्य नियन्त्रित थियो जसको सञ्चालन राज्यका कर्मचारीहरुले नै गर्दथ्यो। जब सहकारी ऐन २०४८ र सहकारी नियमावली २०४९ जारी भयो। जसले सहकारी संस्थाहरु स्वायत्त र स्वतन्त्र रुपले दर्ता तथा सञ्चालन गर्न सक्ने वातावरण तयार भयो। वि. सं. २०६९ मा सहकारी तथा गरिवी निवारण मन्त्रालयको स्थापना भई सोही मन्त्रालय अन्तर्गत सहकारी विभाग रहयो। त्यसै गरी नेपालको अन्तरिम संविधानमा राज्यको आर्थिक विकाशका ३ सशक खम्वा मध्ये एक खम्वाको रुपमा सहकारीलाई स्थापित गरिएको थियो भने नेपालको संविधान २०६२ ले समेत सहकारीलाई अर्थतन्त्रको एक खम्वाको रुपमा मान्यता दियो। सहकारी ऐन २०४८ आएपछि स्वायत्त र स्वस्फुर्तरुपमा सहकारी संस्था दर्ता हुने क्रम बढ्यो।

यहि क्रममा २०४४।०४५ साल तिर साझा यातायातका कर्मचारीहरु मिलेर साझा क्लव गठन गरिएको थियो। जसले खेलकुद लगायत अतिरिक्त कृयाकलापहरु सञ्चालन गरी सदस्यहरुको शारीरिक तथा बौद्धिक विकाशमा टेवा पुऱ्याउँदै आएको थियो। यहि क्रममा २०४५ भाद्रमा Asian and Pacific Regional Agricultureal Credit Association बैंकक मा कार्यरत विष्णु श्रेष्ठ नेपाल आई नेपालमा पनि बचत समूह गठन गर्ने सम्बन्धमा तत्कालिन साझा केन्द्रका अध्यक्ष स्व. भोजराज घिमिरेसँग कुराकानी हुँदा छलफलका लागि साझा यातायातका तर्फबाट प्रतिनिधिका रुपमा होमनाथ शर्मालाई चयन गरिएको थियो। छलफल कै लागि Asian and Pacific Regeional Agricultural Credit Associations का तर्फबाट कूनेन्स नेपाल आउनु भएको थियो। सोहि समयमा बचत तथा ऋण सम्बन्धी गोष्ठी समेत सम्पन्न भएको थियो सो गोष्ठीको निचोडमा सबैले एक एक वटा बचत समूह खोल्ने निर्णय भयो र सोही निर्णय बमोजिम २०४५ साल भाद्र २८ गते साझा यातायातमा कर्मचारी बचत तथा ऋण कोषको नामबाट ४४ जना सदस्य रहेको समूह गठन गरियो र पछि सदस्यका संख्या बढेर ५१ पुग्यो। तिनै ५१ जना सदस्यहरुबाट मासिक रु. ५०।– संकलन गरि बचतको शुरुवात गरियो भने संकलित रकमबाट आवश्यक पर्ने सदस्यले कर्जा समेत प्रवाह गर्ने कार्यको शुरुवात भयो। २०४९ सालको श्रावण महिनामा विश्व ऋण परिषद्का प्रथम उपाध्यक्ष अगष्टन गुस्मुरे समूहहरुको निरिक्षणका लागि नेपाल आउनु भएको थियो र सोही क्रममा वहाँले यस समूहको पनि निरीक्षण गर्नु भएको थियो। वहाँकै सल्लाह बमोजिम हिमाली बचत तथा ऋण, उपादेश बचत तथा ऋण र यस कर्मचारी बचत तथा ऋण समूह बिच एकीकरण भई सहकारी ऋण कोषको रुपमा कार्य गर्दै आएको यस संस्था नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (नेफ्स्कुन) को स्थापना कालदेखि नै सदस्य रहँदै आएको छ। २०४५ सालदेखि समूहको रुपमा संचालन हुँदै आएको संस्था सहकारी ऐन २०४८ भए पछि २०४९ साल भाद्र ७ गतेका दिन विधिवत रुपमा सहकारी ऐन २०४८ बमोजिम सहकारी विभागमा दर्ता भएको थियो। संस्थाले नियमित रुपमा बचत तथा ऋणको कारोबार लगायत अतिरिक्त क्रियाकलाप तथा स्मारिका प्रकाशन, राफल चिठ्ठा लगायतको कार्य गर्दै आई रहेको थियो।

संस्थाले सहकारी अभियानका छाता संगठन नेफ्स्कुन तथा ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघको संस्थापक सदस्य भई विभिन्न समयमा नेतृत्वको विभिन्न जिम्मेवारी समेत वहन गर्दै आई रहेको छ। संस्थाको लागि आवश्यक पर्ने विभिन्न तालिममा संस्थाका अध्यक्ष लगायत पदाधिकारीहरु सहभागी हुँदै आउने भएको त्यही क्रममा २०५१ साल पौष २६ देखि माघ ६ सम्म श्रलंकाको सानासा क्याम्पस फर को-अपरेटिभ एण्ड डेभलपमेन्टको सानासा एक्सपोजर ट्रेनिङ्गमा तत्कालिन अध्यक्ष होमनाथ शर्मा सहभागि हुनु भएको थियो।

२०५३ सालदेखि संस्थाले कार्यालय र कर्मचारीको समेत व्यवस्था गरी व्यवस्थित रुपमा कार्यालय संचालन गर्दै आएको थियो भने संस्थाले नियमित साधारण सभा, शिक्षा, शिविर उत्कृष्ट ऋण र उत्कृष्ट बचतकर्ता सम्मान लगायतका कार्यक्रमहरु गर्दै आई रहेको थियो। त्यति मात्र नभई संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत नेपाल अर्वुदरोग निवारण संस्थालाई रु. १० हजार बराबरको स्वास्थ्य सामाग्री समेत प्रदान गरेको थियो। संस्था नियमित संचालन हुँदै आईरहेको अवस्थामा अचानक साझा यातायात बन्द भयो र त्यसमा कार्यरत कर्मचारीहरु पनि यत्रतत्र पुग्नु भयो। फलस्वरुप संस्था कठिनाईमा समस्य पर्न थाल्यो। किनकी संस्थाका बहुसंख्यक सदस्य साझा यातायायातकै कर्मचारी हुनु हुन्थ्यो। संस्था केही समय निष्क्रय रुपमा रहे पछि त्यसलाई साझा यातायात भित्र मात्र सीमित पारिनु हुँदैन भनेर २०६३ सालमा संस्थाको कार्यालय ललितपुर मानभवनमा स्थानान्तरण गरी संस्था पून: संचालन भयो। सदस्यता लगायत कारोबारमा समेत वृद्धि भई मृतप्राय भई सकेको संस्थाले पुर्नजीवन पायो। काठमाडौं, भक्तपुर र ललितपुर कार्यक्षेत्र रहेको संस्थाले काठमाडौंको मुटु रत्नपार्कको जामे मार्केटमा आफ्नो सदस्य सेवा केन्द्र समेत खोलेर कारोबार गरि रहेको छ। त्यसै गरी २०७२ साल मंसिरदेखि संस्थाले ललितपुरको ज्वागल स्थित आफ्नो

सुविधा सम्पन्न भवनबाट सेवा गर्दै आई रहेको छ। कूल १४७३ सदस्यहरु रहेको संस्थाले आफ्नो शेयर पूँजी रु. २,६३,१२,०००।– पुऱ्याएको छ भने सदस्यहरुबाट निक्षेप संकलन रु. २१,८५,३३,५००।– गरेको छ भने सदस्यहरुलाई लगानी रु. २२,०४,३२,६४८।– गरेको छ। संस्थाले कर्जा तथा बचतमा विविधिकरण गर्दै सदस्यहरुलाई सेवा प्रदान गर्दै आइ रहेको छ। त्यतिमात्र नभई सहकारी अभियानको एक सशक्त खम्वाको रुपमा समेत यो संस्था स्थापित भई सकेको छ।

| क्र.सं. | आर्थिक वर्ष | शेयर पूँजी | निक्षेप | कर्जा | बचत (नाफा) |
|---|---|---|---|---|---|
| १. | २०६४/०६५ | १८६,३००.०० | १५,४१२,७४२.८१ | १५,५५९,११९.८५ | (१८०,०७१.७२) |
| २. | २०६५/०६६ | ४,५६२,१००.०० | ३३,१४६,५९४.४० | ३३,८६६,६८६.३८ | ३७१,३५७.९९ |
| ३. | २०६६/०६७ | ८,६३८,९००.०० | ७१,५५१,१०४.९७ | ७७,५१४,५४८.०२ | १,४३८,१००.५१ |
| ४. | २०६७/०६८ | १४,२१०,३००.०० | ९७,६११,४४६.६६ | १०८,८२५,५०१.९६ | २,१३४,६०१.३१ |
| ५. | २०६८/०६९ | १७,१८६,७००.०० | १२६,६७२,९९८.६२ | १३३,२५५,७८९.६८ | १,७६२,६५६.७४ |
| ६. | २०६९/०७० | १८,०३५,७००.०० | १३८,१५३,६४०.९५ | १३६,९९४,३८५.४० | १,३७०,९४९.०० |
| ७. | २०७०/०७१ | २०,५९३,७००.०० | १५१,९१८,३६४.६५ | १५२,११२,२७८.६५ | १,३२३,९२६.०२ |
| ८. | २०७१/०७२ | २०,५९५,८००.०० | १६५,८४७,१०९.७८ | १७४,६६४,९४०.०१ | १,५८५.५७०.२५ |
| ९. | २०७२/०७३ | २२,००३,५००.०० | २०२,७५३,०२९.५८ | १८८,०९१,७५३.४९ | १,३२५,३२४.४२ |
| १०. | २०७३/०७४ | २६,३१२,०००.०० | २१८,५३३,४९९.९० | २२०,४३२,६४८.०८ | १,६०४,०४८.०३ |




संस्थाले गर्ने नियमित कार्यक्रममा साधारणसभाहरु नियमित रुपमा तोकिएको समयमा भई रहेको छ। त्यसै गरी समिति तथा उपसमिति बैठकहरु पनि नियमित रुपमा सौहार्दपूर्ण वातावरणमा हुने गरेको छ। संस्थाका विनयम अनुसार संचालक समिति तथा लेखा समितिको निर्वाचन नियमित भई रहेको छ। संस्थाले आफ्नो नियमित कारोबारका अतिरिक्त सामाजिक उत्तरदायित्व अन्तर्गत सामाजिक सेवाका कार्यहरु समेत गर्दै आई रहेको छ। संस्थाले विभिन्न अवसर पारेर जोरपाटी स्थित बुद्धिष्ठ बाल गृहका बच्चाहरुलाई एक छापको खाना व्यवस्था गरेको थियो। त्यसै गरी काठमाडौंका धापासीमा रहेको पवित्र समाज बालगृहका बच्चाहरुको लागि आवश्यक पलङ्ग तथा सिरक डस्ना व्वस्था गरेको थियो। त्यस्तै २०७२ साल १२ र १९ गते भूकम्पले क्षति पुऱ्याएको ललितपुरको ज्यामिरेकोट, महन्थ गाउँ, सिन्धुपाल्चोकको जेठाल, काभ्रेको कानपुर र सर्स्यूर्खकका भूकम्प पिडितहरुलाई राहत सामग्री समेत वितरण गरेको थियो। उपत्यका कार्यक्षेत्र रहेको यस संस्थाको ललितपुरको कुपोण्डोल स्थित ज्वागलमा आफ्नै भवन रहेको छ भने, घण्टाघरमा सेवा केन्द्र मार्फत पनि आफ्नो व्यवसाय संचालन गर्दै आईरहेको छ। स्थापना कालदेखि नै नेफ्स्कुनको सदस्य रहँदै आईरहेको यस संस्थाका तत्कालिन अध्यक्ष श्री होमनाथ शर्माले नेफ्स्कुनको संचालक हुँदै कोषाध्यक्षको समेत जिम्मेवारी बहन गरीसक्नु भएको छ। भने तत्कालिन लेखा समिति सदस्य श्री चन्द्र प्रसाद ढकाल नेफ्स्कुनको लेखा समिति संयोजक हुँदै हाल नेफ्स्कुनका महासचिव हुनु हुन्छ। त्यसै गरी स्थापना कालदेखि नै सदस्य रहेको ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को पनि संचालकको रुपमा होमनाथ शर्माले भुमिका निर्वाह गर्नु भएको थियो। भनेपछि संस्थाका सचिव शशिधर पोखरेल संचालकमा निर्वाचित हुनु भएको थियो। त्यसै गरी राष्ट्रिय सहकारी बैंकको पनि सदस्य रहेको यस संस्था जिल्ला सहकारी संघ ललितपुरको सदस्य छ। संस्थाको तर्फबाट प्रतिनिधित्व गर्दै सचिव श्री शशिधर पोखरेल संघको संचालक समेत रहनु भएको छ।

यसरी ४४ जना बाट शुरु भएको बचत समूह अहिले १४७३ सदस्यहरुको साझा चौतारी बनेको छ। चाहे अभियानमा होस् चाहे सामाजिक दायित्व निभाउन नै किन न होस् यो संस्था कहिले पछि परेको छैन र आगामी दिनमा समेत सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक विकासको लागि संस्था कटिवद्ध भएर लागि पर्ने छ। अझ भन्नु पर्दा जन्मदेखि मृत्युपर्यान्त सदस्य हितका लागि संस्था लागि पर्ने छ।

# दिगो विकासका लक्ष्यहरु र सहकारी क्षेत्र



■ डा. युवराज खतिवडा
(पूर्व गभर्नर)

## पृष्ठभूमी

- विश्व व्यापीरुपमा उदारीकरण र आर्थिक एकीकरणबाट केही मुलुकहरु तीव्र आर्थिक वृद्धि गर्न सफल, तर यसले पर्याप्त मात्रामा रोजगारी सिर्जना नगरेको, पूँजिले श्रमको शोषण गरेको, आयको असमानता बढदै गएको, गरीवी केही घटे पनि आर्थिक वृद्धिकै गतिमा गरीवहरुको जीवनस्तर नसुध्रेको।
- विगत डेढ दशकदेखि वजारको सिद्धान्तमा आधारित विकास प्रणालीवाट मात्र मानव कल्याण नहुने, मानव विकासका सामाजिक, लैङ्गिक एवं वातावरणीय पक्षहरु आर्थिक वृद्धिमा नसमेटिने, र दिगा विकास पनि हुन नसक्ने कुरालाई सम्वोधन गर्न मानव विकास प्रतिवेदनहरु मार्फत विकासका साधन र साध्य दुवै मानव भएको तथ्य अघि वढाएको।
- मूलुकहरु विच, मुलुकभित्र परिवारहरु विच, परिवार भित्र पनि पुरुष र महिला विचको विभेद कायम रहेको, अधिकरुपमा वातावरणको दोहन भएको, र मानवीय विकास भन्दा भौतिक विकासले नै प्राथमिकता पाईरहेकोले सन् २००० मा संयुक्त राष्ट्रसंघका सदस्यहरुले सहस्राब्दी विकास लक्ष्य भनेर संयुक्त घोषणा मार्फत नयाा शताब्दीका १५ वर्षसम्म हासिल गर्नै पर्ने विकासका लक्ष्यहरु तयार गरेका।

## पृष्ठभूमी

- सन् २००० देखि सन् २०१५ सम्म सशस्राव्दी विकास लक्ष्यको कार्यान्वयनबाट केही महत्व पूर्ण उपलब्धीहरु हासिल भएका। तर पनि जातिय, वर्गीय, क्षेत्रीय, लैङ्गिक आधारमा यी विकासहरु समान रहन सकेनन्।
- असमानता झन वढदै गयो, वातावरण विनास जलवायु पविर्तन हुँदै दिगो विकासको वाधक वन्न थाल्यो।
- सामाजिक क्षेत्रमा गरिएको लगानीवाट पनि पूर्वाधारको अभावमा यथेष्ठ लाभ लिन सकिएन।
- आर्थिक संकट, द्वन्द, प्रकोप, असमानता, जलवायु परिवर्तन, शासकीय समस्या, अव्यवस्थित शहरीकरण, धान्नै नसकिने उपभोग र उत्पादन शैली एवं रोजगारी विहिन आर्थिक वृद्धिले विकासका समस्याहरु अझ गहिरो भए।
- प्रजातान्त्रिकरण, मानव अधिकारको प्रत्याभूति र अधिकारमा आधारित विकास पद्धतिको विकास गर्दै जानुपर्ने भयो।
- यी सवै समस्याहरुलाई एउटै डालोमा हालेर दिगो विकास लक्ष्यको रुपमा विश्वका १९३ मुलुकहरुल हस्ताक्षर गरी सन् २०३० सम्मका लागि विकासका साझा लक्ष्यहरु तय गरेका हुन सन् २०३० सम्मका विकास एजेण्डा।
- १७ वटा लक्ष्य र १६९ वटा गन्तव्य राखिएको यो विकास एजेण्डा सन् २०१६ देखि हामी सवैका विकासको साझा एजेण्डाको रुपमा कार्यान्वयनमा आउन थालेको।

## दिगो विकास लक्ष्यका विशेषताहरु:

- यी लक्षहरु मूलत विकासका आर्थिक, सामाजिक, वातावरणीय, र शासकीय पक्षहरुसंग सम्वन्धित रहेका, र शहस्राव्दी विकास लक्ष्यको तुलनामा दिगो विकास लक्ष्यहरु धेरै नै महत्वाकांक्षी, सम्पूर्ण विकास प्रणाली नै रुपान्तरण गर्ने ध्येय राखेका।
- खासगरी : गरीवी, कुपोषण, अशिक्षा, असाक्षरता, आभारभूत शिक्षा, स्वास्थ्य र खानेपानी सुविधाबाट वञ्चिति, लैङ्गिक असमानता आदिको अन्त्य गर्ने।
- समावेसी आर्थिक वृद्धि, मर्यादित रोजगारी, आधारभूत पूर्वाधारको विकास, व्यवस्थित सहरी विकास र अन्वेषणमा आधारित औद्योगिकीकरण, राष्ट्र-राष्ट्र विचको र मुलुक भित्र परिवार-परिवार विचको असमानता घटाउने, धान्न नसकिने उपभोग र उत्पादन प्रणालीलाई रुपान्तरण गरी दिगो वनाउने।
- जलवायु परिवर्तनका असरहरुलाई न्युनिकरण गर्दै अनुकुलनको क्षमता बढाउने, समुन्द्री जीवनलाई दिगो रुपमा संचालन हुने गरी व्यवस्था गर्ने, वन, जमीन, पर्यावरण, जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने।
- न्यायमा पहुँच, सुशासन, मानव अधिकारको संरक्षण र प्रवर्द्धन, शान्तिपूर्ण एवं समावेशी समाज निर्माण गर्ने।
- यी सवै लक्ष्यहरु हासिल गर्न राष्ट्रिय तया अन्तर्राष्ट्रिय सहभागिता, सहयोग र सहकार्यका क्षेत्र तथा उत्तर-दक्षिण, दक्षिण-दक्षिण एवं त्रिकोणीय सहयोग विस्तार गर्ने रणनीतिहरु अघि सारिएको।

## दिगो विकास लक्ष्य प्राप्तीमा सहकारी क्षेत्रको भूमिका:

- लक्ष्य १ : निरपेक्ष गरीवीको सन् २०३० सम्ममा अन्त्य गरी सक्ने, सबै प्रकारका गरीबी, (आय गरीबी, आधारभूत सेवाबाट वञ्चितिकरण, सामाजिक वहिष्करण आदि), कम्तिमा आधा गर्ने, सबैलाई न्यूनतम् सामाजिक सुरक्षाको दायरामा ल्याउने, आर्थिक स्रोत साधनमा सवैको पहुँच बढाउने, गरीवको भूष्वामित्व र उत्पादक सम्पत्ति माथि पहुँच पुऱ्याउने र गरीव तथा असहाय (vulnerable) हरु आर्थिक संकट, सामाजिक समस्या र जलवायु परिवर्तनसँग जुध्ने क्षमता विकास गर्ने।
- सहकारीले : रोजगारी मार्फत आय आर्जन, आधारभूत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सफाईका सेवा मार्फत आफ्ना सदस्यहरुलाई यी सेवामा पहुँच बढाउँने,
- सामाजिक सुरक्षण (वीमा) का माध्यमबाट सबै सदस्यलाई सुरक्षा प्रदान गर्ने,

- सहकारी खेती एवं व्यवसाय प्रर्वद्धन गरी सवै सदस्यहरुलाई उत्पादन सँग जोड्ने र
- समाजप्रतिको चासो (उत्तरदायित्व) को रुपमा गरीव, असहाय र जोखिममा परेका परिवारहरुलाई सहयोग गरेर पनि दिगो विकासको पहिलो लक्ष्य कृषिलाई सघाउ पुऱ्याउने।

## दिगो विकास लक्ष्य प्राप्तीमा सहकारी क्षेत्रको भूमिकाः

- लक्ष्य २ : सन् २०३० सम्ममा भोकमरी तथा कुपोषण अन्तय गर्ने, सबैलाई खाद्य सुरक्षा प्रदान गर्ने (वाल वालिका, किशोर किशोरी, प्रजनन् अवस्थाका महिला तथा वृद वृद्धा लगायत), कृषि उत्पादकत्व १५ वर्षमा दोब्वर गर्ने र साना किसानहरुको आय वृद्धि गर्ने
- नेपालमा खाद्य सुरक्षाका लागि कृषि सहकारी, विक्रि वितरण सहकारी, प्रशोधन सहकारी, कृषि सामग्री आपुर्ति गर्ने सहकारी, कृषि ऋण प्रवाह गर्ने सहकारी र सहकारी सदस्यहरुको आय आर्जनमा सघाउ पुऱ्याउने सहकारीको भूमिका मार्फत खाद्यान्न किन्न सक्ने हैसियत वृद्धि गर्ने कार्यबाट दिगो विकासको लक्ष्य प्राप्तीमा सहयोग पुग्ने।
- सहकारी खेती, सामूहिक रुपमा लघु यान्त्रिकरण, उन्नत प्रविधिको प्रयोग र उत्पादनको सुरक्षित भण्डारन र प्रशोधन गर्ने कार्यबाट सहकारीले कृषि उत्पादकत्व बढाउन सघाउ पुऱ्याउन सक्ने।
- साना किसान विकास कार्यक्रमलाई कृषि सहकारी संस्था र साना किसान बैंक मार्फत अभियानको रुपमा अघि बढाउन सके साना किसानकै वाहुल्य भएको हाम्रो मुलुकमा समावेशी आर्थिक वृद्धि र कृषिको रुपान्तरण दुवै हासिल गर्न सक्ने।

## दिगो विकास लक्ष्य प्राप्तीमा सहकारी क्षेत्रको भूमिकाः

- लक्ष्य ३: सबैको स्वास्थ्य जीवन र चिरायुको लागि मातृ मृत्यूदर घटाउने नवजात शिशु र वाल मृत्युदर घटाउने, रोगको प्रकोप नियन्त्रण गर्ने, प्रजनन् स्वास्थ्यका लागि सर्वसुलभ रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउने, सुखि र स्वस्थ परिवारको परिवार कल्याण कार्यहरु गर्ने, सूर्ति तथा मदिराको व्यवस्थापन गर्ने र स्वास्थ्य वीमालाई सर्वसुलभ बनाउने।
- यद्यपी आधारभूत स्वास्थ्य सेवा राज्यको दायित्व भित्र पर्नु पर्छ र सरकारी वजेट मार्फत नै यस्तो सेवालाई वित्त व्यवस्थापन गर्नु पर्दछ तथापी सरकारी सेवालाई परिपुरक भूमिका मार्फत सहयोग पुऱ्याउने तर्फ सहकारीको महत्वपूर्ण भूमिका हुने।
- आफ्ना सदस्यहरको स्वास्थ्य सेवाको लागि क्लिनिक, संचालन गर्ने, सहकारी अस्पताल मार्फत सर्व सुलभ स्वास्थ्य सेवा प्रवाह गर्ने, स्वास्थ्य सुरक्षण (वीमा) मार्फत सहकारी सदस्यले रकमकै आभावमा आधारभूत स्वास्थ्य सेवा पाउनबाट वञ्चित हुन नपर्ने तर्फकाम गर्न सक्न।
- मानव जीवनलाई प्रतिकुल प्रभाव पर्ने उपभोग, जीवनशैली, आचरण र सामाजिक व्यवहारका विरुद्ध संगठित रुपमा सामाजिक जिम्मेवारी सहित स्वास्थ्य सेवा प्रदान गर्ने तर्फ सहकारी संस्थाले काम गर्न सक्ने।

## दिगो विकास लक्ष्य प्राप्तीमा सहकारी क्षेत्रको भूमिकाः

- लक्ष्य ४: समावेशी, समतामुलक एवं गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरु प्रदान गर्ने।
- २०३० सम्ममा सबै वालवालिकाले निःशुल्क समतायुक्त र गुणस्तरीय रुपमा प्राथमिक र माध्यमिक शिक्षा सुनिश्चित रुपमा प्राप्त गर्ने, पूर्व प्राथमिक शिक्षा सवै वालवालिकाहरुले प्राप्त गर्न पाउनु पर्ने, गुणस्तरयुक्त प्राविधिक तथा सीप विकास तालिमहरु सर्व सुलभ रुपमा प्राप्त गर्न पाउनु पर्ने, युवा रोजगारीका अवसर वढाएर उनीहरुको उत्पादन र उत्पादनको वृद्धि गर्ने, साक्षरता बढाउने र असल नागरिक शिक्षाका माध्यमबाट शान्ति, सुव्यवस्था र दिगो विकासमा सहयोगी नागरिकहरु तयार गर्ने।
- स्वास्थ्य सेवा जस्तै आधारभूत शिक्षा सेवा पनि सरकारकै दायित्व भित्र पर्दछ। तथापी पूर्व प्राथमिक शिक्षा, उच्च माध्यमिक पछिको शिक्षा, प्राविधिक एवम् व्यवसायीक शिक्षा र सीप विकासका कार्यक्रमहरु सहकारी क्षेत्रले प्रवाह गर्न सक्ने।
- संस्थागत सामाजिक दायित्व अर्न्तगत नागरीक चेतना अभिवृद्धि, युवा केन्द्रित रोजगारीका लागि सीप विकास कार्यक्रमहरु एवं उच्च शिक्षा हासिल गर्न वित्तीय सेवा पुऱ्याउने कार्यहरु सहकारी क्षेत्रबाट हुने।

## दिगो विकास लक्ष्य प्राप्तीमा सहकारी क्षेत्रको भूमिकाः

- लक्ष्य ५: लैङ्गिक समानता हासिल गर्ने र महिला सशक्तिकरण गर्ने, महिला विरुद्धका सव दभावहरुको अन्त्य गर्ने लैङ्गिक हिंसाको अन्त्य गर्ने, वालविवाह एवं महिला वेच विखनको अन्त्य गर्ने, राजनैतिक, व्यवसायिक र प्रजनन् स्वास्थ्य सम्वन्धी अधिकारहरु स्थापित गर्ने। सामाजिक जीवनमा महिलाहरुलाई नेतृत्वदायी भूमिकामा पुऱ्याउने र प्रजनन् स्वास्थ्य सम्वन्धी अधिकारहरु स्थापित गर्ने।
- सहकारी संस्थाहरुले महिला सहकारी संस्थाको विकास, सहकारी संस्थाहरुमा महिलाको उच्च सहभागिता, संस्थाको संचालक समितिमा उल्लेख्य महिला सदस्यको प्रावधान, महिला केन्द्रित व्यवसाय र आय आर्जन मार्फत महिला सशिक्तिकरण जस्ता माध्यमबाट यो लक्ष्य हासिल गर्नमा सघाउ पुऱ्याउन सक्ने।
- यस तर्फ हाल सम्मकै उपलब्धी महत्वपूर्ण देखिई सकेको भएपनि नेतृत्वतहमा वढी महिलाहरुको उपस्थिती हुनु पर्ने।

## दिगो विकास लक्ष्य प्राप्तीमा सहकारी क्षेत्रको भूमिकाः

- लक्ष्य ६: सबैका लागि सुरक्षित पानी र सफाई सुविधा सुनिश्चित गर्ने, यसका लागि सबैले समान ढंगले र दिगो प्रकारले पानी र सफाईको सुविधा पाउनु पर्ने, पानीको मुहान सुरक्षित राख्दै प्रदुषण हुन नदिने, सुरक्षित पानीको श्रोतको एकिकृत ढंगले विकास गर्ने र हिमाल, पहाड, जंगल, नदीनाला, ताल तलैया आदि संरक्षण गर्ने कार्यहरु अघि बढाउने।
- सहकारी संस्थाहरुले समाज प्रतिको उत्तरदायित्व, वातावरण प्रतिको उत्तरदायित्व र सदस्य हित अभिवृद्धि गर्न समेत खानेपानीको श्रोत

संरक्षण गर्ने, सामूदायिक रुपमा खानेपानी सुविधाको संरचना विस्तार गर्ने र फोहर व्यवस्थापन एवम् प्रसोधन कार्य मार्फत सफाइको क्षेत्रमा योगदान पुऱ्याउन सक्ने।

➤ फोहरबाट उर्जा, प्राङ्गारिक मल, पुर्न प्रयोग वा पुन उत्पादन र फोहरको उचित विसर्जन गर्ने तफ सहकारी संस्थाहरु लाग्न सक्ने।

## दिगो विकास लक्ष्य प्राप्तीमा सहकारी क्षेत्रको भूमिका:

- लक्ष्य ७: सवैलाई दिगो, सहज पहुँचमुक्त र आधुनिक उर्जाको सुविधा पुऱ्याउने, सन् २०३० सम्ममा सवैलाई नवीकरणीय उर्जाको पहुँच पुऱ्याउने, सम्पूर्ण उर्जा खपतमा नवीकरणीय उर्जाको अनुपात वढाउने र उर्जा कुशलता दोव्वर गर्ने।
- सहकारी संस्थाहरु जल विद्युत, सौय उर्जा, वायु उर्जा, जैविक उर्जा लगायतका आधुनिक उर्जा उत्पादनमा संस्थागत रुपले अघि वढ्न सक्ने।
- ठूला आयोजनाहरुबाट उत्पादित विद्युत वितरणमा समेत भूमिका निर्वाह गर्न सक्ने।
- ग्रिड प्रणाली नपुग्ने क्षेत्रमा वैकल्पिक उर्जा उत्पादन एवं वितरण र गार्हस्थ उर्जाको आपुर्ति गोबरग्याँसका माध्यमबाट गर्न सकिने स्थानहरुमा आफैं प्रर्वद्धक भएर तथा निजी क्षेत्रबाट हुने पहलमा वित्तीय स्रोत (ऋण) परिचालन गरेर पनि सहकारीहरुले यो लक्ष्य प्राप्तिमा काम गर्न सक्ने।
- नेपालमा हाल विद्युत उत्पादन र वितरणमा सहकारीहरु अघि बढिरहेको सन्दर्भमा अन्य उर्जा उत्पादन र वितरण समेत संगठित हुनुपर्ने।

## दिगो विकास लक्ष्य प्राप्तीमा सहकारी क्षेत्रको भूमिका:

- लक्ष्य ८: दिगो, समावेशी आर्थिक वृद्धि हासिल गर्ने उत्पादक रोजगारीका अवसरहरु प्रदान गर्ने र मर्यादित समावेशी आर्थिक वृद्धि भनेको उत्पादनको सबै प्रकृयामा सहभागिता, प्रतिफलमा न्यायिक हिस्सा र नीति कामको सुनिश्चितता गर्ने।
- समावेशी आर्थिक वृद्धि भनेको उत्पादनको सबै प्रकृयामा सहभागिता, प्रतिफलमा न्यायिक हिस्सा र नीति निर्णयमा सवैको भूमिकाको अवस्था, उत्पादक रोजगारी भनेको न्यायोचित ज्याला, पूँजीले श्रमको शोषण गर्न नपाउने अवस्था, मर्यादित काम भनेको जीवनलाई, स्वास्थ्यलाई, वातावरणलाई, समाजलाई प्रतिकुल असर नपर्ने र आत्मसम्मानका साथ आफुलाई रोजगारी वा स्वरोजगारीमा संलग्न गराउने कार्य।
- सहकारी संस्थाहरु सदस्यहरुको सकृय सहभागिता, निर्णय प्रकृयामा संलग्नता, नाफाको न्यायोचित वितरण र समाज एवं वातावरण प्रतिकुलका आर्थिक कृयाकलाप नगर्ने गरी संचालन गर्नु पर्ने भएकोले पनि यो लक्ष्य प्राप्तिमा सहकारीको उल्लेख्य भूमिका रहने।
- कृषि एवं पशुपक्षि सहकारी, पर्यटन सहकारी, शिक्षा एवं स्वास्थ्य सहकारी, कृषि प्रशोधन सहकारी, थोक एवं खुद्रा व्यापार सहकारी र वचत तथा ऋण सहकारीका माध्यमबाट यो लक्ष्य प्राप्तिमा सहकारी क्षेत्रले योगदान पुऱ्याउन सक्ने।

## दिगो विकास लक्ष्य प्राप्तीमा सहकारी क्षेत्रको भूमिका:

- लक्ष्य ९: टिकाउ पूर्वाधारको विकास, समावेशी औद्योगिकिकरण र अन्वेषणको प्रवर्द्धन गर्ने, साना, मझौला उद्योगहरुको विकास, प्रविधिको उच्च उपयोग र लघु कर्जाको माध्यमबाट साना व्यवसायहरुको प्रवर्द्धन गर्ने र अल्पविकसित मुलुकहरुमा औद्योगिक श्रमिकको अनुपात हालको अवस्थाबाट सन् २०३० सम्ममा दोव्वर गर्ने।
- ठूला पूर्वाधारमा सहकारी क्षेत्रको भूमिका सीमित रहने देखिएता पनि साना, मझौला उद्योग व्यवसायहरु सहकारी संरचना वा प्रणाली अन्तर्गत पनि संचालन गर्न सकिने।
- त्यस्तै बैंकिङ्ग प्रणाली अन्तर्गतको लघुवित्त सेवाले नसमेटेको वा ठूलो बैंकिङ्ग कारोवारका लागि योग्य नदेखिएका धेरै ठूलो संख्यामा रहेका व्यवसायीहरुका लागि सहकारी संस्था वित्तीय श्रोतको आधार वन्न सक्ने छन्। नेपालमा यसको सफल प्रयोग पनि भैरहेकै।
- त्यसैले सहकारी संस्थाहरु औद्योगिक क्षेत्रमा साना व्यवसायहरुवाट प्रवेश गर्दै क्षमता र व्यवसायिक कुशलताको अनुभववाट क्रमशः ठूला औद्योगिक प्रतिष्ठान संचालन गर्न सक्ने तहमा पुग्न सक्ने र यसबाट औद्योगिकिकरणमा सहयोग पुग्ने।

## दिगो विकास लक्ष्य प्राप्तीमा सहकारी क्षेत्रको भूमिका:

- लक्ष्य १० : राष्ट्र राष्ट्रहरु विच र मुलुक भित्र परिवारहरु विच असमानता घटाउने, आय श्रृंखलामा सवैभन्दा तल्लो आयस्तर हुने ४०% जनताको आयवृद्धि मुलुकको औसत प्रतिव्यक्ति आयवृद्धि भन्दा उच्च रहनु पर्ने, सबै उमेर, लिङ्ग, शारीरिक अवस्था, जाति, समुदाय, धर्म र आर्थिक स्तरका व्यक्तिहरु समान अवसर र आर्थिक वृद्धिको लाममा सहभागिता जनाउनु पर्ने, आर्थिक नीतिहरु श्रमबजार नीतिहरु र सामाजिक संरक्षण नीतिहरु असमानता घटाउने गरी तर्जुमा गर्नु पर्ने, आप्रवासन नीति र नियमन विभेदकारी हुन नहुने।
- सहकारी संस्थाहरुले आफ्नो अर्न्तराष्ट्रिय मंच मार्फत मुलुकहरुविच वढ्दो असमानताको आवाज उठाउन सक्ने।
- समान मताधिकार र लाभमा समन्यायिक सहभागिता हुने सहकारी प्रणालीले नीति-निर्णयमा सवैको सहभागिता जुटाउने र व्यवसायिक लाभको वितरण पनि समन्यायिक ढंगले गर्दा अवसर र उत्पादनका लाभको वितरण पनि समन्यायिक ढंगले गर्दा अवसर र उत्पादनको लाभको वितरणमा असमानता स्वतः घट्दै जाने।

## दिगो विकास लक्ष्य प्राप्तीमा सहकारी क्षेत्रको भूमिका:

- लक्ष्य ११: शहर र वस्तीहरु समावेशी, सुरक्षित, थेग्न सक्ने (resilient) र दिगो वनाउने, यसका लागि सवैलाई आवास र आधारभुत सुविधाहरु प्रदान गर्ने, सुरक्षित एवम् आयले धान्न सक्ने (affordable) यातायात सेवाको व्यवस्था गर्ने, शहरीकरणलाई व्यवस्थित गर्ने र शहरी वातावरण स्वच्छ राख्ने।

- नेपालमा आवास क्षेत्रमा सहकारीको भूमिका अघि बढेको छैन, व्यवस्थित वस्ति विकास गरी आवश्यक सेवा सहितको वसोवास प्रबन्धमा सहकारी पछि परेका छन्, शहरी क्षेत्रमा आवासको व्यवस्थागर्न अघि बढेका केही सहकारीहरु विवादमा परेका छन्, शहरी यातायातमा सीमित रुपमा मात्र काठमाडौं केन्द्रित यातायात सेवा पुनः शुरु भएको।
- सरकार आफैंले यातायात चलाउन वा घर जग्गा विकास गर्नु पनि आवश्यक छैन, उपयुक्त नीतिगत व्यवस्था गरेर यसमा सहकारीलाई अघि बढाउनु जरुरी।
- सहकारी आवास नीतिलाई सरकारले स्वीकृत गरी कार्यान्यनमा ल्याउने र सहकारी क्षेत्र पनि कृषि र वित्त संगै आवास एवं यातायात क्षेत्रमा उल्लेख्य रुपमा भूमिका निर्वाह गर्न तयार रहनु पर्ने।
- शहरी फोहर संकलन र व्यवस्थापनमा समेत लाभको आधारमा नै सहकारीहरु अघि बढ्न सक्ने।

### दिगो विकास लक्ष्य प्राप्तीमा सहकारी क्षेत्रको भूमिकाः

- लक्ष्य १२ः सम्पूर्ण उपभोग र उत्पादन प्रणालीलाई दिगो वनाउने, खासगी प्राकृतिक साधन स्रोतको व्यवस्थित दोहन गर्ने, खाद्यान्न नोक्सानी (बाली उठाउँदा देखि उपभोगको तहसम्म) अहिलेकोबाट आधा घटाउने, रासायनिक वतुहरुको उपभोग घटाउने, एक पटक प्रयोग भएका वस्तुहरु संभव भएसम्म रिसाइक्लिङ्ग गर्ने, पुनः उपयोग हुने तुल्याउने, खेर जान नदिई उपयोगमा ल्याउने र खेरजानबाट नै बचाउने र प्रकृति सम्मत उत्पादन र उपभोगलाई प्रोत्साहित गर्ने।
- यो दिगो विकास लक्ष्यको सवै भन्दा चुनौतीपूर्ण पाटो, कृषि, उद्योग, व्यवसाय, स्रोत संरक्षण आदिमा नयाँ पद्धतीको विकाससंगै उपभोक्ताहरुलाई प्रकृति, वातावरण र समाज प्रति जिम्मेवार वनाउने विषय।
- यस लक्ष्यले विश्वमा सामाजिक र वातावरणीय उत्तरदायित्व सहितको उत्पादन र उपभोग प्रणालील आगामी पुस्ताहरुलाई अझ स्वच्छ, अझ स्वस्थ र अझ समृद्ध रुपमा विकास गर्नका लागि अवसर कायमै राखोस् भन्ने अपेक्षा गरेको छ। सामाजिक र वातावरणीय जिम्मेवारी सहितको आर्थिक व्यवसाय गर्ने कि त सरकार हो कि सहकारी।
- सहकारीले शेयरधनिका हितमा नै कार्य गर्ने हो तर निश्चित सामाजिक जिम्मेवारी सहित, सहकारीहरु साँच्चै सामाजिक र वातावरणीय जिम्मेवारी साथ व्यवसायहरु संचालन गर्दछन् भन्ने देखाउने।

### दिगो विकास लक्ष्य प्राप्तीमा सहकारी क्षेत्रको भूमिकाः

- लक्ष्य १३ः जलवायु परिवर्तनलाई न्यूनिकरण गर्ने र अनुकुल क्षमता बढाउने, यसले विश्वमा बढ्दो तापक्रमका कारणले सिर्जना हुन थालेका प्रकोपहरु, विनासहरु र जैविक विविधताका ह्रासहरु कमगर्न, हरित ग्यास उत्सर्जन घटाउने देखि जलवायु परिवर्तन अनुकुल जीवन पद्धति समायोजन गर्न सक्ने क्षमता वढाउने र यसका लागि सचेतना फैलाउने, अनुकुलनका कार्यक्रमहरु अघि बढाउने र जलवाय अनुकुलनलाई योजना र विकास कार्यक्रमको अभिन्न अंग वनाउने।
- सहकारी क्षेत्र विश्व मै र नेपालमा पनि हरित ग्याँस उत्सर्जनो मुख्य कारक होइन, जलवायु परिवर्तन गर्न नै सक्ने प्रकारका औद्योगिक गतिविधि गरेको छैन, तर निजी क्षेत्रका क्रियाकलाप र सरकारका समेत उदासिनताका कारण विश्वव्यापि रुपमा जलवायु परिवर्तन भइरहेको।
- सहकारीले जैविक विधिको कृषि प्रणाली, नविकरणीय उर्जाको उत्पादन र वितरण, हरित वन, फलफूल र सेवा व्यवसाय (जस्तो ग्रामीण पर्यटन, कृषि पर्यटन, पुन प्रशोधन आदि) सहकारी सदस्यहरुलाइ जलवायु परिवर्तनको सूचना, जानकारी र अनुकुलन गर्नु पर्ने कार्य बारे क्षमता विकास, जलवायु परिवर्तनलाई थेग्न सक्ने स्मार्ट समुदायहरुको विकास जस्ता कार्यबाट जलवायु परिवर्तन सम्वन्धी लक्ष्य प्राप्तिमा सघाउ पुऱ्याउन सक्ने।

### दिगो विकास लक्ष्य प्राप्तीमा सहकारी क्षेत्रको भूमिकाः

- लक्ष्य १४ः यो लक्ष्य समुद्री जीवन, समुद्री स्रोत र त्यसको व्यवस्थापन संग सम्वन्धित भएकोले नेपालमा सहकारी क्षेत्रको यो लक्ष्य प्राप्तिमा सोझो योगदान हुने अवस्था छैन।
- लक्ष्य १५ः भूतलीय पर्यावरण, जंगल, जमीन र जैविक विविधताको संरक्षण, जमीनको क्षयिकरण नियन्त्रण, मरुभूमिकरण विरुद्धका कार्यहरु, स्वच्छ पानीको स्रोत संरक्षण, सन् २०२० भित्र वनको उचित व्यवस्थापन, वन विनास नियन्त्रण, वृक्षारोपणमा विस्तार, हिमाली स्रोत पर्यावरणको संरक्षण, वन्य जन्तु संरक्षण र यी सेवामा स्थानीयहरुको लाभको न्योचित व्यवस्थापन।
- नेपालमा वनले ढाकेको क्षेत्रफल धेरै समयपछि वढ्ने क्रम शुरु भएको, सामुदायिक वनहरु यसमा योगदान पुऱ्याउन सफल, वन उपभोक्ता समितिहरु विस्तार, वन स्रोत परिचालन सहकारीहरुको रुपमा रुपान्तरण भएमा वन पैदावारको विकास, प्रशोधन, बजारीकरण र लाभको न्यायोचित वितरण कार्यले संस्थागत स्वरुप लिन सक्ने।
- गैर काष्ठ वन उत्पादन (फलफूल, जडिवुटी, घाास, औद्योगिक कच्चा पदार्थ आदि) संग सम्वन्धित सहकारीहरुको विस्तार गर्न सक्दा स्थानीय तहमा रोजगारी र आय आर्जनमा वृद्धि हुने, हरित क्षेत्रको विस्तार हादै जाने र त्यसबाट समुचित लाभ सवैलाई प्राप्त हुने सम्भावना छ। यस अतिरिक्त सहकारीहरुले आफ्ना व्यवसाय संचालन गर्दा वन, जमीन र वातावरण विनास नहुने गरी कार्यान्वयन गरेमा पनि अप्रत्यक्ष रुपमा या लक्ष्यलाई सहयोग पुग्ने।

### दिगो विकास लक्ष्य प्राप्तीमा सहकारी क्षेत्रको भूमिकाः

- लक्ष्य १६ः शान्तिपूर्ण समाज, न्यायमा सवैको पहुँच र समावेशी संस्थाहरको विकास मार्फत दिगो विकास गर्ने, सवै प्रकारका हिंसाको अन्त्य गर्ने अवैध हतियार, लागु पदार्थ, मानव ओसार पसार रोक्ने भ्रष्टाचार र घुसखोरीको अन्त्य गर्ने निर्णय प्रकृयामा समावेशीता,

पारदर्शिता र जवाफदेहीता सुनिश्चित गर्ने।

- उत्पादनका साधन स्रोतमा सबैको पहुँच हुने लाभको समन्यायिक वितरण हुने र निर्णय प्रकृयामा सहभागिता सुनिश्चित हुने कुराले गर्दा सहकारी संस्थाहरु यो लक्ष्य प्राप्तिमा महत्वपूर्ण हुने।
- सामाजिक न्याय नै सहकारकि‍ो व्यवसायीक सिद्धान्त भएको र आफ्ना सदस्यहरु मार्फत समाजप्रति पनि सहकारी जवाफदेही हुने हुनाले सुशासन अभिवृद्धिमा सहकारीको भूमिका उल्लेख्य रहने।
- तर कम्पनी व्यवस्थापनको शैलीमा सहकारी संस्था संचालन गर्ने, सदस्यहरुको वर्गिकरण गरी खास समूहलाई मात्र निर्णय प्रकृयामा समावेश गराउने र स्वनियमनमा नवसी कानूनको दायरा समेत उलंघन गरी व्यवसाय गर्ने हो भने सहकारी प्रणालीले यो लक्ष्यमा पुग्न नसक्ने।
- सुशासन र सामाजिक द्वन्द बढाउने नभई सामाजिक एकता कायम गर्ने कार्यहरु अघि बढाई सहकारी क्षेत्र यस लक्ष्यलाई प्राप्त गर्न सहयोगी हुनु पर्ने।

## दिगो विकास लक्ष्य प्राप्तीमा सहकारी क्षेत्रको भूमिकाः

- लक्ष्य १७ः अन्तर्राष्ट्रिय साझेदारीका मान्यताबाट समेत दिगो विकास लक्ष्य कार्यान्वयनको क्षमता बढाउने, आन्तरिक साधन स्रोतको परिचालन बढाउने, वैदेशिक सहायता, प्रतिवद्धता अनुरुप नै प्रवाह हुनु पर्ने, लगानी प्रवर्द्धनको वातवरण वनाउने। प्रविधि हस्तातरण गर्ने, व्यापार सहजिकरण गर्ने, आर्थिक नीतिहरुमा सुधार गर्ने र यी सवै कार्यको गतिलो अनुगमन गर्न तथ्याङ्क प्रणालीको विकास गर्ने।
- अन्तराष्ट्रिय सहयोग, नीति निर्माण एवं प्रविधि हस्तान्तरणका विषयहरु सहकारीको अन्तर्राष्ट्रिय संस्था– आइसिए ले विश्व मञ्चमा उठाउने।
- विकशित र उदयीमान मुलुकका सहकारहिरुले विकाशोन्मुख र नेपाल जस्ता अल्पविकसित मुलुकका लागि सहकारी क्षेत्रका ज्ञान, प्रविधि, शीप, अनुभव, र उत्तम अभ्यासहरु हस्तान्तरण गर्ने।
- राष्ट्रिय स्तरका सहकारी संघ एवं राष्ट्रिय सहकारी महासंघले मुलुक भित्र र वाहिर सहकारीतामा आधारित विकासको मार्ग चित्रको प्रर्वद्धन गर्ने।
- दातृ निकायहरुले पनि सहकारी क्षेत्र विकासको साझेदार हो भनि सहकारीका कार्यक्रमहरुमा सहभागी हुँद स्थानीय साधन स्रोतको अधिकतम् परिचालन गरी गरीवी शून्य गर्ने देखि महिला सशक्तिकरण र न्यायपूण समाज स्थापनामा योगदान दिनु पर्ने।

## आगामी कार्य दिशाः

- अबको १५ वर्ष राष्ट्रिय योजना तथा विकास कार्यक्रम, अर्न्तराष्ट्रिय सहयोग र प्रविधि हस्तान्तरण, विकाशोन्मुख राष्ट्रहरु विचको सम्वन्ध सरकार र निजी क्षेत्र, सरकार र सहकारी क्षेत्र तथा निजी क्षेत्र र सहकारी क्षेत्र विचको विकास साझेदारी पनि दिगो विकास लक्ष्यकै खाकामा चल्न पर्ने।
- सहकारी क्षेत्रले दिगो विकासमा सहकारीका योगदानका क्षेत्रहरु वा कार्यहरु सुक्ष्म रुपमा निक्र्यौल गर्ने र ती कार्यहरु संस्थाका विकास योजना र वार्षिक विकास योजना र वार्षिक विकास कार्यक्रमहरुमा सहकारीको भूमिका अन्तर्गत स्पष्ट उल्लेखित हुनु पर्ने।
- सहकारी क्षेत्रले आफ्नो स्रोत साधन परिचालन र केही हदसम्म वजेट सहयोग मार्फत सामाजिक न्याय र वातावरण संरक्षण कायम गर्दै सहकारी व्यवसायको प्रवर्द्धन मार्फत दिगो विकास गर्ने आफ्नै रणनीति पत्र र कार्यान्वयन योजना तयार गर्नु पर्ने।
- सहकारी संस्थाहरु निजी क्षेत्र भन्दा भिन्न प्रकारले व्यवसाय गर्दछन् र उनीहरुले त्यस वापत राज्यबाट संरक्षण, सहुलियत वा सहयोग पाउनु पर्छ भन्ने दावी गर्न सुहाउने ढाँचामा सहकारी व्यवसाय अघि बढाउनु पर्ने।

## आगामी कार्य दिशाः

- दिगो विकास लक्ष्य कार्यान्यनमा सहयोग पुर्‍याउने अर्न्तराष्ट्रिय दातृ निकाय, संयुक्त राष्ट्र संघ, क्षेत्रिय सहयोग संगठन (जस्तो सार्क वा विमिष्टेक) अर्न्तराष्ट्रिय गैह्र सरकारी स.स्थाहरु र क्षेत्रीय विकास वैठकहरु (जस्तो एडिवि वा एआइआइवि) समेतले आफ्नो दिगो विकास लक्ष्यको कार्यान्वयन साझेदारका रुपमा सहकारीलाई मान्यता दिने र रणनैतिक साझेदारको रुपमा नै ग्रहण गर्नु पर्ने,
- यसमा सहकारीका शीर्ष राष्ट्रिय, क्षेत्रीय र अर्न्तराष्ट्रिय संस्थाहरुको वकालत, दवाव र सहकार्यका लागि आव्हान गर्ने भूमिका अझ सशक्त वनाउनु पर्ने।
- दातृ निकायहरुको सहयोगको आवधिक रणनीति, खाका वा सम्झौताका दस्तावेजहरुमा सहकारी क्षेत्रसंग गरिने सहकार्यहरु स्पष्ट रुपमा उल्लेख गराउने, सहायता स्वीकार गर्ने निकायले सहकारीको भूमिका सुनिश्चित गरेर मात्र त्यसलाई अंगिकार गर्ने र दातृ निकायले पनि गैह्र सरकारी संस्था प्रतिको अधिक विश्वासलाई सुधार गर्दै समाजका लागि सहकारी झनै जवाफदेही संस्था हुन भन्ने स्वीकार गर्नु जरुरी, यो विश्वास बढाउने गरी सहकारी क्षेत्रले व्यवसायिक गतिविधि अघि बढाउनु आवश्यक।
- दिगो विकास लक्ष्यका गन्तव्य तथा सूचकहरुमा सहकारीको निश्चित भूमिका नराखिएकोले अव सहकारी क्षेत्रले नै आफ्नो भूमिकाको खोजी गर्ने र अर्न्तराष्ट्रिय समुदायले स्वीकार गर्नु पर्ने।

# स्थापना देखि रजत महोत्सव सम्मको यात्रामा सहकारी ऋण कोष



■ होमनाथ शर्मा चौलागाईं
(संस्थापक अध्यक्ष)

विश्वमा बचत तथा ऋण सहकारीता को अवधारणा र प्रादुभ वि. सं. १८४४ मा वेलायतको मेनचेष्टर शहरमा रोज्डेल पायोनियरहरूको पहलमा गठन भएको र त्यसको विश्वव्यापी विस्तार हुँदै सं. १९९५ मा अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) को स्थापना भएर सहकारीका निमित्त निर्दिष्ट मूल्य र सिद्वान्तहरू निर्माण गर्दै सहकारी अभियानलाई व्यवस्थित रूपले संचालन गर्दै अगाडि बढाउने परिपाठीको सुरूवात भएको पाइन्छ। नेपालमा पनि २०१० सालमा सहकारी विभागको स्थापना गरिएको र २०१३ साल चैत्र २० गते चितवन जिल्लाको वखानपुरमा वखान ऋण सहकारीको नामबाट एउटा बचत सहकारी संस्थाको स्थापना भई संचालनमा आएकोले जनस्तरबाट स्थापना र संचालन भएको नेपालको पहिलो सहकारी भनेर हामीले थाहा पाउँदै आएका हौं । विश्व सहकारी इतिहासमा वेलायतको रूज्वेल्ट सहकारीको स्थापनाबाट सुरू भएर विश्वका सय भन्दा वढि देशहरूमा विस्तार भइ सक्दा पनि नेपालमा औपचारिक रूपमा प्रवेस र संचालन हुन नसकि रहेको परिपेक्षमा केहि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले आ-आफ्ना कार्यक्रम अन्तर्गत अनौपचारिक रूपमा बचत समूहहरू गठन गरी निम्न आय भएका र गरीविका रेखामुनिका जनतालाई लक्षित गरी आय आर्जनका निमित्त प्रयोगमा ल्याउने गरेको तथ्य संग हामी जानकार छौं।

२०४५ साल सम्म पनि नेपालको त्यस वेलाको राजनैतिक व्यवस्थाले जनता जनता बिचमा एक आपसमा संगठित भएर काम गर्न सक्ने खुल्ला वातवरण नभएकोले पनि जनताका आर्थिक र सामाजिक कृयाकलापहरू स्वस्फूर्त रूपमा अगाडि बढ्न सक्ने अवस्था धेरै कमजोर थियो । नेपालको सन्दर्भमा २०१३ देखि २०४८ सम्मको अन्तरालमा सहकारी र साझाका नामबाट विभाग तथा कार्यालयहरू खुल्ने र केहि स्थानमा सरकारद्वारा प्रवर्दित नियन्त्रित सहकारीहरू खोलि तिनै सहकारी मार्फत जनतालाई केहि सेवाहरू दिन खोजिइएको पाइन्छ । तत्कालिन नेपालको वातावरणमा विश्व परिवेसमा मौलाउँदै आएको बचत तथा ऋण सहकारी अभियानले स्वस्फूर्त रूपमा बाटो तय गर्न नसकिरहेकोले जनतालाई आर्थिक गतिविधिमा प्रतक्ष संलग्न गराउँदै गरिवी निवरणको यो महान अभियानमा नेपाललाई कसरी सामेल गराउन सकिन्छ त भन्ने सन्दर्भमा यो अभियान सँग सम्बन्धित अन्तर्राष्ट्रिय गैर सरकारी संघ तथा संगठनहरू २०४५ सालको सुरूवात तिर तत्कालिन राजनितिक व्यवस्था संग प्रतक्ष सम्बन्ध राख्ने निकाय र व्यक्तिको खोजि गर्ने क्रममा २०४५ सालमा तत्कालिन सरकारको नियन्त्रणमा संचालित साझा केन्द्र र सरकारद्वारा नियुक्त व्यक्तिको खोजि गर्ने सिसिलामा  तत्कालिन साझा केन्द्रका अध्यक्ष स्व.श्री भोजराज धिमिरेको सम्पर्कमा आएको पाइन्छ। तत्कालिन अवस्थामा भोजराज घिमिरेको नेतृत्वमा अन्तर्राष्ट्रिय रूपमा गरिवी निवारणको अभियानको औजारको रूपमा सफल प्रयोग हुँदै आएको बचत तथा ऋण सहकारी अभियानलाई नेपालमा पनि सहजरूपमा संचालन गर्न सकिने ठम्याइका साथ एसियाली ऋण महासंघ तथा विश्व ऋण परिषदका अभियान्ताहरूले स्व. श्री भोजराज घिमिरेको सम्पर्कमा आएको र नेपालमा एउटा केन्द्रीय स्तरको बचत तथा ऋण संघ स्थपना गर्न पूर्वाधार अर्थात प्रारम्भिक समूह वा संस्थाहरू गठन गरी तत्काल एउटा केन्द्रीय संगको स्थापनार्थ कार्य भएको थियो । त्यसै सुरूवाती अभियानको सिलसिलामा भोजराज धिमिरेको संयोजनमा भएको प्रथम भेला देखिनै यस लेखकको संलग्नता रहेको र त्यस भेलाले सुरूमा तत्कालिन साझा केन्द्र, साझा यातायात, साझा प्रकाशन, साझा भण्डार, साझा स्वास्थ सेवा लगायतका संस्थाहरूमा कार्यरत अगुवा कर्मचारीको भेलाले आ-आफ्ना संस्था भित्रका कर्मचारीहरूको बिचमा प्रारम्भिक समूह वा संस्था गठन गरी संचालन गर्ने र तिनै समूहहरू र यस्तै प्रकृतिका अन्य समूहरूको गठन र संलग्नतामा यि समूहको छाता समूहको रूपमा एउटा राष्ट्रिय स्तरको बचत समूह गठन गर्ने निर्णय भयो र २०४५ साल श्रावण ३२ का दिन स्व.श्री भोजराज घिमिरेज्यूको नेतृत्वमा एउटा तदर्थ समिति गठन गर्ने निर्णय भएको थियो र त्यस तदर्थ समितिमा यो लेखको लेखक पनि सामेल भएको थियो।

त्यहि निर्णयको आधारशिला तयार गर्ने क्रममा यस लेखको लेखकले आफु कार्यरत रहेको संस्था साझा यातायात पुल्चोकमा कार्यरत कर्मचारी साथीहरूको बिचमा ४४ सदस्यीय एउटा कर्मचारी बचत कोषको नामाकरणबाट गठन गरीएको थियो । गठन पश्चात हामी सदस्यहरूले प्रत्येक महिनामा मासिक नियमित बचत जम्मा गर्दै जाने र संस्थाले निर्माण गरेको नीति नियमको अधिनस्त रही आवश्यकताको आधारमा ऋण दिने लिने काम गर्दै अनौपचारिक रूपमा संचालन हुँदै रह्यो । २०४६ सालको राजनितिक परिवर्तन २०४८ सालको आम निर्वाचन पछि २०४५ सालदेखि स्थापना भई अनौपचारिक रूपमा संचालनमा रहेका बचत तथा ऋण संस्थाहरू र स्वयम नेफ्सकून पनि यो प्रकृतीका संघ सस्थाहरूको दर्ता र संचालन सम्बन्धमा स्पस्ट कानूनी व्यवस्थाको अभावमा कून ऐन अन्तर्गत दर्ता गरी संचालन गर्ने भन्ने विषयमा धेरै औपचारिक अनौपचारिक छलफलहरू भएका थिए। यसरी देशव्यपी रूपमा स्थापना र विस्तार हुन सक्ने सम्भावना रहेका बचत तथा ऋण संस्थाहरूको दर्ता र संचालन व्यवस्थापनको लागि कानूनको आवश्यकता रहेको कुरा सहकारी विभागदेखि व्यवस्थापिका संसदसम्म पुग्यो । यसै विचमा पञ्चायत कालिन साझा ऐन २०४१ को प्रतिष्ठापन गरी सहकारी ऐन २०४८ को आगमन हुँदै गर्दा बचत तथा ऋणको कारोवार गर्ने संस्था र तिनिहरूका छाता संगठनहरूको दार्त र संचालन व्यवस्थापनको लागि दफा २६ को (क) र (ख) मार्फत व्यवस्था भएर आएकोले सवै बचत तथा ऋण सहकारी संघ र संस्थाहरू सोहि व्यवस्था अन्तर्गत दर्ता र संचालन गर्ने निर्णय अनुरूप तत्कालिन सवै सहकारी संघ संस्थाहरू सहकारी विभागमा दर्ता गरी संचलन गर्ने कामको थालनी भएको थियो।

त्यसै क्रममा सहकारी ऋण कोष लि. पनि २०४९ साल भाद्र ७ गतेका दिन सहकारी विभाग मान भवनमा ललितपुरमा विधिवत दर्ता भएको हो। यो संस्था तत्कालिन अवस्थामा बचत तथा ऋणको कारोवार गर्ने एकल उद्देश्यका साथ सहकारी विभागमा सर्व प्रथम दर्ता हुने आधा दर्जन बचत तथा ऋण सहकारी संस्थाहरू मध्येको एउटा संस्थाको गणना भित्र पर्दछ। हाल यस किसिमका एकल उद्देश्यीय संस्थाहरूको संख्या ३० हजार नागि सकेको अवस्थामा यस संस्थाको स्थपनाकाललाई पछाडि फर्केर हेर्दा एक जना संस्थापकको नाताले गौरवको अनुभुति

पनि भै रहेकोछ । तत्कालिन समयमा यो संस्था समकालिन अन्य बचत तथा ऋण सहकारी संस्थामा अब्बल मध्यमा पर्दथ्यो भन्न मलाई आजको दिनमा पनि द्विविधा छैन। संस्थाले २०५१/०५२ देखि २०५४/०५५ सम्म गरी तिन वटा स्मारिका पनि प्रकाशित गरेको थियो।

म यस सहकारी ऋण कोषको संस्थापक अध्यक्ष भएका नाताले संस्थाले सहकारी विभागमा विधिवत दर्ता र संचालनमा आएको २५ वर्ष पुरा गरी सकेको समयावधिलाई मुल आधार मानि रजत महोत्सव मनाउन लागिरहेको अवसरमा संस्थाको तर्फबाट प्रकाशन हुन गइरहेको रजत महोत्सव स्मारिकामा प्रकाशनार्थ हाल यो संस्था संचलनको नेतृत्वमा रहनु भएका पदाधिकारी मित्रहरूले मलाई संस्थाको तत्कालिन अवस्थाका केही स्मरण योग्य तथ्यहरूको विषय प्रसंगहरू खुल्ने गरी आफ्नो स्मरणमा रहेका र विषय वस्तु समेटिने गरी आफ्नो प्रस्तुती उपलब्ध गराई दिन अनुरोध गर्नु भएकोले तत्कालिन परिवेसको जगमा उभिएर यो स्मरण लेख प्रस्तुत गरेको छु।

माथि उल्लेखित विषय प्रसंगको अतिरिक्त संस्थको इतिहास समेटिने केहि तथ्यहरू बुँदागत रूपमा खुलाउन उपयुक्त ठान्दछु।

१. यो संस्था स्थापना भए देखि नै नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.को सदस्य र संस्थापक सदस्य संस्था हो।

२. यो संस्था ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को संस्थापक सदस्य संस्था पनि हो।

३. तत्कालिन अवस्थामा संस्थागत संगठितमा कार्यरत कर्मचारीहरू (Employee's Saving & Credit Society) बाट संचालित बचत तथा ऋण सहकारीहरूमा सहकारी ऋण कोष उत्कृष्ट संस्था मध्येमा पर्ने भएकोले २०४९ साल श्रावण महिनामा नेपालमा बचत तथा ऋण सहकारी अभियानको प्रवर्द्धन र विकास बारे प्रतक्ष साक्षातकार भ्रमणमा आउनु भएका तात्कालिन विश्व ऋण परिषद (World Council of Credit Union) का प्रथम उपाध्यक्ष र त्यस पछि विश्व ऋण परिषद्को अध्यक्ष हुनु भएका श्री अगस्टाइन गुस मुर्रे (Augustine Gus Murray) ले यस संस्थाको निरिक्षण भ्रमण गर्नु भएको थियो।

४. यस संस्थाको तर्फबाट प्रतिनिधित्व गर्दै संस्थाका तत्कालिन अध्यक्षले नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्सकून) को संचालक समितिको तर्फबाट २०४५ सालको भाद्र महिनामा नेपालको बचत तथा ऋण सहकारीको तर्फबाट सं. १९८८ को अगस्त महिनाको तेश्रो हप्ता देखि एक हप्ताको लागि भारतको नयाँ दिल्लीमा आयोजना भएको बचत तथा ऋण संघ संस्थाहरूको दक्षिण एसियायी ऋण महासंघ (Asian Confideration of Credit Unions /ACCU) को आयोजनामा South Asian Credit Union Planning Workshop मा भाग लिएर नेपालको बचत तथा ऋण अभियानको समस्त गतिविधिको प्रस्तुतिकरण र नेपालको भावी योजना पेश गरिएको थियो र छलफल पछि पारित दक्षिण एसियाली बचत तथा ऋण अभियानको योजना नेफ्सकून संचालक समितिमा प्रस्तुत गरेको थियो। त्यस योजना कार्यशालाबाट पारित विषयहरूको संछिप्त फेरिस्ताको प्रस्तुतीकरण माथि छलफल पश्चात नेपालको संदर्भमा उपयुक्त कार्यक्रमहरूको अनुसण गर्दै नेपालको बतच तथा ऋण केन्द्रीय सहकारी संघ लि. ले नेपालको बचत तथा ऋण सहकारी अभियानलाई अगाडि वढाउने निर्णय एवं सो अनुरुप काम पनि भएको थियो। नेफ्सनून को स्थापना कालदेखि यस संस्थाको तर्फबाट प्रतिनिधित्व गर्दै लगातार बाह्र वर्ष भन्दा वढि समय नेफ्सकून संचलक समितिको संचलक र कोषाध्यक्षको हैसियत प्रप्त गरेको थियो।

५. यो सहकारी संस्था सुरूमा एउटा यातायात व्यवसाय संचालन गर्ने संस्था साझा यातायातमा काम गर्ने कर्मचारीहरूको संलग्नताबाट संचाललित संस्था हो। यस संस्थाका सदस्यहरू रोजगारीमा आश्रित भएको र उक्त रोजगारदाता संस्थामा २०५८ साल अगाडि देखि चरम आर्थिक संकट आएकोले नियमित रूपमा पारिश्रमिक प्राप्त हुन नसम्नु र अन्तत्वगत्व अधिकंश कर्मचारीहरू बलपूर्वक सामुहिक अवकाशमा परि मासिक नियमित आयबाट विमुख हुनुपरेको र संस्थाको कार्य क्षेत्र छोडेर अनेत्र बसोसि गर्न बाध्य हुनुपरेको अवस्था लगायतका प्राविधिक कारणले गर्दा संस्थापक र साविक सदस्यहरूले संस्थाको सदस्यतामा निरन्तरता दिन नसक्ने अवस्था सिर्जना भएकोले क्रमस संस्थाको कार्य क्षेत्र भित्रको समुदायमा बसोबास गर्ने सदस्यहरूको प्रवेस हुन थाल्यो र अन्तत्वगत्व हाल यो संस्था पूर्णतया समुदायमा आधारित संस्थामा परिणत भएको छ। आज यस संस्थाले मजबुत आर्थिक र सामाजिक स्तम्ब धारण गरिसकेको छ। संस्थाको स्वमित्वमा घर जग्गा र प्रयाप्त मात्रमा पूँजीको संरचना लगायत शेयर तथा पूँजीगत जगेडा कोषहरू र ......... वढि सक्रिय रूपमा संस्था संग कारोवार गर्ने महिला तथा पुरुष सदस्यहरू यस संस्थाका मेरूदण्डको रूपमा रहेका छन। यस मानेमा एउटा संस्थापकको नाताले धेरै खुसी लागेको छ।

अन्तमा यो संस्थाको रजत महोत्सवले पूर्ण सफलता प्राप्त गर्दै युगौं युग सम्म आफ्नो उद्देश्य अनुरूप नेपालको बचत तथा ऋण सहकारी अभियानको स्तम्बको रूपमा यस संस्था संग प्रतक्ष आवद्ध र पृष्टभूमिमा रहेने अप्रतक्ष लाभग्रहि नेपाली नागरिकहरूको सेवा गर्न सक्षम रहोस भन्ने शुभेक्षा राख्दछु।

# एउटा लामो इतिहास बोकेको सफल संस्था सहकारी ऋण कोष




■ चन्द्र प्रसाद ढकाल
(महासचिव, नेफ्स्कुन)


सरकार नियन्त्रित सहकारी भित्र एउटा सहकारी छुट्टै किसिमको अस्तित्व बनाउन प्रयासरत थियो। पञ्चायतकालमा साझा संस्थाको अवधारणामा साझा यातायात सहकारी रूपकै एउटा संस्था थियो भने त्यस यातायातका कर्माचारीहरूले स्वायत्त रूपमा एउटा संस्थाको परिकल्पना गरेका थिए। त्यहि परिकल्पनालाई मूर्त रूप दिने क्रममा साझा यातायातका कर्मचारीहरू सदस्य रहने गरी सहकारी ऋण कोषको गठन भएको थियो। सहकारी ऐन २०४८ आएपछि विधिवत रूपमा २०४९ साल भाद्र ७ गते दर्ता गरिएको हो। यो संस्था एउटा लामो कालखण्डबाट गुज्रेको र त्यो समयको साक्षी मात्र बसेको छैन बरू सहकारीको दुई फरक किसिमको अभ्यासमा पनि आफ्नो अस्तित्वलाई कायम राख्दै एउटा नमुना सहकारीको रूपमा दरिन सफल भएको छ। बिचमा साझा यातायात बन्द हुने अवस्थामा पुगेपछि यस संस्थाले आफ्नो स्वरूपलाई परिवर्तन गरेर भौगोलिक कार्यक्षेत्र भित्र काम गर्ने गरी विनियम संसोधन गरेको थियो। त्यस अघि साझा यातायातको पर्खाल भित्रमात्र सिमित अर्थात साझा यातायातका कर्मचारीहरू मात्र सदस्य बन्ने र त्यति भित्र मात्र कारोबार गर्ने यस संस्थाले विषम परिस्थितिमै किन नहोस् खुला सदस्यताको अवधारणामा त्यो घेरा भन्दा बाहिर आयो। संस्थाको जीवनकालमा यि दुवै किसिमको अभ्यास र त्यसको अनुभव यस संस्थाले बटुलेको छ। सदस्यको पूँजी, स्रोत, सोच र आवश्यकता नै सहकारीको संवाहक हुन् भन्ने कुरालाई वास्तविक व्यवहारमा उतार्ने अवसरको यस संस्थाले एउटा चुनौतीपूर्ण घडिमा उपयोग गरेको छ। र आज यसको अस्तित्वले समग्र सहकारी अभियानमा के सन्देश पनि दिइराखेको छ भने सदस्यले संस्थालाई कुन रूपले लैजाने हो त्यो तय गर्न सक्छन् र त्यो नै संस्थाको सफलताको बाटो हुन्छ।

अहिले नेपालमा नयाँ सहकारी ऐनको चर्चा चलेको छ। सहकारी ऐन २०४८ ले दिएको खुलापनका कारण नै आज सहकारी ऋण कोष र यस्ता हजारौं संस्था विषम परिस्थितिका बाबजुद पनि अस्तित्वमा छन् र आर्थिक सामाजिक क्षेत्रमा सदस्यको हितका लागि क्रियाशिल छन्। पछिल्लो समय सहकारीमा देखिएका विकृति र विसंगतिलाई देखेर सहकारीलाई बढि भन्दा बढि नियन्त्रण गर्नु ठिक होला भन्ने तर्क पनि आउने गरेका छन्। यथार्थमा सहकारी क्षेत्रले संख्यात्मक विकासमा ठूलो फड्को मारेकोले अब गुणात्मक विकासको पथमा हिड्नु पर्ने आवश्यकता हो नै। त्यसका लागि आन्तरिक सुशाषन एउटा अनिवार्य शर्त हो। आन्तरिक सुशाषन अधिक नियन्त्रणबाट मात्र सम्भव हुन्छ त ? यो सोच्नै पर्ने विषय हो। जसरी कुनै प्रजातीको जीवजन्तु वा वनस्पति निश्चित हावापानीमा मात्र बाच्न वा हुर्कन सक्छन् ठिक त्यसै गरी सहकारीका लागि उपयुक्त वातावरण भनेको स्वतन्त्रता र खुलापन हो। त्यो स्वतन्त्रता र खुलापन भित्र सहकारी सिद्धान्त र मूल्य विपरितको अभ्यास हुन नदिन के गर्ने भन्ने कुरालाई मात्र नियन्त्रणको कार्यक्षेत्र भित्र राख्नु ठिक हुन्छ। सहकारी ऐन २०४८ ले संस्था भित्रका सदस्य रहने गरी दर्ता भएको यस सहकारी ऋण कोषलाई भौगोलिक कार्यक्षेत्रमा काम गर्न सक्ने खुलापन नदिएको भए आज यो संस्था अस्तित्वमा हुने थिएन। त्यति मात्र होईन त्यस विषम घडिमा यस संस्थाका सदस्यहरुले दुस्खले आर्जित गरेको संस्थाको सम्पत्ति रक्षा गर्ने बाटो पनि हुने थिएन। समय र परिस्थितिले ल्याएको परिवर्तित वातावरणमा पनि कसरी आफूलाई टिकाउने र अगाडिको यात्रा तय गर्ने भन्ने कुरामा यसका सदस्यहरूले आफै निर्णय लिन सकेकोले नै आज यो संस्था अब्बल संस्था मध्ये गनिने गरी स्थापित छ। विभिन्न परिवेशमा संस्थालाई नेतृत्व गरि संस्थाको अस्तित्व रक्षा गर्दै निरन्तर अगि बढाउने संस्थाका नेतृत्वकर्ता र सहि समयमा सहि निर्णय लिनसक्ने क्षमता भएका सदस्यहरू सम्पूर्ण श्रेयको हकदार हुन्।

यस सहकारीले सदस्य केन्द्रित योजनाहरू ल्याएको छ। आफ्ना कारोबारहरूलाई प्रविधिमैत्री बनाउँदै लगेको छ। अब संस्थाले गर्ने प्रगतिमा यि कुराले अवश्य महत्व राख्छन्। कुनै पनि सहकारी संस्थाले कारोबारको विस्तार सँगै आन्तरिक सुशाषनका कुरामा पनि उत्तिकै ध्यान दिँदै लगेमा सदस्यहरूको विश्वास बलियो हुँदै जान्छ। अनेकौं विकल्पहरूका माझ सदस्यले यसै सहकारीलाई रोज्ने अवस्थाको सृजना गर्न संस्थाको व्यवस्थापन व्यवसायिक हुन जरूरी छ। व्यवस्थापकिय क्षमतालाई समय सापेक्ष हुने गरी विकसित गर्दै लैजानेमा यो संस्था पक्कै पनि प्रयासरत छ।

एउटा लामो इतिहास बोकेको र धेरै चुनौतीहरूका बिच पनि आफूलाई स्थापित गर्न सकेको सहकारी ऋण कोष जस्तो संस्थाले अबको सहकारी अभियानमा अझ सक्रियतासाथ काम गर्नुपर्ने खाँचो छ। बदलिंदो परिस्थितिमा आफ्नो भौगोलिक कार्यक्षेत्र भित्र रहेका सहकारी संस्थाहरूलाई पनि सहि माग निर्देश गर्ने र नेतृत्व प्रदान गर्ने काम यस संस्थाले गर्ने छ भन्ने अपेक्षा राख्न सकिन्छ। यो संस्था एउटा लामो इतिहास बोकेको सफल संस्था हो। आउँदा दिनमा यस संस्थाले अझ सशक्त रूपमा सदस्य विस्तार, कारोवार विस्तार र सदस्य सेवामा बृद्धि गर्दै लान सकोस भनि हार्दिक शुभकामना व्यक्त गर्दछु।

# सहकारी संस्थाहरुको अनुगमन, निरिक्षण सम्वन्धी विद्यमान कानुनी व्यवस्था, अनुगमन, निरिक्षणबाट देखिएका समस्याहरु र समाधानका उपायहरु



■ बलराम निरौला
(वरिष्ठ सहकारी अधिकृत)

**विषय प्रवेश:**

निश्चित उद्देश्य लिएर निश्चित कार्यक्षेत्रमा व्यक्तिहरु संगठित भई पारस्पारीक सहयोगको माध्यमबाट कार्य गर्ने गरी सहकारी संस्थाहरुको गठन हुन्छ। खास गरी सहकारी संस्थाको गठनबाट सदस्यहरुले पारस्पारीक सहयोगको माध्यमबाट स्थानीय श्रोत साधन र श्रमको उपयोग गरी आफ्ना साझा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकताहरुको परिपूर्ति गर्ने उद्देश्य राखिएको हुन्छ। छरिएर रहेको श्रोत साधनलाई संगठित गरी पूँजी निर्माण गर्ने र सो को लगानी सदस्यहरुको उत्पादनशील क्षेत्रमा लगानी गरी उत्पादन, रोजगारी प्रवर्द्धन र उपभोगस्तरको बृद्धिको माध्यमबाट सदस्यहरुको आर्थिक विकास तथा शिक्षा, तालिम, सुचनाको विस्तार सामुहिक भावनाको विकास सामुदायिक विकास कार्यहरु लगायतको माध्यमबाट सदस्यहरुको सामाजिक विकास सहकारीको माध्यमबाट हुन्छ। पारस्पारीक सहयोगको माध्यमबाट आत्म सहयोग (Self Help through Mutual Help) सहकारीको मूल आदर्श हो। समान आवश्यकता र चाहना भएका व्यक्तिहरुले पारस्पारीक सहयोगको माध्यमबाट सहकारी संस्था संचालन गर्ने र सो को उपलब्धीबाट ती सदस्यहरु नै लाभान्वित हुने परिपाटी सहकारी भएकाले यसरी भनिएको हो। सहकारी संस्थाहरुले श्रोत साधनहरुको संकलन र परिचालन व्यवसायिक ढंगले सदस्यहरुको आर्थिक आवश्यकता र चाहनहरुलाई मध्यनजर गरी गर्दछन र व्यवसायिक कारोवारबाट भएको उपलब्धी (Surplus) को वितरण पनि न्यायोचित ढंगबाट गर्दछन्।

सहकारी अभियानको औपचारीक शुरुवात सन् १८४४ मा बेलायतको म्यानचेष्टरबाट भएको देखिन्छ। म्यानचेष्टरको रोचडेल भन्ने ठाउँका मजदूहरुले आफ्नो सिमित ज्यालाबाट आफ्नो उपभोगस्तर बृद्धि गर्नका लागि दैनिक उपभोग्य वस्तुहरुको कारोवार गर्ने गरी रोचडेल समतामूलक अग्रणी समाज (Rochdale Equitable Pioneers Societies) नामको संस्था संचालन गरेका थिए जसलाई पहिलो औपचारीक सहकारी संगठनको रुपमा लिइन्छ। यसै गरी जर्मनीबाट बचत तथा ऋण सहकारी डेनमार्कबाट दुग्ध सहकारी चीन, भारत र जापनबाट कृषि सहकारीको शुरुवाट भएको पाइन्छ। विश्वका सहकारी संघ संस्थाहरुको छाता संगठनको रुपमा सन १८९५ मा अन्तर्राष्ट्रिय सहकारी महासंघ (International Co-operative Alliance ICA) को स्थापना भएको सहकारीको इतिहासबाट देखिन्छ। अन्तर्राष्ट्रिय सहकारी महासंघले प्रतिपादन गरेका सहकारीका सातवटा सिद्धान्तहरु सहकारी संस्थाहरुको चिनारी दिने माध्यम एवं सहकारी संस्था गठन र संचालनका अन्तर्राष्ट्रिय स्तरका मार्गदर्शन (Guidelines) को रुपमा रहेका छन्। विश्वमा सहकारी अभियानको हालको अवस्थालाई हेर्दा विश्वमा करीव १ अर्ब मानिसहरु सहकारीमा आवद्ध रहेको तथा २० करोड भन्दा माथि प्रत्यक्ष रोजगारी सहकारी क्षेत्रले पुर्‍याएको तथा विश्वको आर्थिक तथा सामाजिक जीवनमा सहकारीको गतिलो उपस्थिती रहेको अवस्था देख्न सकिन्छ।

नेपालमा वि.सं. २०१३ चैत्र २० गते चितवन जिल्लामा पहिलो सहकारी संस्था खुलेबाट सहकारीको औपचारिक शुरुवात भएको देखिन्छ। तत्कालिन अवस्थामा सरकारको कार्यक्रम अनुसार सहकारी संस्थाहरु गठन हुने र संचालित एवं नियन्त्रित हुन्थे। सहकारी ऐन २०४८ जारी हुनु अगाडि यस ढंगबाटै सहकारी संस्थाहरु खुलेका र विभिन्न समयमा सरकारी संस्थानहरुको डिलरको रुपमा बैंकहरुबाट ऋण लिई सदस्यहरुलाई ऋण लगानीकर्ताको रुपमा काम गर्दै आएको अवस्था देखिन्छ। सहकारी ऐन, २०४८ जारी भएपछि सहकारीको सिद्धान्त बमोजिम समुदायबाटै सहकारी संस्थाहरु गठन हुने र सहकारी निकायमा दर्ता भई बैधानिकता प्राप्त गरेपछि सहकारी मूल्य मान्यता र सिद्धान्तहरु, सहकारी ऐन, नियम, विनियम र मापदण्ड एवं अन्य प्रचलित कानून अनुकुल हुने गरी स्वायत्त संस्थाको रुपमा संचालित हुन सक्ने आवस्था आएको हो। सहकारी ऐन २०४८ को प्रादुर्भाव पछि नेपालमा सहकारी क्षेत्रले गति लिएको अवस्था देखिन्छ। यस अवस्था पछि नेपालमा सहकारी संस्थाहरुको गठनमा तीव्रता आउनुको साथै आर्थिक तथा सामाजिक क्षेत्रमा समेत सहकारीको प्रभाव बढ्न थालेको र सहकारी क्षेत्र देशको आर्थिक विकासको एउटा स्तम्भको रुपमा स्थापित भएको अवस्था देखिन्छ। सहकारी क्षेत्रको सकारात्मक प्रभाव संगसंगै यस क्षेत्रमा केही विकृति र विसंगतिहरु समेत देखा पर्दै गएका छन। खास गरी सहकारी संस्थाहरुमा सर्वसाधारणले जम्मा गरेको बचत रकम असुरक्षित रहेको विषयले सहकारी क्षेत्रमा नै केही नकारात्मक असर समेत पर्न थालेको अवस्था विद्यमान छ।

वास्तवमा सहकारी सदस्य केन्द्रीत व्यवसाय (Member Centered Business) हो। सहकारी संस्थाको स्वामित्व सदस्यहरुमा रहन्छ। यस संस्थाको संचालन र नियन्त्रण सदस्यहरुले नै गर्दछन र यसबाट फाइदा पाउने पनि सदस्यहरुले नै हो। तसर्थ सहकारी व्यवसायलाई सदस्यको स्वामित्व हुने (Member Owned) सदस्यको नियन्त्रण रहने (Member Controlled) र सदस्यले फाइदा पाउने (Member Beneffitted) व्यवसायको रुपमा चिनिन्छ। सदस्यहरुको सक्रियता नै सहकारी व्यवसायको सफलताको आधार हो भनेर हरेक सहकारीकर्मीहरुले बुझ्न जरुरी देखिएको छ।

सहकारी व्यवसाय विशेषत: सदस्य केन्द्रित व्यवसायको रुपमा संचालन हुनुपर्नेमा हालको अवस्थामा सहकारी संस्थाहरुमा सदस्यलाई स्वामित्व प्रदान गर्ने विषयमा, संस्था संचालन र नियन्त्रणको विषयमा तथा सदस्यहरुसंग कारोवार विषयमा केही समस्याहरु देखिएको र त्यसको परिणाम स्वरुप केही सहकारी संस्थाहरु समस्याग्रस्त बन्दै गएको अवस्था पनि देखिएको छ। सहकारी संस्थाहरु स्वशासित र स्वनियन्त्रित संगठनको रुपमा संचालित हुनेपर्नेमा कतिपय अवस्थामा बाह्य पक्षको नियन्त्रणको समेत अपेक्षा गरिएको देखिन्छ। सहकारी संस्थाहरुको निरीक्षण अनुगमन प्रभावकारी नभएको लगायतका गुनासाहरु पनि सहकारी क्षेत्रमा व्याप्त रहेको देखिन्छ। यस परिप्रेक्ष्यमा सहकारी संघ संस्थाहरुको निरीक्षण अनुगमन सम्बन्धमा विद्यमान कानूनी व्यवस्था के छ, सहकारी संस्थाहरु विशेषत: बचत तथा ऋणको

कारोवार गर्ने सहकारी संस्थाहरुले पालना गर्नुपर्ने कानूनी व्यवस्था एवं मापदण्डहरु के के हुन ? र हाल सहकारी संस्थाहरुमा निरीक्षण अनुगमनबाट देखिएका विकृति, विसंगति एवं समस्याहरु के के हुन ? र यी समस्याहरुको समाधानको उपयहरु के के हुन सक्दछन भनि यस लेखमा चर्चा गर्ने कोशिस गरिएको छ।

## सहकारी संघ संस्थाहरुको निरीक्षण एवं अनुगमन सम्बन्धी विद्यमान कानूनी व्यवस्था

### सहकारी ऐन, २०४८

- सहकारी संघ संस्थाहरुको दर्ता एवं संचालनको प्रमुख कानूनी आधार भनेको सहकारी ऐन, २०४८ हो। सहकारी ऐन, २०४८ को दफा ३५ अनुसार राजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीले सहकारी संघ संस्थाहरुको कामकारवाहीहरु सम्बन्धमा सोधपुछ गरी जानकारी लिन सक्ने र सो को परिणामको सूचना सम्बन्धित संस्था वा संघलाई लिखित रुपमा दिनुपर्ने व्यवस्था छ।
- सोही ऐनको दफा ३६ अनुसार राजिष्ट्रार वा रजिष्ट्रारको अधिकार प्राप्त अधिकारीले र विनियम बमोजिम काम कारवाही भएको नपाइएमा ऐन, नियम एवं विनियम बमोजिम आवश्यक सुझाव दिन सक्ने व्यवस्था रहेको।
- सोही ऐनको दफा २६(२) अनुसार नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिई सिमित बैंकिङ्ग कारोवार गर्ने सहकारी संस्थाहरुले नेपाल राष्ट्र बैंकले तोकेको शर्त तथा दिएको निर्देशन पालना गर्नुपर्ने व्यवस्था रहेको।
- ऐनको दफा ३७ बमोजिम सहकारी संघ संस्थाहरुले आफ्नो आर्थिक कारोवारको हिसाब जाँच गराई सो को प्रतिवेदन रजिष्ट्रार समक्ष पेश गर्नुपर्ने र यस प्रतिवेदनबाट समेत एवं संस्थाहरुको अनुगमन एवं निरीक्षण हुन सक्ने।

### सहकारी नियमावली २०४९

- नियम २३ बमोजिम रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीले सहकारी संघ संस्थाहरुको जुनसुकै कागजपत्र र अभिलेखहरुको निरीक्षण गर्न सक्ने र सुझाव सहितको प्रतिवेदन संस्थामा दिनु पर्ने।
- नियम २२ अनुसार सहकारी संघ संस्थाहरुको आर्थिक कारोवारका सम्बन्धमा रजिष्ट्रारले बैंक वा अन्य निकायहरुसंग जानकारी माग गर्न सक्ने।

### सहकारी मापदण्ड २०६८

सहकारी ऐन २०४८ एवं सहकारी नियमावली २०४९ मा भएका निरीक्षण सम्बन्धी व्यवस्थाहरुलाई थप ब्याख्या गर्ने क्रममा यस मापदण्डमा समेत अनुगमन गर्ने, प्रतिवेदन लिने, सम्बन्धित संस्थाहरुबाट प्रतिवेदनमा देखिएका कैफियतहरुका सम्बन्धमा सुधारको कार्ययोजना लिने लगायतका विषयवस्तुहरुको व्यवस्था गरिएको छ।

### सहकारी संस्था संचालनका केही आधारभूत मापदण्डहरुः

सहकारी संस्थाहरुको संचालन एवं व्यवस्थापन सम्वन्धी व्यवस्थाहरु विशेषतः सहकारी ऐन २०४८, सहकारी नियमावली २०४९, सहकारी संस्था संचालन सम्वन्धी मापदण्ड २०६८ एवं संस्था स्वयंको विनियममा उल्लेख गरिएको हुन्छ। यी व्यवस्थाहरुलाई सहकारी संस्थाहरुको अनुगमन गर्ने क्रममा मापदण्डको रुपमा लिई सो बमोजिम भए नभएको विषयमा केन्द्रित भएर हेरी विधिसम्मत नभएका विषयहरुलाई विधिसम्मत बनाउन सुझाव दिइन्छ। सहकारी संस्था विशेषगरी बचत तथा ऋण सहकारी संस्था ) संचालन सम्वन्धी केही आधारभूत मापदण्डहरु देहाय बमोजिम छन् :

- शेयर खरिद गर्ने ब्यक्ति संस्थाको कार्य क्षेत्रभित्रका विनियममा तोकिए अनुसारका योग्य ब्यक्ति हुनु पर्दछ।
- एक ब्यक्तिलाई कूल शेयर पूँजीको २० प्रतिशत भन्दा बढी शेयर विक्री गर्न हुँदैन।
- सदस्यहरुले शेयर वापतको लगानी रकम निश्चित शर्त अनुसार फिर्ता लिन सक्दछ।
- सहकारी संस्थाहरुले सदस्यहरुबाट मात्र बचत निक्षेप स्वीकार गर्न सक्दछन्।
- चल्ती र मुद्धति निक्षेप स्वीकार गर्न सकिन्न।
- शेयर पूँजीको १० गुणासम्म मात्र निक्षेप स्वीकार गर्न सकिन्छ।
- नेपाल राष्ट्र बैंकको स्वीकृति लिएर सहकारी संस्थाहरुले सदस्यहरुमा सीमित रहने गरी सीमित बैंकिङ्ग कारोवार गर्न सक्दछन्।
- सहकारी संस्थाहरुले बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण लिन सक्दछन् र नेपाल सरकारको स्वीकृति लिएर ऋणपत्र जारी गर्न सक्दछन्।
- सहकारी संस्थाहरुले सरकारी तथा गैर सरकारी क्षेत्रबाट निशर्त अनुदान सहयोग प्राप्त गर्न सक्दछन्।
- विदेशी दातृ निकाय वा संस्थाहरुबाट ऋण वा अनुदान सहयोग लिंदा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्दछ।
- सहकारी संस्थाहरुले खूद बचतको एउटा हिस्सा जगेडा कोष मार्फत् पूँजीको रुपमा परिचालन गर्दछन्। यसैगरी ऋण नोक्सानी कोषलाई पनि संस्थागत पूँजीको रुपमा परिचालन गर्न सकिन्छ।
- सहकारी संस्थाहरुले आफ्ना सदस्यहरु भन्दा बाहिर कर्जा लगानी गर्न पाउँदैनन्।
- बचत निक्षेपको रकमलाई कर्जा लगानी वाहेक अन्य क्षेत्रमा लगानी गर्न पाइन्न।
- कूल निक्षेपको १० प्रतिशत शेयर पूँजी निक्षेपको सुरक्षणका लागि छुट्याई बाँकी शेयर रकम र जगेडा कोषको रकम परिचालन गरेर विभागको स्वीकृतिमा स्थायी सम्पत्तिमा लगानी तथा अन्य व्यवसायमा लगानी गर्न सकिन्छ। सदस्यहरुलाई ऋण लगानी गर्दा पूँजीकोषको अनुपातमा गर्नुपर्दछ।
- ऋण लगानीलाई भाखाको आधारमा वर्गीकरण गरी सो को अनुपातमा जोखिम व्यहोर्ने कोष खडा गर्नुपर्दछ।
- ऋण लगानीमा व्याज आम्दानीको लेखा नगद प्राप्तिका आधारमा गर्नुपर्दछ।

- विना सुरक्षण कर्जा प्रवाह गर्न नपाइने।
- सहकारी संस्थाहरुले आफ्नो कारोवारबाट भएको बचत (Surplus) बाट शेयर लाभांश तथा संरक्षित पूँजीकोष वितरण गर्नुपर्दछ।
- निक्षेप रकमको कम्तिमा १५ प्रतिशत तरलता राख्नु पर्दछ।
- अन्य प्रारम्भिक सहकारी संस्थाहरु र अन्य कम्पनीहरुको शेयरमा लगानी गर्न पाईंदैन। अन्य प्रारम्भिक सहकारी संस्थाहरुमा बचत जम्मा गर्न पनि पाईन्न।

**बचत तथा ऋण सहकारीमा देखिएका समस्याहरु:**

**क.नीतिगत विषय:**

- सहकारी संस्था एउटा स्वशासित संगठन भएकाले यस भित्रका अंगहरुको भूमिकाबाट सहकारी संस्था संचालित र नियन्त्रित हुनुपर्दछ भन्ने सहकारीको सैद्धान्तिक अवधारणा रहेको र विद्यमान सहकारी ऐनले पनि संस्थाको संचालन र नियन्त्रण प्रकिया संस्थाकै आन्तरिक नियन्त्रण प्रणालीबाट हुने र रजिष्ट्रारको भूमिका सहजकर्ताको रुपमा मात्र रहने व्यवस्था गरेबाट सहकारी संस्थमा स्वनियमन हुनुपर्दछ भन्ने अवस्था एकातिर छ भने अर्कातिर सहकारी क्षेत्रमा सरकारको सशक्त नियमन एवं हस्तक्षेपको समेत अपेक्षा गरिएको देखिन्छ। यसबाट सहकारी क्षेत्रमा नियमन कि स्व नियमन भन्ने विषयमा स्पष्ट नीतिगत व्यवस्था हुनुपर्ने देखिन्छ।
- दर्ताका बखत व्यवसायिक संभाव्यताको उचित विश्लेषण नहुनु
- सबै प्रकृतिका संस्थाहरु एउटै ऐनबाट निर्देशित
- सहकारी ऐन, नियममा समसामयिक परिमार्जन नभएको अवस्था
- संचालकहरुले आफ्नै संस्थाबाट वित्तीय साधन उपयोग गर्ने सम्वन्धमा स्पष्ट कानूनको अभाव
- लगानीको क्षेत्रको अस्पष्टता
- ग्रामीणमुखी नीतिको अभावले गर्दा शहर केन्द्रित प्रवृत्ति

**ख. संस्था संचालन सम्वन्धी विषय:**

- स्वीकृत कार्यक्षेत्रभन्दा बाहिर कारोवार गर्ने परिपाटी
- गैर सदस्यसंग कारोवार तथा सदस्यहरुमा विभेद गरी कारोवार गर्ने परिपाटी
- एकै व्यक्ति एक भन्दा बढी सहकारी संस्थाको सदस्य हुने, कारोवार गर्ने परिपाटी
- सदस्य एवं संचालकहरुमा सहकारी सम्वन्धी शिक्षाको कमी तथा संचालकहरुमा संस्था संचालन दक्षताको कमी
- सहकारी संस्था गठन गर्नुको उद्देश्यलाई सार्थक बनाउने गरी संस्था संचालन नहुनु।
- सहकारी क्षेत्रको व्यवसायिक क्षमता अपेक्षाकृत रुपमा कमजोर हुनु तथा प्रतिस्पर्धात्मक क्षमता कम हुनु।
- पारदर्शीता र जवाफदेहिताको कमी
- मानव संशाधनको विकास र योजनाको अभाव
- संस्थागत निर्णय भन्दा पनि व्यक्ति हावी हुने परिपाटी
- लेखा समितिको प्रभावकारी भूमिका नहुनु
- लेखा तथा लेखापरिक्षण प्रकिया प्रभावकारी नहुनु
- सहकारीहरुवीच समन्वयको अभाव

**ग. बचत तथा ऋणको कारोवार सम्वन्धी विषय:**

- आकर्षक व्याजको प्रलोभन देखाई निक्षेप आकार्षित गर्ने परिपाटी
- मध्यस्थकर्ताको माध्यमबाट निक्षेप संकलन
- संकलित निक्षेप ऋण लगानी भन्दा पनि अन्य क्षेत्रमा लगानी
- स्पष्ट आधार विना व्याजदर निर्धारण
- विना सुरक्षण कर्जा प्रवाह
- जोखिम व्यहोर्ने कोषको व्यवस्था नहुनु तथा जोखिम न्यूनिकरणका उपायहरु प्रति सजग नहुने प्रवृत्ति
- खर्च प्रणाली अपारदर्शी तथा साधारण सभाको निर्णय विना खर्च गर्ने परिपाटी
- निक्षेप रकम व्यक्तिगत व्यवसायमा प्रयोग
- अनुत्पादक क्षेत्रमा ऋण लगानी
- ऋण लगानी प्रक्रियामा नै त्रूटी हुनु
- अधिक र न्यून तरलताको अवस्था
- खुद बचत गणना अघि नै शेयर लाभांश वितरण गर्नु। संरक्षित पूँजीकोष वितरण नहुनु।
- गैर बैंकिङ्ग सम्पत्तिमा वृद्धि हुने परिपाटी
- कोषको लागत (Cost of fund) बढी हुनु
- सेवा शूल्क, प्रतिवद्धता शूल्क लगायतका शुल्कहरु लगाउनु तथा व्याजलाई पूँजीकृत गर्नु तथा समदरमा व्याज हिसाव गर्नु
- पूँजी र निक्षेपको अनुपात मापदण्ड अनुसार कायम नगर्नु
- पाकेको तर नगद प्राप्त नभएको व्याज समेत आम्दानीमा गणना गर्नु

- ऋण लगानी गर्दा पूँजीकोषलाई ध्यान नदिनु।
- सदस्य सेवालाई भन्दा नाफालाई बढी प्राथमिकता दिनु
- वित्तीय साक्षरताको अभाव
- वित्तीय विवरण र तथ्यांकहरु अद्यावधिक नहुने तथा समयमा नै सम्वन्धित निकायमा पेश नहुने। आदि॥

**समस्या समाधानका उपायहरु:**

- शिक्षा, तालिम र सूचनाको माध्यमबाट सहकारीको सैद्धान्तिक र कानूनी प्रक्रिया बारे व्यापक प्रचार प्रसार
- वित्तीय मापदण्डहरुको उचित परिपालना
- सदस्य केन्द्रित कारोवारमा जोड
- उत्पादनशील क्षेत्रमा कर्जा लगानी
- सुरक्षित कर्जा लगानी
- संस्थागत संस्कारर सुशासन
- स्थानीयकरण र समुदायमा आधारित सहकारीहरुको विकासमा जोड
- सहकारी संस्था एकिकरणमा जोड
- कानूनमा परिमार्जन
- सहकारीमा वित्तीय साक्षरता अभियानको व्यापकता
- सहकारी क्षेत्रसंग सम्वन्धित निकायहरुको क्षमता अभिवृद्धि। आदि॥

**निष्कर्श**

- स्थानीय स्तरमा छरिएर रहेको स्रोत साधनलाई एकिकृत गरी सिर्जित पूँजीलाई सदस्यहरुको पेशा प्रवर्द्धनमा लगानी गरी उत्पादन वृद्धि र रोजगारीको विकासबाट समुदायको आर्थिक संगसंगै सामाजिक विकास गर्न सहकारी एउटा प्रभावकारी माध्यमको रुपमा देखिएको छ।
- नेपालको सहकारी अभियानको अहिलेको अवस्थालाई हेर्दा सहकारी संघ संस्थाहरुको संख्या, सदस्यहरुको आवद्धताको अवस्था, पूँजी परिचालन एवं रोजगारी सृजना लगायत सामुदायिक विकासको कार्यमा सहकारीको योगदान उल्लेख्य रहेको छ भने केही सहकारी संस्थाहरु समस्यामा परी ती संस्थाहरुमा सदस्यहरुले जम्मा गरेको बचत रकम जोखिममा परेको र समयमा फिर्ता हुन नसकेको तीतो यथार्थ पनि हाम्रो सामु विद्यमान छ।
- खासगरी सहकारी संस्थाहरु सदस्यहरुको सक्रिय भूमिकाबाट गठन, संचालन हुने स्वायत्त निकायहरु भएको हुँदा यस्ता संस्थाहरुको नियन्त्रणमा सदस्यहरुको प्रभावकारी भूमिकाको अपेक्षा गरिन्छ तर अधिकांश सदस्यहरुमा यस सम्वन्धी सचेतनाको कमी भएबाट संस्थामा प्रभावकारी भूमिका रहेको देखिन्न।
- तसर्थ सहकारी संस्थाहरुमा सदस्यहरुको सक्रिय भूमिका बढाई आन्तरिक नियन्त्रण पद्धतिलाई सुदृढ बनाउन सहकारी शिक्षाको व्यापक प्रसारका साथै स्पष्ट र प्रर्याप्त कानूनी व्यवस्था सहित सहकारी संस्थाहरुको प्रभावकारी निरिक्षण, अनुगमन एवं नियमनको आवश्यकता देखिएको छ।

# सहकारी ब्यवस्थापनको लागि संचालकहरुको कार्यकुशलता विकासः



■ चन्द्र ठकुरी
(पूर्व उपसचिव
सहकारी तथा
गरिवी निवारण मन्त्रालय)

## परिचयः

सामान्य अर्थमा ब्यवस्थापन भन्नाले आफुले सम्पादन गर्नु पर्ने कार्य तथा क्रियाकलापहरुलाई उचित रुपबाट सम्पादन गर्नु भन्ने बुझिए पनि व्यवसायिक क्षेत्रमा यसलाई व्यवसायिक उद्देश्य पूरा गर्नका लागि त्यसमा संलग्न व्यक्तिहरुलाई आवश्यकता अनुसार उचित तवरले परिचालन गर्ने कार्यका रुपमा लिइन्छ। यसलाई शब्द बिन्यास गरी हेर्दा manage (व्यवस्था मिलाउनु) + men (मानिसहरु)को संयुक्त रुप management (व्यवस्थापन) पनि मान्न पनि सकिन्छ। ब्यवस्थापन भनेको कुनै संगठनको लक्ष्य प्राप्त गर्नका लागि मानिस, सामग्रीहरु, मशीन औजार, मुद्रा, काम गर्ने तरिका, वजार, व्यवस्थापन र सुचना (Men, materials, machine, money, methods, market, management and information - 7m + i) लाई समय र परिस्थिति अनुकुल उद्देश्यमूलक ढंगले उपयोग गर्नु हो।

व्यवस्थापनले सम्पादन गर्नुपर्ने कामहरुलाई समेटेर गरिएको परिभाषालाई कार्यगत धारणा भनिन्छ। नेतृत्वगत धारणा अन्तर्गत व्यवस्थापन भनेको अरु मानिसहरुवाट कार्य सम्पादन गराउने कला हो। कार्यकुशलताको सम्बन्ध नेतृत्वगत धारणासंग रहेको छ। व्यवस्थापनको महत्व साधन र श्रोतको प्रभावकारी उपयोग गर्न, परिवर्तनको चुनौती सामना गर्न, नविन खोज, समस्या समाधान, समन्वय, र व्यक्तित्व विकास गर्नु आदिमा रहन्छ।

कार्यकुशलता भनेको आफुलाई प्राप्त जिम्मेवारी विशिष्ट ज्ञान, सीप, दक्षता प्रयोग गरेर समयमै सम्पादन गर्ने क्षमता हो। व्यवसायिक कार्यकुशलता भन्नाले कार्यक्षमता, सांगठानिक सक्षमता, शीप, दक्षता, बिशेषज्ञता र अनुभवलाई जनाउँछ। कार्यकुशलतालाई प्राविधिक तथा अप्राविधिक भनी दुई प्रकारमा विभाजन गरिएको छ। व्यवसायिक कार्यकुशलताको सन्दर्भमा हामीले अप्राविधिक उत्कृष्टतालाई लिनु पर्दछ जुन पेशागत र व्यक्तिगत शीप हुन। साथै कार्यसम्पादन र सन्तुष्टीमा प्रत्यक्ष असर पार्ने हुनाले उत्प्रेरणात्मक मूल्य र व्यवहारलाई थप गर्नुपर्दछ।

## सहकारी ब्यवस्थापनका पक्षहरुः

सहकारी संस्थाहरुको व्यवसायिक कारोवार संचालन सदस्य केन्द्रित हुने भएकोले यस्ता संस्थाहरुमा व्यवस्थापन गर्दा सदस्यहरुलाई केन्द्रविन्दुमा राख्नु जरुरी हुन्छ। सदस्यहरुका माग, इच्छा, आवश्यकता, चाहना, अभिलाषा, आर्थिक र सामाजिक संरचना आदि पक्षलाई पूर्ण विचार गरी उनीहरुको आर्थिक, सामाजिक, सांस्कृतिक आदि समग्र पक्षको विकास गर्नु नै यस्ता सहकारी संस्थाहरुको प्रमूख उद्देश्य रहेको हुन्छ।

खास गरी सदस्य उत्पादनको पैमानाको बिस्तार गर्ने, उत्पादन लागत न्युनिकरण गर्ने, बिक्री लागतलाई प्रतिस्पर्धी बनाउने, सदस्यलाई प्रदान गरिने बित्तीय सेवाको लागतलाई न्युनिकरण गर्ने, सदस्यहरुलाई शोषण नगरी र चर्को शुल्क नलगाइ संस्थागत मुनाफा बिस्तार र बृद्धि गर्ने, खरिद लागतलाई न्युनिकरण गर्ने, जोखिम न्युनिकरण गर्ने र जोखिम लागत घटाउने, सदस्यको आधारभूत आवश्यकताका बस्तु सुलभ दरमा उपलब्ध गराउने, सदस्यलाई प्रविधि हस्तान्तरणको ब्यवस्था मिलाउने, सदस्यहरुमा उद्यमशीलता विकास गर्ने, सहकारी उद्योगको स्थापना विकास र संचालन गर्ने, स्थानीयस्तरमा स्वरोजगारी र रोजगारी सृजना गर्ने, सदस्यको गरिबी निवारणमा सहयोग दिने, आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धन गरी राष्ट्रिय अर्थतन्त्र सबल र आत्मनिर्भर बनाउन मद्दत गर्नु, एवम् सदस्य तथा समुदायको उत्थान र विकासमा योगदान दिनु आदि रहेका छन्।

## सहकारी ब्यवस्थापनको क्षेत्रहरु :

(क) नीति, नियम, कार्यबिधि, योजना संरचनाको व्यवस्थापन : सदस्य माग, उपलव्ध श्रोत तथा साधन, परिवेश र वातावरण, विगतको उपलव्धी, भावी लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम र कृयाकलाप, विकल्प, बजेट, कार्यान्वयन योजना, जिम्मेवारी, प्रतिवेदन, अनुगमन (प्रगति समीक्षा, सूचना संकलन, सूचना बिश्लेषण, प्रस्तुति फाराम डिजाइन, सुधार योजना र सुझाव प्रस्तुतिको तरिका आदि), मूल्यांकन र पृष्ठपोषण।

(ख) कार्यालय व्यवस्थापन : कार्यालय स्थापना गर्दा सबैलाई पायक पर्ने स्थानमा राख्नु, स्पष्ट देखिने साइनबोर्ड राख्नु, सदस्य सेवाको विवरण राख्नु, स्वागत र सोधपुछ, बिभिन्न शाखा वा फांट र बिभागको स्थापना, सेवा प्रवाह, कार्यालय लेआउट सहज हुने गरी तयार पार्ने, कार्यालय तथा सम्पत्तिको सुरक्षा ब्यवस्था, छिटो छरिता सेवा प्रवाह, सेवाहरु र प्रगति डिस्प्ले ब्यवस्था, खोजीकर्तालाई सूचना प्रवाह ब्यवस्था, चुस्त अभिलेख ब्यवस्थापन प्रणाली, उपयुक्त र प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली स्थापना र कार्यान्वयन आदि यसमा समावेश हुन्छन्।

(ग) संगठन व्यवस्थापन : समिति, उपसमितिहरु, लेखा समिति, बिभागीय जिम्मेवारी, अधिकार प्रत्यायोजन, कार्यसम्पादन मूल्यांकन प्रणाली, कर्मचारीको जिम्मेवारी र खटनपटन लगायतका कार्यहरु यसमा समावेश हुन्छन्। साथै कर्मचारी भर्ना, नियुक्ति, बढुवा, सरुवा, सजायं, अवकास आदि पक्षको ब्यवस्थापन।

(घ) शिक्षा तथा तालिम सेवा : सदस्य माग, संस्थागत विकास, सदस्यहरुको ग्रहणशीलता, संस्थाको विस्तार, परिवेश परिवर्तन, प्रतिस्पर्धी क्षमता आदि।

(ङ) समन्वय, नियन्त्रण, सूचना तथा प्रविधि ब्यवस्थापन, र संचार ब्यवस्थापन

(च) व्यवसाय व्यवस्थापन : उत्पादन, बजारीकरण, प्रशोधन कार्य, मूल्य निर्धारण, मुनाफा, सदस्य फाइदा आदि।
(छ) नेतृत्व क्षमता, संघीकरणमा योगदान आदि।
(ज) सामाजिक विकासको नेतृत्व, समुदायको सामाजिक रुपान्तरण, वातावरण संरक्षण र सुन्दर मुलुकको अगुवाई।

## संचालक समितिको काम, कर्तव्य अधिकार :

- सहकारी सिद्धान्त, सहकारी ऐन र नियमावली, संस्थाको विनियम, र नियमको पालना गर्ने गराउने
- कर्मचारी तथा सल्लाहकारको नियुक्ति गर्ने
- कर्मचारी प्रशासन, आर्थिक प्रशासन नियम, व्यवसाय संचालन, बचत परिचालन, ऋण लगानी तथा असूली सेवाका नियमावलीहरु साधारण सभावाट स्वीकृत गराई लागू गर्ने,
- अध्यक्ष वाहेक संचालक वा साधारण सदस्यको राजीनामा स्वीकृत गर्ने
- संस्थाको वार्षिक कार्यक्रम तथा बजेट तर्जूमा, कार्यान्वयन, समीक्षा, अनुगमन र मूल्यांकन गर्ने,
- लेखापरीक्षण गराई सो को प्रतिवेदन अनुमोदनका लागि साधारण सभामा पेश गर्ने
- कर्मचारी प्रशासनको कार्य गर्ने,
- वाह्य सहयोग स्वीकार गर्ने
- साधारण सभा वोलाउने
- संस्थाको चल/अचल सम्पत्ति प्राप्ती/खरीद, बिक्री र हस्तान्तरण गर्ने
- आवश्यकता अनुसारको संख्यामा उपसमितिहरु गठन गर्ने र जिम्मेवारी सहित अधिकार प्रत्यायोजन गर्ने,
- सदस्यता स्वीकार गर्ने र माथिल्लो निकाय(संघ) का लागि प्रतिनिधि चयन गर्ने।

## संचालकको लागि आवश्यक कार्यकौशल वा दक्षता:

- सदस्यहरुको भावना बुझ्ने र संस्थाका उद्देश्यको राम्रो ज्ञान भएको,
- उद्देश्य प्राप्तिका लागि कार्यहरु तोकि प्राथमिकता निर्धारण गर्ने,
- व्यवसायिक दृष्टि भएको र नयां शीप तथा प्रविधि सिक्ने तीव्र इच्छा राख्ने
- आफ्नो व्यवसायिक कार्यमा निरन्तर संलग्न रहेको
- सहकारी संस्थाको प्रत्येक कृयाकलापमा आफ्नै ठान्ने र सकृय सहभागी वन्ने
- संस्थाका कृयाकलापमा आवश्यक समय दिन सक्ने र निरन्तर रुपमा संस्था र सदस्यको हितमा लागि पर्ने
- प्रत्येक सूचनाहरु सदस्यहरुलाई प्रदान गर्ने र संस्थाको व्यवशायिक हितका लागि आवश्यक परेमा गोप्य राख्ने
- सहकारी संस्था संचालनका विविध विषयहरुमा राम्रो जानेको,
- प्रत्येक सदस्यहरुको काम, कर्तव्य र अधिकार बुझेको र सम्झाउन सक्ने,
- सदस्यहरुको कुरा सुन्ने र उनीहरुको भावनाको कदर गर्ने,
- आफ्नो जिम्मेवारी वहन गर्न सदैव तत्पर रहने,
- वहुमतको कदर गरी सामूहिक निर्णयानुसार कार्य गर्न सक्ने,
- संस्थाको विषयमा उठ्ने प्रत्येक सवालहरुमा खुला हृदयले हेर्ने, सोच्ने र वहस गर्ने
- प्रत्येक सदस्यहरुको उद्देश्य र चाहनाहरुको प्रतिनिधि वन्न सक्ने
- सदस्यहरुलाई संस्थाको व्यवशायिक क्रियाकलाप र सामाजिक उत्थानमा नेतृत्व दिन सक्ने,
- व्यवशायिक रुपमा इमान्दार र निस्पक्ष भएको
- सहकारी ऐन नियम वारेमा राम्रो जानकारी राख्ने
- संचालकको काम कर्तव्य र अधिकार बुझ्ने र व्यवहारमा उतार्न सक्ने,
- सहकारी सम्वन्धी सूचना तथा जानकारीहरु संकलन गरी सहकारी अभियानलाई सघाउन तत्पर,
- सहकारी बुझेको भान पारी सदस्यहरुलाई शोषण नगर्ने।

## कार्यकुशलतामा असर पार्ने अवस्थाहरु:

कार्यकुशलताको प्रभावकारितालाई बिभिन्न बिषय तथा तत्वहरुले असर पारेको हुन्छ। सहकारी बिकासको आठ वटा चरणमा बिभिन्न किसिमका कार्यकुशलता आवश्यक पर्ने हुन्छ। तर संस्थागत विकास अगाडिको चरणमा प्रवेश गरिसकेको अवस्थामा संचालकहरुमा आवश्यक कार्यकौशल वा कुशलता भएन भने संस्थागत विकास खुम्चिन बाध्य हुन्छ। यसले नियमित विकासलाई अवरुद्ध पार्ने मात्र नभइ संस्थाको जीवन नै समाप्त पार्न सक्ने हुन्छ। मानिसमा हुने शारीरिक विकास तथा मानसिक विकासको अनुपात नमिलेमा आउने समस्याहरुलाई उदाहरणका रुपमा लिन सकिन्छ। कार्यकुशलतामा असर पार्ने अवस्था निम्नानुसार दिइएको छ:

- नीतिगत अस्पष्टता, अवधारणागत समस्या / बिषयवस्तुको ज्ञान स्पष्ट नहुनु,
- सूचनाको अपर्याप्तता, परिस्थितिजन्य कुराहरु / वातावरण, प्रचलनका कुराहरु, उपलव्ध समय,
- सहभागिता तथा अन्तरक्रियाको शैली, बजेटको जानकारी नहुनु, बिकल्पको अपर्याप्तता
- पूर्व तयारी वा गृहकार्य बिनाको निर्णय, प्रभाव बारे स्पष्टता नहुनु
- संघ संस्थाको बिनियम, निर्णयकर्ताको जोखिम लिने क्षमता कमजोर हुनु,

- निर्णयकर्ता उपर अनौपचारिक नियन्त्रण हुनु (राजनीतिक दलको दवाव),
- उपलव्ध श्रोत तथा साधनहरुसंग नमिल्दो निर्णय गरिनु,
- परिवर्तित ज्ञान तथा अवधारणागतलाई आत्मसात नगरिनु,
- प्रविधिको विकासलाई आत्मसात नगरिनु,
- कार्य बिभाजन नहुनु, जिम्मेवारीको बाँडफाँड उचित नहुनु, उत्तरदायित्व र जवाफदेहितालाई कार्यसंग बस्तुगत ढंगले नजोडिनु,
- बिश्वासको वातावरण कमजोर हुनु, राजनीतिक मुद्दाहरुलाई संस्थाको निर्णयसंग जोड्नु,
- कार्यको उचित मूल्यांकन नहुनु, प्रजातान्त्रिक र सामूहिक निर्णय शैलीलाई पन्छाइनु,
- अध्यक्षलाई बिशेष अधिकार राखिएको भएता पनि हरेक कार्यमा एकल वा अधिनायकबादी निर्णय वा सीमित समूहको सल्लाहमा निर्णय लिइनु, निर्णयमा राय लिने कार्य नाममात्रको हुनु,
- सहकारीको व्यवसायिक विकास भन्दा बाहिरका कुरामा बढी ध्यान केन्द्रित गरिनु,
- संस्थाको प्रतिस्पर्धी क्षमताको विकास गर्न नसक्नु,
- संस्थाको जोखिम व्यवस्थापन गर्नु नसकी बचत, ऋण, सदस्य भुक्तानी, शेयर लगायतका सदस्य रकम डुब्ने खतरा बृद्धि,
- संस्थाको श्रोत र साधनको नियन्त्रण गरी अपेक्षित नतिजा निकाल्नु।
- लोकप्रियताका लागि सामाजिक क्षेत्रलाई बढी जोड दिनु,

## प्राविधिक कार्यकुशलतामा निम्न क्षमता तथा अनुभवलाई लिइन्छः

- बिगतको कार्य उपलव्धी,
- कार्य सन्चालन सम्वन्धी सीप
- ज्ञान : शैक्षिक पृष्टभूमि तथा जान्नै पर्ने आधारभूत ज्ञानको तह
- बिशेषज्ञता : बिगतको अनुभवको स्तर तथा बिशेषज्ञता
- व्यक्तिगत सम्वन्धः साथी, ग्राहक, समकालीन, संगठन भित्रका कर्मचारीहरुसंगको पेशागत सम्वन्ध।

## अप्राविधिक कार्यकुशलताः

कुनै कलेजबाट उही बिषयमा समान अंकसाथ स्नातक उत्तीर्ण गरेका समान उमेरका ब्यक्तिहरु किन समान रुपमा सफल हुँदैनन् ?

अप्राविधिक कार्यकुशलतामा व्यवशायिक वा पेशागत कार्यकुशलताको साथै वैयक्तिक शीपहरु समावेश हुन्छ। यसमा उत्प्रेरणात्मक मूल्य र व्यवहारलाई समेत समावेश गरिन्छ। अप्राविधिक कार्यकुशलताले कार्यसम्पादनको स्तर वा गतिलाई अभिवृद्धि गर्दछ। पर्याप्त क्षमता र गुण रहेन भने कार्य गर्न असक्षम हुन्छ। यसलाई नै अप्राविधिक कार्यकुशलता भन्ने गरिन्छ।

यस किसिमको वैयक्तिक क्षमतासंग सम्वन्धित बिषयलाई अप्राविधिक कार्यकुशलतामा समावेश गरिएको हुन्छ । अरु प्रतिको जवाफदेहिता, तथ्यांक बिश्लेषण क्षमता, प्रतिस्पर्धी क्षमता, अरुप्रति सहानुभूति, व्यक्तिगत सम्वन्ध, अरुको कार्यलाई सच्याउनमा सहयोग गर्ने प्रवृत्ति, अरु कर्मचारीको कार्यक्षमतालाई बिकास गर्न सहयोग, नतिजामुखी कार्ययोजना, ठोस संगठन संरचनाको निर्माण, ठीक ठीक सुनुवाई, आत्मसन्तुष्टी, कार्यस्थलमा उपयुक्त कार्य आचरण, आफुले निर्वाह गर्नु पर्ने भूमिकाप्रति सचेतता, कार्य तत्परता, नेतृत्वको तत्परता, ज्ञान र सूचनाको महत्व बुझ्ने क्षमता र आत्मबिश्वास आदि नै अप्राविधिक कार्यकुशलतामा समावेश गरिएको हुन्छ। अप्राविधिक कार्यकुशलतामा ब्यवस्थापकीय क्षमतालाई मुख्य रुपमा हेरिनु पर्दछ । यसप्रकारको वैयक्तिक र पेशागत कार्यकुशलताको कारणले संगठनात्मक संस्कृति, व्यवस्थापन, कार्यकुशलता सम्वन्धी मुख्य कुराहरुको व्यवस्थापन, नेतृत्व विकास, सांगठानिक कार्यसम्पादनको स्तर र परिमाणलाई संरचनात्मक आधार प्रदान गर्दछ । कर्मचारी भर्ना गर्दा हेरिने पक्षहरु वा प्राविधिक सीप आधारभुत पक्ष हो । यसर्थ, यो अप्राविधिक कार्यकुशलताको विकास बिना कुनै पनि संगठन र कार्यरत जनशक्तिले विकासको चरणहरु दक्षता पूर्वक पार गर्न सक्तैन।

## सहकारीमा व्यवसायिक कार्यकुशलता बढाउने तरिकाः

सहकारी संस्थाहरु व्यवसायिक संस्थाहरु हुन । कुनै एउटा स्थानमा दुईवटा सहकारी संस्थाहरुमा एउटा छिटो विकास गरेको हुन्छ र उसका सदस्यहरु अत्यन्त खुसी हुन्छन् तर अर्को सहकारी संस्थाको अवस्था सामान्य मात्र किन हुन्छ ? तसर्थ, सहकारी संस्थाहरुमा कर्मचारी भर्ना गर्दा निजहरुको वैयक्तिक कार्यकुशलतालाई ध्यान दिनु जरुरी हुन्छ। संचालकहरु निर्वाचित गरिदा नेतृत्व गर्ने क्षमताका अतिरिक्त बैयक्तिक कार्यकुशलतालाई पनि ध्यान दिन सकिएमा त्यस्तो सहकारी संस्थाको वित्तिय सक्षमतामा छिटो विकास हुने हुन्छ।

मानिसहरुको वैयक्तिक कार्यकुशलता कसरी थाह पाउने ? त्यसको तथ्यांक तथा सूचनाको श्रोतहरु के के हुन सक्लान ? यसको लागि पहिलो कुरा कार्य जिम्मेवारी नै हो । कार्य जिम्मेवारी दिनु पूर्व उसको पारिवारिक पृष्ठभूमि, सामाजिक पृष्ठभूमि, उसको प्रवृत्ति तथा क्रियाकलापका आधारमा संचालक समिति वा उपसमितिको जिम्मेवारी दिई त्यसमा देखाएको क्षमताका आधारमा मात्र उसको नेतृत्वको क्षमतालाई आकलन गर्न सकिन्छ। त्यसको लागि कम्तिमा पनि शैक्षिक पृष्ठभूमि, अनुभव, उमेर तथा काममा लगनशीलतालाई हेर्नु पर्दछ।

# अब सहकारीले रोज्ने बाटो के कस्तो हुनु पर्ला ?



▪ विजय राज घिमिरे

सहकारी अभियानले सताब्दिऔं पुरानो इतिहास बोकेको पाइन्छ। मानव सभ्यताको विकासको आधार बोकेको यस अभियानलाई नयाँ पुस्ताको नयाँ अभियान पनि भन्न सकिन्छ। आफ्नै मूल्य, सिद्धान्त र आदर्समा आधारित रहेर संचालन हुने, सदस्य केन्द्रित सहभागिता तथा स्वामित्वमा आधारित, समानता, प्रजातान्त्रिक तथा पारदर्शि व्यवस्थापन र आर्थिक गतिविधि रहने पद्धति सहकारीका मूल्य सौन्दर्यता हुन्। यति मात्र होइन, सहकारीले आर्थिक पद्धतिका सबै क्षेत्रहरुमा भुमिका खेल्दछन् र यसले काम गर्ने वातावरणको सृजना र कामको सुरक्षाको समेत प्रत्याभूति गर्दछ। यसै कारणले गर्दा सहकारी उदयमसिलतालाई शान्ति, समृद्धि र समाजिक समानता प्राप्त गर्ने यस सताब्दिको विश्वको आज्ञा केन्द्रको रुपमा मानिन्छ। सहकारी अहिले विश्वकै सबभन्दा लोकप्रिय, विश्वासिलो तथा सबभन्दा ठूलो आर्थिक समाजिक सञ्जाल, रोजगार प्रदायक क्षेत्र र समावेशी विकासको सर्वोत्तम मोडेलको रुपमा स्थापित भएको छ। आधारभूत तहको स्रोत, सिप, श्रम, पूँजी र प्रविधिलाई सदुपयोग र समुदायको हितमा परिचालित गरी आर्थिक तथा समाजिक रुपमा पछि परेका विभिन्न कारणले वञ्चितकरणमा परेका नागरिकलाई अधिकार सम्पन्न वनाउने र समाजको मूल प्रवाहमा ल्याउने एक दिगो दर्शन र संस्कृतिको रुपमा सर्वस्विकार्य अभियान हो सहकारी। यसलाई वर्तमान समयको पहिलो सामाजिक अभियान, प्रजातान्त्रिक कार्य थलो र आर्थिक संकतको अवस्थाको सफल सामाजिक उदयम पनि मानिन्छ। सार्वजनिक तथा नीतिक्षेत्रको सकारात्मक विशेषता सम्मिलित तथा मौलिक, सामाजिक एवं व्यवसायिक उदयमका रुपमा रहेका यस क्षेत्रले वर्तमानमा जस्तै भविष्यमा समेत निजिक्षेत्रको पहुँच वाहिर वा नीजिक्षेत्रले चासो नराख्ने स्थानहरुमा सेवा प्रदान गर्दछ। सहकारी अभियानलाई विश्व अर्थतन्त्रको एक अंग जसले बेरोजगार तथा सिमान्तकृत वर्गलाई रोजगारी प्रदान गर्ने निकायको रुपमा स्विकारेको छ।

सहकारीको महिमाको बखान मात्र गर्दै जाने हो भने अझ थुप्रै रोचक विषय तथा प्रसंगहरु जोड्न सकिन्छ। तर सहकारीले अब नेपालको सन्दर्भमा कुन बाटो रोज्नु पर्ला भन्ने बारेमा मार्ग चित्र निर्धारण गर्ने बेला आएको छ जसले गर्दा माथि उल्लेखित बिषयहरुलाई यर्थाथतामा परिणत गर्न सकियोस्।

## नेपालको आर्थिक विकासः

आर्थिक विकासको हिसाबले नेपालको मूल्यांकन गर्नु पर्दा नेपाल अति न्यून विकसित देशमा पर्दछ। देशको आर्थिक वृद्धि ज्यादै ढिलो हुनुका साथै सामाजिक र मानविय विकास पनि ज्यादै न्यून रहेको छ। देशको आर्थिक विकास विगतको दशकमा ४ प्रतिशतमा सिमित रहेको पाईन्छ। जिम्मेवारी पदमा आसिन व्यक्तिहरुको कामप्रतिको अठोटमा कमि र नेताहरुको जनताप्रतिको घट्दो उत्तरदायित्वको बोधको कारण देशको अवस्था विग्रेको हो भन्न सकिन्छ। नेताले जनतालाई सत्तामा जाने भऱ्याङको रुपमा मात्र हेर्ने गरेका छन् भने जनताले पनि योग्य व्यक्ति छान्नुको सत्ता जोकोहिलाई छानेर सत्तामा मनपरी गर्ने लाइसन्स् दिने काम भएको छ। अमेरिकी डलर १.२५ भन्दा माथि अर्थात नेपाली रू. १२६।- प्रतिदिन कमाउने व्यक्ति गरिबिको रेखा माथि पर्ने गर्दछन्। के रू. १२६।- ले खान लगाउन पुग्छ होला त ? सन् २०१५ को आंकडा अनुसार गरिबिको रेखामुनीका को संख्या देशको कूल जनसंख्याको २३.८ प्रतिशत रहेको देखाइएको छ। देशको कूल आम्दानी लाई जनसंख्याले भाग गरेर गरिबिको रेखामुनिको जनसंख्या निर्धारण गर्ने गरिन्छ। यसकारण यसले सहि संख्यालाई सम्वोधन गर्ने बारे यकिन भन्न पनि सकिन्न। अर्को रमाईलो पक्षके हो भने देशका धनी व्यक्तिहरुको धनलाई जनसंख्याले भाग गरेर प्रति व्यक्ति वार्षिक आय गणना गरिने गरिन्छ। जसअनुसार हाल नेपालीको प्रति व्यक्ति आय ८३३।- अमेरिकी डलर वरावर देखाइएको छ। यसरी देशका धनीका धन गरिबलाई कागजमा बाँडेर प्रति व्यक्ति आय घोषणा गरिन्छ। यस्ता कार्यलाई नेपालका अर्थशास्त्रिले निर्माण गरेको अन्यायपूर्ण समाज रहेको देश भन्न सकिन्छ नेपाललाई।

नेपाल सन् १७६५ मा पृथ्वी नारायण शाहले एकिकरण गरिसकेका थिए। जब कि संयुक्त राज्य अमेरिका सन् १७८९ मा बनेको देश हो। अमेरिका विश्वको एक नम्बर अर्थतन्त्र र विश्वको प्रथम शक्ति राष्ट्र बनेको छ। नेपाल भने अरबबाट आएको विप्रेषण (रेमिटेन्स्) बाट कृतिम सास फेरिरहेको अर्थतन्त्रको मुलुक बनेको छ। यस स्थितिलाई समयमा नै सुधार नगरिएमा अरबबाट आउने रेमिटेन्स् रोकिने बित्तिकै नेपालको अर्थतन्त्रको अवसान हुने प्रष्ट देखिएको छ। नेपाल अहिले छिमेकि राष्ट्रहरुको वजारको रुपमा परिणत भएको छ। ति देशका सामानहरु नेपालमा आउने, तर नेपालले भने ति देशहरुमा सामानहरु पठाउन नसक्ने। नेपालबाट गए पनि अप्रशोधित वस्तुहरु जाने र प्रशोधन पछि पुन नेपालमा नै खपत हुने। नेपालका सृजनशिल युवाहरु रोजगारीका लागि विदेशिने अर्को डरलाग्दो अवस्था रहेको छ। के वास्तवमा नै नेपालमा रोजगारी न भएको हो त ? तर, यर्थाथमा के पाइन्छ भने नेपालबाट गत वर्ष मा ३ खर्ब ३४ अर्ब रेमिटेन्स् वापत गएको छ। नेपाल भारतलाई सबै भन्दा बढी रेमिट्यान्स पठाउने सातौं देशहरु मध्येमा पर्दछ। जबकि भारत नेपालमा रेमिट्यान्स् पठाउने १५ देश भित्र पनि पर्दैन। यदि नेपालमा रोजगारीको अवसर नभएको भए त ३ खर्ब ३४ अर्ब कसरी गयो त ?

यसले के प्रष्ट्याउँछ भने नेपालमा रोजगारीका अवसरहरु नभएका होइनन्, यसलाई सहि व्यवस्थापन गर्न नसकिएको मात्र हो।

हालको विश्वको ७ अर्ब जनसंख्या सन् २०५० सम्ममा वृद्धि भएर साढे ९ अर्ब पुग्ने अनुमान छ। जसमध्ये ८६ प्रतिशत जनसंख्या अल्पविकसित देशहरुमा हुने हुंदा समयमा नै सचेत नहुने हो भने नेपाल जस्ता देशको स्थिति भयानक हुने पनि भविष्यवाणी विज्ञहरुले गरि सकेका छन्।

**नेपालका सहकारीहरुको वर्तमान अवस्था:**

नेपालको सहकारी अभियानले ६० वर्षको इतिहास पार गरिसकेको छ। यस अवधिमा राम्रा नराम्रा, अप्ठयारो सप्ठयारो सबै किसिमका परिस्थितिहरु भोग्दै, अनुभव गर्दै र यसलाई पार गर्दै यस अवस्थामा आइपुगेको छ। यस अवस्था सम्म आइपुग्दा केहि नराम्रा पक्षहरु रहे तापनि सहकारीले समष्टिगत रुपमा सकारात्मक छाप छोड्न सफल भएको छ। वर्तमान अवस्थामा राज्यले पनि सहकारी अभियान प्रति सकारात्मक रबैया नै अख्तियार गरेको छ। आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशिल बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने उद्देश्य लिई सहकारी को सहभागिता राज्यले खोजेको छ। देशमा अहिले करिब ३४ हजार विभिन्न प्रकृतिका सहकारीहरु स्थापित भई कार्य गरि रहेका छन्। हाल कृपासिल रहेका सहकारीहरुको औसत रुपमा गरिएको सर्वेक्षणबाट नेपालमा संचालित सहकारीहरुको स्थिति विश्लेषण गरिदा पाइएका गतिविधि तथा तथ्याक्तहरु मध्ये केहि बुँदाहरु प्रस्तुत गरिएको छ।

**सहकारी संस्थाहरुको स्थिति विश्लेषण:**

१. सदस्यको अनुपात तथा संरचना

सर्वेक्षणबाट कूल सदस्य संख्याको प्रति सहकारी औसत सदस्य संख्या ७५३ रहेको पाइएको छ। सोमध्ये महिला सदस्यको औसत संख्या ४०८ र पुरुष सदस्यको औसत संख्या ३४५ रहेको छ। सो अनुसार महिला सदस्यको अनुपात ५४.२ प्रतिशत र पुरुषको संख्या अनुपात ४५.८ प्रतिशत देखिन्छ।

२. समग्र वित्तिय स्थिति

(क) पूँजी संरचना

सहकारी संस्थाहरुमा औसत पूँजीप्रति संख्या रू २.८९ करोड देखिन्छ।

(ख) कोष संरचना

प्रति संस्था औसत कोष रू. १०.५८ लाख रहेको पाइन्छ।

(ग) ऋण लगानी :

औसतमा कुल रू. २७६.४५ लाख ऋण लगानी भएको पाइन्छ।

(घ) वार्षिक कारोबार :

औसत वार्षिक कारोबार रू. ३०१.९९ लाख रहेको देखिन्छ।

(ङ) युवा सहभागिता :

अधिकांस युवाहरु विदेश पलायन हुने स्थिति विद्यमान रहे तापनि ३५ प्रतिशत युवाहरु सहकारीमा आवद्ध रहेको पाइन्छ।

४. मुनाफाको स्थिति :

सर्वेक्षणबाट सहकारी संस्थाहरु मध्ये समग्रमा करिब ७५ प्रतिशतले मुनाफा आर्जन गर्न सक्षम भएका छन्।

५. पूँजी परिचालन :

दुर्गम ग्रामिण्म क्षेत्रका गाउँघरमा रहेका साना साना बचत संकलन गरी स्वरोजगार एवं जीविकोपार्जनका लागि आवश्यक पूँजीमा सहज पहुँच बढाई सामाजिक प्रयोजनका साथै उत्पादनशील कार्यमा लगानी गर्नमा प्रारम्भिक सहकारी संस्थाहरुले उत्प्रेरित गरेका छन्।

६. बचत तथा ऋण सहकारीको वाहुल्यता :

सहकारी क्षेत्रमा बढी मात्रामा बचत तथा ऋण सहकारी संस्थाहरुको उपस्थिति रहेको छ। यसले समुदायमा बचत गर्ने संस्कृतिमा सकारात्मक प्रभाव परेको पाइन्छ।

७. आर्थिक सामाजिक रुपान्तरण :

सहकारी संस्थाहरुको क्रियाशिलताले आर्थिक सामाजिक रुपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ।

पहिले संयुक्त राष्ट्र संघले पनि सन् २०१६ देखि २०३० सम्ममा विश्वका सबै राष्ट्रले गर्नु पर्ने भनी दिगो विकासका लक्षहरु प्रस्तावित गरेको छ। दिगो विकासका लक्षहरु सफलतापूर्वक कार्यान्वयनको लागि सहकारी क्षेत्रले पनि आफ्नो तर्फ बाट व्यापक भूमिका खेल्नु पर्ने छ। माथि उल्लेखित राष्ट्रको आर्थिक अवस्था र सहकारी क्षेत्रले आर्जन गरेको लोकप्रियता समेतलाई मध्य नजर गरी सबै सहकारी संघ संस्थाहरुले आफ्ना भावी मार्ग चित्र तयार गर्नु पर्ने हुन्छ। ताकी साको आधारमा माथी उल्लेखित चुनौतिहरुको समाधान गर्न सार्थक बनोस्।

कहिले काहीं सगरमाथा चढ्न भनी हिंडेको मान्छे धान्द्रुक पनि पुग्छ नसकेको अवस्था रहन्छ। त्यस्तै काम नसोधिकन आइपुगे जस्तै भविष्यका अप्ठ्यारा दिनहरु पनि नसाधिका एक पछि अर्को गरी आई पुग्ने नै छन्। आई पर्ने सबै किसिमका अप्ठ्याराहरुलाई अवसरमा परिणत गर्दै मुख्यतया सहकारी अभियान ले भोकको अन्त्य (To End Hunger) भुमण्डलको संरक्षण (To Protect Planets), र सबैको समृद्धिको प्रत्याभूति (Ensure the Prosperity of All) हुने विषयलाई मार्ग चित्र (Road Map) बनाई अघि बढेमा राज्यको चाहना, दिगो विकास लक्षहरुको चाहनाको परिपूर्ति हुनुको साथै अधिकारताको महत्व अझ प्रष्टिने छ।

लेखक:
राष्ट्रिय सहकारी विकास बोर्डका सल्लाहकार तथा
पुर्व उपाध्यक्ष, राष्ट्रिय सहकारी संघ लि. हुनु हुन्छ।

# महिला सशक्तिकरणमा सहकारीको भूमिका



■सरिता तिमल्सिना भट्टराई
संचालक
(राष्ट्रिय सहकारी बैंक लि.)

- नेपाली महिलाहरु सामाजिक, आर्थिक, राजनीतिक र बौद्धिक क्षेत्रमा कमजोर नै छन् त ?
- राज्य र समाजले महिलाको भूमिकाको सही मूल्यांकन गरेको छ त ?
- महिलाहरु आफैं अगाडि बढ्न नचाहेका हुन् की ?
- महिलाहरुले समान अधिकार लिन नचाहेका हुन की ?
- महिलाहरु साधन र श्रोतबाट वन्चित गराइएका हुन त ?

नेपाली महिलाहरुले यी सवै प्रश्नहरुको उत्तर सहकारीमा आवद्ध भए पछि प्राप्त गर्दै जान्छन्।

नेपालमा सहकारीको शुरुवात वि.सं. २०१३ साल चैत्र २० गते देखि चितवन को वखानपुरबाट शुरु भएको हो। देशभर ३३,५९९ सहकारी संघसंस्थाहरु छन जसमध्ये ४१८२ सहकारी संस्थाहरु महिलाद्वारा मात्र संचालित छन्। सम्पूर्ण सहकारी संघ संस्थाहरुको छाता संघको रुपमा राष्ट्रिय सहकारी संघ रहेको छ। त्यस्तै विभिन्न विषयगत सहकारी संघ संस्थालाई प्रबर्द्धन गर्न हाल २० वटा विषयगत केन्द्रिय सहकारी संघ संचालनमा छन् भने यिनै सहकारी संघ संस्थाहरुलाई वित्तिय सहयोगका लागि देश भरमा एक मात्र सहकारी क्षेत्रको बैंक राष्ट्रिय सहकारी बैंक संचालनमा छ। त्यसैगरि हाल नेपाल राज्य भरि ६९ वटा जिल्ला सहकारी संघ, २४१ विषयगत जिल्ला सहकारी संघ अस्तित्वमा रहेका छन जसमा महिला ३० लाख भन्दा वढी र पुरुष २९ लाख गरेर जम्मा ६० लाख भन्दा वढी सहकारीमा सदस्यहरु आवद्ध छन्। संचालकहरुको हकमा ८९ हजार महिला र १ लाख ४२ हजार पुरुषहरुले नेतृत्व गरिरहेका छन्। त्यस्तै २७ हजार महिला र ३० हजार पुरुष कर्मचारी गरि करिव ५७ हजार नेपालीलाई सहकारी क्षेत्रले प्रत्यक्ष रोजगारी दिएको छ। यसरी समग्रमा सहकारी क्षेत्रमा महिला सहभागिता ६१ प्रतिशत भएता पनि नेतृत्वतहमा भने महिलाको पहुंच ३४ प्रतिशत मात्र पुगेको छ (श्रोतः सहकारी विभाग २०७३)।

सहकारी आन्दोलनको मुख्य उद्देश्य नै यसमा आवद्ध सदस्यहरुमा सकारात्मक सोचको विकास गराउनु र त्यसैको जगमा समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक उन्नति गरेर जनताको जीवनस्तरमा सुधार ल्याउनु हो। सहकारीको माध्यमवाट आर्थिक, सामाजिक लैंगिक र साँस्कृतिक विभेदको अन्त्य गरि आर्थिक तथा सामाजिक जीवनस्तर उठाउँदै उद्यमशीलताको विकास गरी स्वरोजगार सिर्जना गर्नु यसको प्रमुख उद्देश्य हो। त्यस्तै महिलाहरुको आर्थिक तथा सामाजिक सशक्तिकरणको माध्यमबाट गरिवी न्यूनीकरण गरि दिगो विकासमा सरिक गराउनु अर्को उद्देश्य हो। महिला सशक्तिकरणको एउटा प्रमुख आधार छरिएर रहेको ससानो पूँजीलाई व्यवस्थित गरि परिचालन गर्नु र सो परिचालित पूँजी मार्फत महिलाहरुलाई थप सशक्त बनाई व्यवसायिक उद्यमी बनाउन सहकारीले प्रमुख भूमिका खेलेको छ। जसले गर्दा गाउँ गाउँमा छरिएर रहेको पूँजीलाई एकितृत गरि सदस्यहरुले सजिलैसित आर्थिक कारोवार गरि गाउँको उत्पादनलाई शहरमा र शहरको पूँजीलाई गाउँमा भित्र्याउन समेत सहज भएको छ।

## सरकारी दृष्टिकोणमा महिलाः

नेपाल सरकारले महिलाहरुलाई लक्षीत गरेर बनाएका नितीहरुले आर्थिक तथा सामाजिक प्रवर्द्धन गरेको छ। जसलाई कमानुसार कार्यान्वयन गर्न जरुरी छ। यस्ता नितीहरु कार्यान्वयनका लागि समेत सहकारी संघ संस्थाहरु माध्यम हुन सक्दछन्। जस्तै

- नेतृत्व, सिप, क्षमता विकास र रोजगारीमूलक, उद्यमशील तालीम
- राष्ट्रिय महिला आयोग कानुनमा सुधार
- महिला उद्योगीका लागि सर्वसुलभ समुहगत ऋण प्रदान
- आर्थिक सशक्तीकरण (आयआर्जन)
- लघु वित्त ऋण सहुलियत कर्जा
- महिला विकासको अलग कार्यक्रम
- उल्लेखित उद्यमीलाई सहकारीमा आवद्ध गराई वित्तमा पहुँच बढाउन
- पूँजीमा पहुँचका लागि एकीकृत व्यवसाय विकास सेवा प्रदान गर्ने
- घरेलु तथा उद्योग वाणिज्य संघसित निकट समन्वय गरी उद्यमशिलता विकासको काम गर्ने।
- महिला जागृति कार्यक्रम मार्फत सचेतता सम्बन्धि कार्य गर्ने
- बचत तथा ऋण सहकारीमा प्राथमिकता
- कृषिमा उत्पादन प्रविधि, उद्योग, पर्यटन, र वनमा महिला सहभागितामा प्राथमिकता
- गैरसरकारी क्षेत्रमा महिला विकास कार्यमा जोड
- महिला उद्यमीलाई प्रोत्साहन पुरस्कार
- पछि परेका छात्रालाई छात्रवृत्ति

- घरेलु हिंसा, चेलीबेटी बेचबिखन विरुद्ध कार्यक्रम
- प्रजनन शिक्षा

गणतन्त्र नेपालको शासन प्रणालीमा महिला नेतृत्व
नेपालको दोश्रो तथा पहिलो महिला राष्ट्रपति सम्माननीय विद्यादेवी भण्डारी (२०७२)
नेपालको पहिलो महिला सभामुख सम्माननीय ओनसरी घर्ती मगर (२०७२)
नेपालको पहिलो महिला पूर्व प्रधानन्यायाधिस सम्माननीय सुशिला कार्की (२०७२)
नेपालको पहिलो सहकारी तथा गरिवी निवारण मन्त्री माननिय अम्बिका वस्नेत (२०७४)

## सहकारीमा महिला सहभागीताका लागी सरकारी पहल:

नेपाल सरकारले सहकारी मापदण्ड २०६८ मा महिला सहभागीतालाई सुनिश्चत गर्न प्रयास गरेको छ।

- प्रारम्भिक संस्थाको हकमा सदस्यताको अनुपातका आधारमा संचालक समिती र लेखा समितीमा महिला नेतृत्व निर्वाचित हुने
- संघको हकमा ३३ प्रतिशत महिला सहभागीता रहनुपर्ने।
- २०६९ को सहकारी निती अनुसार संघहरुमा ४० प्रतिशत महिला सहभागीता गराउँदै लैजानु पर्ने। कुनै समय नेतृत्व तहमा एकजना पनि महिला सहभागीता नभएको सहकारी संघ संस्थामा अव ३३ प्रतिशत महिला बनाउनु पर्ने बाध्यात्मक व्यवस्थाले सहभागीतामा थप टेवा पुगेको देखिन्छ ।

## वर्तमान नेपालको सहकारी संरचनामा महिला नेतृत्व:

- राष्ट्रिय सहकारी संघको २४ जना संचालक र लेखा समितीमा महिला १ जना उपाध्यक्ष र २ जना सदस्य छन्।
- नेफ्स्कुनको २२ जना संचालक र लेखा समितीमा महिला १ जना उपाध्यक्ष र ४ जना सदस्य छन्।
- राष्ट्रिय सहकारी बैंकमा १४ जना संचालक र लेखा समितीमा १ जना मात्र महिला संचालक छन्।
- राष्टिय सहकारी संघ, केन्द्रिय संघहरु र सहकारी वैंक गरि जम्मा २०३ संचालकहरुमा मध्ये ५० जना महिला र ६० जना लेखा समिती मध्ये ८ जना महिला सदस्य रहेको तथ्यांक पाइएको छ।
- (हालसम्म राष्ट्रिय सहकारी संघ, केन्दिय संघ र सहकारी वैंकमा महिला अध्यक्ष नभएको पाइन्छ)
- जिल्ला सहकारी संघ र विषयगत सहकारी संघहरुमा भने हाल सम्म ९ जना महिला अध्यक्षहरुले नेतृत्व गरेको पाइन्छ।
- महिलाहरुले मात्र संचालन गरेका ४१८२ संस्थाका त्यतिनै महिला अध्यक्ष र संचालक रहनुले पनि महिलाहरु नेतृत्व तहमा जिम्मेवारी लिनका लागि तयार भइ रहेको भान हुन्छ।

तर पनि वर्तमान परिपेक्षमा महिलाहरुले मात्र चलाएका सहकारी संस्था नभएको भए सायद अहिले पनि विषयगत केन्द्रिय संघ, जिल्ला संघहरुमा महिलाको सहभागिता वा नेतृत्व न्युन नै रहने थियो।

## अन्तर्राष्ट्रिय सहकारी अभियानमा महिला:

अन्तर्राष्ट्रिय सहकारी महासंघमा वर्तमान अध्यक्ष महिला मोनिक लेरक्स र पूर्व अध्यक्ष समेत महिला डेम पाउलिन ग्रिनले नेतृत्व गरिरहेकोले अवसर पाएमा महिलाहरुले जिम्मेवारी पुर्वक काम गर्न सक्छन भन्ने देखिन्छ।

## नेपालको संविधानमा सहकारी:

नेपालको संविधान २०७२ मा समेत निर्देशक सिद्धान्तको रुपमा धारा ५० (३) मा नेपालको दिगो आर्थिक विकासको निम्ति सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिका सुनिश्चित भनि लेखिएको छ। साथै सरकार, सहकारीता र निजी क्षेत्रको माध्यमबाट मुलुकमा अर्थतन्त्रको विकास गर्ने निति राज्यले अवलम्वन गर्नेछ भनि लेखिएको छ। संविधानको धारा ५१ (घ) (१) अन्तर्गत सार्वजनिक निजि र सहकारीको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्टिय अर्थतन्त्र सुदृड गर्ने गरी राज्यको निति बनाउनु आवश्यक भनिएको छ, धारा ५१ (घ) (१) ले सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने नितिमा जोड दिएको छ।

विभिन्न अध्ययन अनुसन्धान र खोजवाट प्राप्त सूचनाका आधारमा के भन्न सकिन्छ भने अधिकांश नेपाली जनता प्रत्यक्ष वा परोक्ष रुपमा कुनै न कुनै सहकारी संस्थामा आवद्ध छन्।

## नेपालको संविधानमा महिला:

नेपालको संविधान २०७२ मा महिलाका लागि लेखिएका निम्न बुँदाहरुलाई ध्यान दिएर सहकारी संघ संस्था मार्फत आवद्ध महिला सदस्यहरुलाई तालिम गोष्ठी मार्फत कार्यान्यवनमा पहल गर्न सकिन्छ।

- भाग ३ मौलिक हक र कर्तव्य अन्तरगत धारा १८ मा समानताको हकमा सवै नागरिक कानुनको हकमा समान हुने छन तर आर्थिक सामाजिक सांस्कृतिक रुपवाट पछाडि परेका दलित महिलाहरुका लागि कानुन वमोजिम विशेष व्यवस्था गर्न सकिनेछ ,
- धारा ३८ को महिलाको हक को १ मा प्रत्येक महिलालाइ लैंगिक भेदभाव विना समान वंशिय हक हुनेछ ,

- धारा ३८ को २ मा प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धि हक हुनेछ
- धारा ३८ को ३ मा महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारिरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानुन वमोजिम दण्डनिय हुनेछ र पिडितलाई कानुन वमोजिम क्षतिपुर्ति पाउने हक हुनेछ,
- धारा ३८ को ४ मा राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेसि सिद्धान्तका आधारमा सहभागी हुने हक हुनेछ,
- धारा ३८ को ५ मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजीक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ,
- धारा ३८ को ६ मा सम्पत्ति तथा पारिवारीक मामीलामा दम्पत्तिको समान हक हुनेछ।
- भाग २ को ६ मा नागरिकताको हकमा समेत महिलाको नामवाट नागरिकता लिन सक्ने प्रावधान वारे व्याख्या गरेको छ।
- भाग ८ संघिय व्यवस्थापिका ८४ को २ मा उम्मेद्वारी दिंदा जनसंख्याको आधारमा महिलालाई ध्यान दिइनेछ।
- भाग ८ मा संघिय संसदमा प्रतिनिधित्व गर्ने कुल सदस्य संख्याको एक तिहाइ महिला हुनु पर्नेछ। स्थानिय निकायको कार्यपालीकामा निर्वाचित मध्ये ३ जना महिला अनिवार्य हुनु पर्ने।

## स्थानिय निकायमा महिला:

स्थानिय निकायमा महिलालाई राम्रै स्थान दिएको पाइएको छ। सहकारी मार्फत नेतृत्व, व्यक्तित्व विकाश शसक्तिकरण र सवलीकरणमा सहयोग पुऱ्याएका कारण हालसम्म निर्वाचित स्थानिय निकायका महिला धेरै जसो सहकारीमा आवद्ध रहेका देखिन्छन।

जस्तै स्थानिय निकायमा : ४ महानगरपालिका, १३ उपमहानगरपालिका २४४ नगरपालीका ४८१ गाउँपालीका, ६६८० वडाहरुमा ७४४ प्रमुख र उपप्रमुख, ६६८० वडा अध्यक्ष, १३,३६० वडा सदस्य गरि जम्मा ३६६३९ जना उम्मेदवार बन्न सक्नेछन जसमध्ये ६६८० महिला वडा सदस्यको अनिवार्य स्थान र ६६८० महिला दलित सदस्यको अनिवार्य स्थान तोकिएका छ भने स्थानिय निकायमा ७४४ प्रमुख र उपप्रमुख मध्ये १ सिट महिलाका लागि सुरक्षीत गरिएकोले समेत महिलाहरुको उल्लेख्य सहभागिता देखिएको छ।

त्यसै गरि आगामी दिनमा सहकारी संघ संस्थाले आफ्ना महिला सदस्यहरुलाई यो जिम्मेवारीका लागि समेत तयार गर्दै जान जरुरी छ।

## दिगो विकाश लक्षमा महिला:

संयुक्त राष्ट्र संघले ल्याएको दिगो विकाश लक्षमा समेत लैंगिक समानता र सवै महिला तथा बालीकाहरुको सशक्तिकरण गर्ने सम्बन्धमा उल्लेख छ। साथै दिगो विकाश लक्ष प्राप्तीमा सहकारीको भूमिका रहनेछ भनेर राष्ट्रिय सहकारी महासंघले १७ वटै लक्षलाई सफल वनाउन सहकारी संघ संस्था मार्फत कार्यान्वयन गर्दै जान आह्वान गरेको छ। जसमा सहकारी संघ संस्थाले पाँचौं लक्ष लैंगिक समानतालाई विशेष जोड दिदै महिला शसक्तिकरणका लागि काम गर्न सक्दछ।

सन् २०३० सम्ममा यो लक्ष्य अन्तरगत सवै महिला वालवालीका विरुद्ध हुने सवै प्रकारका भेदभावको अन्त्य गर्दै लैंगिक समानता हासिल गर्ने, वाल विवाह, महिला वेचविखन जवर जस्ती विवाह लगायतका विकृति तथा चलनहरुलाई हटाउने, राजनैतिक आर्थिक व्यवसायिक सामाजिक तथा सार्वजनिक जीवनमा निती निर्माण तथा नेतृत्वदायी तहमा महिलाहरुको समान सहभागितको प्रत्याभुती गराउने, महिला विरुद्धका सवै भेद्भावहरुको अन्त्य गर्ने,लैंगिक हिंसाको अन्त्य गर्ने, राजनैतिक, महिला सहकारी संस्थाको विकाश, सहकारी संघ संस्था मार्फत महिलाहरुलाई आर्थिक श्रोतमा समान अधिकार दिनका लागि सुधार गर्ने, भूमिको स्वामित्व, अन्य सम्पत्ति तथा महिलालाई वित्तिय सहभागिता , सहकारी संस्थामा महिलाको उच्च सहभागिता, आयआर्जन मार्फत महिला सशक्तिकरणमा पहुँच पुरयाउने , महिलाहरुलाई नयाँ प्रविधिको प्रयोगवारे सिकाउने, र महिलाहरुको सशक्तिकरणका लागि सूचना र सन्चार प्रविधिको प्रयोग वढाउने जस्ता लक्ष राखिएका छ र यो लक्ष प्राप्तिका लागि सहकारी अपरिहार्य रहेको छ भन्ने संयुक्त राष्ट संघको समेत अठोट छ।

## सहकारीमा महिलाहरुको अवसर तथा उपलब्धि:

सहकारीको माध्यमबाट महिलाहरुको निर्णय क्षमतामा बृद्धि, आत्मविश्वास क्षमतामा बृद्धि, सामाजिक स्थान तथा सम्मानमा बृद्धि र स्थानिय स्तरको बचत परिचालन क्षमतामा बृद्धि हुन्छ। साथै साहुमहाजनको चर्को व्याजबाट मुक्ति, समुहको विकाश प्रकृयामा सहभागिता, स्वरोजगारी र उत्पादकत्वमा बृद्धि, गरिवि न्यूनिकरणमा सहयोग, लघुवित्त संस्थाको विकाश थोक कर्जा सेवा प्रवाह गर्न सक्ने क्षमताको विकाश गराउनमा सहकारी क्षेत्रको उल्लेखनिय भूमिका रहन्छ। आज सहकारीमा पारदर्शी तरिकाबाट कारोवार गरेका आधारवाट महिलाहरु पनि पुरुष सरह आर्थिक कृयाकलापमा सहभागी वन्न थालेका छन्। जसले गर्दा परिवारबाट समेत यथोचित सम्मान पाउन थालेका छन्। महिलाहरुले सानो सानो रकम सहकारीमा बचत गर्ने र बचत रकमलाई सदस्यहरुको जमानीमा लगानी गर्ने देखि लिएर जग्गा धितो राखि लगानी गरि व्यापार व्यवसाय गर्न तथा उद्योग संचालन गर्न समेत थालिसकेका छन्। यसरी सहकारी क्षेत्रमा महिला सहभागिता बढ्दै जानु महिला सवलीकरणका लागि सकारात्मक पहल भएको मान्नु पर्छ ।

वास्तवमा महिलाहरु सहकारी संघ संस्थामा आवद्ध भइसके पश्चात धेरै किसिमका अवसर पाउन सकिने देखिन्छ। जस्तै

- व्यवसायि वनि समाजको आर्थिक विकासमा गति दिन
- आफुमा भएको शिप क्षमता लाई सदुपयोग गर्न

- उत्पादनमा बृद्धि गरि बजारीकरण गर्न
- तलिम शिक्षाको अवसर प्राप्त गरि नया कुरा सिक्न
- उत्पादन, प्रशोधन, बजार व्यवस्था, स्वास्थ्य, शिक्षा, विज्ञान प्रविधि, यातायात, सञ्चार, विद्युत्, आवास, बिमा आदि जस्ता क्षेत्रहरूमा सहकारीमार्फत लगानी गर्न
- स्वरोजगारी श्रृजना गरि जिविकोपार्जन गर्न
- बचत संकलन गरि सदस्यहरु एक आपसमा लगानी गर्न
- नेतृत्व विकास सामाजिकीकरण र जातीय निकटता र भाइचाराको सम्बन्ध विकास गर्न
- बढ्दो गरिवी र आय असमानतालाई कम गर्न
- बैंकिङ्ग सुविधाबाट वन्चित नभई सहकारी मार्फत आर्थिक कारोवार गर्न
- राज्यका जिम्मेवार पद ग्रहण गर्न सक्ने क्षमता वढाउन

## सहकारीमा महिला सशक्तिकरण कसरी ?

महिला सशक्तिकरण कार्यक्रम सञ्चालन गरेर, लघुवित्त कार्यक्रम सञ्चालन गरेर, नीतिगत व्यवस्था गरेर महिला विकासका लागि छुट्टै विभाग वा शाखा खोलेर, महिलाको लागि निती निर्माण तहमा पदको सिर्जना गरेर, महिलाको लागि करमा विशेष छुट तथा उत्प्रेरणा दिएर, महिलाको संस्था दर्ता प्रकृयामा सहजता अपनाएर महिला शसक्तिकरण गर्न सकिन्छ। महिला शसक्त र सक्षम भए पश्चात लैंगिक समानताका लागि विभिन्न विषय उठान हुनु जरुरी छ जस्तै, शिक्षा तालिम तथा चेतना मुलक कार्यक्रम, कानुनी संरक्षण एवं आरक्षण व्यवस्था स्वास्थ्य प्रजनन एवं परिवार नियोजन कार्यक्रम, महिला वकालत लैंगिक वकालत महिला सशक्तिकरण तालिम गोष्ठी तथा अन्य कार्यक्रममा पुरुष संगै महिला सहभागिताको निर्णय, निति निर्माणमा महिला सहभागिता, असमान व्यवहार हटाइ घर भित्रको कामलाई आम्दानी मुलक मान्ने वातावरणको श्रृजना तथा नेतृत्व वहन गर्न अवसर प्रदान गर्ने आदि।

## लैंगिक समानता र सहकारीता

सहकारी मार्फत लैंगिक समानतामा समेत काम गरि महिलाहरुलाई सशक्त बनाउन सकिन्छ जस्तैः

- सदस्यता प्रदान गर्दा महिला पुरुष दुवैको सहभागिता बृद्धि गर्ने
- केन्द्रिय निकायमा आवद्धताका लागि महिला प्रतिनिधि पठाउने व्यवस्था गर्ने
- साधारण सभामा महिला पुरुष समान सहभागी वनाउने
- संचालक समिति र अन्य समितिमा महिला सदस्यहरुको अनिवार्य निर्वाचन गर्ने
- संस्थाको कारोवारमा महिला सदस्यलाई प्राथमिकता दिने
- सहकारी शिक्षा तालिममा महिला सदस्यको समान सहभागिता गराउने
- महिला उद्यमी विकाशको लागि तालिम र शिक्षाको व्यवस्था गर्ने
- समिति उपसमितिमा महिलाहरुको स्थान अनिवार्य गराउने
- महिलाहरु प्रति सहयोगी धारणाको विकास गर्ने
- निर्णयमा महिला सहभागिताको बृद्धि गराउने नितिगत व्यवस्था गर्ने

## सम्भावना तथा चुनौतीहरु

यसै सन्दर्भमा विभिन्न क्षेत्र, वर्ग लिंग र पेशालाई लक्षित गरेर तिव्र गतिमा नयाँ नयाँ सोच लिएर सहकारी संस्थाहरु दर्ता भई रहेका छन् र यो क्रम दिनानुदिन वढ्दै गएको छ। यसरी दर्ता भएका सहकारी मध्ये धेरै सहकारी संस्थाले यसको मूल्य, मान्यता र सिद्धान्त अनुरुप कार्य गर्दै आएका छन् भने केहि संस्थाले ति मूल्य मान्यतालाई वेवास्ता गरि प्राइभेट लिमिटेड कम्पनिको रुपमा कार्य गरेर सहकारी शब्दकै वदनाम समेत गरिरहेका छन्। यसरी संख्यात्मक रुपमा बृद्धि भएको सहकारीको भेललाई समयमै उचित रुपमा अनुगमन सुपरिवेक्षण र नियन्त्रण गरेर यसलाई गुणात्मक दिशातर्फ उन्मुख गराई स्वस्थ प्रतिस्पर्धाको विकास गराउनु आजको सहकारी आन्दोलनको प्रमुख चुनौति रहेको छ।

संविधानमा तोके वमोजिम अर्थनितिका ३ खम्वा मध्येको सहकारी हामी सवैका लागि आवश्यक र अपरिहार्य छ, यसमा दुई मत छैन तर हाम्रो सामाजिक संरचना पुरुष प्रधान भएको हुँदा विशेष गरि महिलाहरुको शसक्तिकरणका लगि सहकारी एक उचित माध्यम वन्न सक्दछ। सहकारीको विकासका लागि महिलाको भूमिका अथवा महिलाहरुको विकाशका लागि सहकारीको भूमिका वास्तवमा यि वाक्य पर्यायवाची हुन सक्छन्। सहकारीमा स्व मालिक, स्व व्यवस्थापन, स्व नियन्त्रण पद्धति र स्व लाभ हानीको भागिदर भएकोले महिलाहरुले यसलाई सहज ढंगवाट संचालन गरि आफु शसक्त भएको महशुस गर्न सक्दछन्।

सम्पूर्ण निकायमा सहकारीको महत्व र यसमा महिलाका सहभागिताको आवश्यकताका बारेमा उल्लेख भएता पनि कति महिला दिदि वहिनीहरुको अझै पनि वाणिज्य बैंकहरुमा पहुँच पुग्न सक्ने क्षमता नभएको, सहज वातावरण नभएको र कर्जा लिनका लागि नपत्याउने कारणले पनि सहकारी संस्थाहरु अझै लोकप्रिय हुँदै गएका छन्। गाउँघरका महिलाहरुले सानो सानो पूँजी संकलन गर्ने तथा लघु कर्जा लिई व्यापार व्यवसाय गर्न सफल भएका छन् भने शहरिक्षेत्रका महिलाहरुले पनि सहकारीको माध्यमवाट ठूलाठूला उद्योग, स्कुल , कलेज , अस्पताल

तथा शहरका जनताहरुको  आवश्यकता अनुसार व्यवसाय गर्ने गरेको उदाहरणहरु प्रशस्त देखिन थालेका छन्  । अझै पनि देशको निती निर्माण तहमा महिलाको सहभागिता न्यून हुँदा महिलाका हितका सवालमा निर्णय हुन नसकेको हो कि भन्ने सोच महिला सहकारी कर्मीहरुले महशुस गर्न थालेका छन् । यसका लागि महिलाहरु अग्रसर हुँदै विभिन्न तहका सहकारी संघ संस्था मार्फत आफ्नो उपस्थिती जनाउँदै आउन थालेका छन् । केहि वर्ष अगाडि सम्म पनि केन्दिय संघहरुमा महिला नेतृत्वमा कमी भएता पनि हाल आएर यो क्रम दिनानुदिन वढ्दै जानुले पनि महिलाहरुको सहकारी प्रतिको आकर्षणले सकारात्मक बन्दै गएको छ । यसरी सहकारीमा आवद्ध महिलाहरुले अवसर पाएमा पुरुष सरह विभिन्न क्षेत्रमा काम गर्न सक्छन् भन्ने उदाहरण न्युन रुपमा भए पनि अन्तर्राष्टिय सहकारी महासंघ (ICA), राष्ट्रिय सहकारी संघ, केन्द्रिय तथा जिल्ला स्तररिय सहकारी संघ संस्थामा महिलाहरुले नेतृत्वदायी भूमिका वहन गर्न सकेकोले पनि बुझाउँदछ । वास्तवमा आधा आकाश ओगटेका महिलाहरुलाई आरक्षण र कोटा भन्दा सहकारीको माध्यमवाट सवल र सक्षम बनाई समान रुपमा अगाडी वढ्न सक्ने वनाउनु पर्छ भन्ने महिला नेतृहरुको भनाइ समेत रहेको छ।

एकातिर महिलाहरुलाई सवल र सक्षम वनाउन शिक्षा, रोजगारी र नेतृत्वदायी भूमिका वहन गर्न सक्ने वनाउनु पर्छ भन्ने निति छ भने अर्को तर्फ अझै धेरै महिलाहरु जसलाई शिक्षा स्वास्थ्य रोजगारी दिन सकिएको छैन उनिहरु अझै सम्म पनि महिला अधिकार लैंगिक समानता र मानवअधिकार जस्ता अधिकारवाट वन्चित भएका छन् । एकल महिलाले सहकारीताको माध्यमबाट ब्यवसाय संचालन गरेमा त्यस्ता सहकारीलाई सहुलियतपूर्ण ब्याजमा बिना धितो ऋण उपलब्ध गराउने ब्यवस्था गरिनेछ भनि वजेटमा प्रस्तुत गरिएता पनि त्यसलाई हालसम्म सहज तरिकावाट कार्यान्वयन गरिएको देखिदैन । महिलाहरु मात्र सहभागी भई संचालन भएका संस्थाहरुलाई प्रोत्साहन गर्ने गरी हालसम्म कर सम्बन्धी विशेष व्यवस्था भएको देखिदैन । यसरि महिलाद्वारा सचालित सहकारी संस्थाको प्रबर्द्धनमा राज्यको उचित ध्यान पुगेको देखिदैन । महिलाको विकाशको विषयलाई लिएर सहकारीप्रति राष्ट्रको ध्यान अझ बढी केन्द्रित हुनुपर्ने जरुरी छ किनकी एक महिला सक्षम भइन् भने उसका छोरा छोरी तथा परिवार सक्षम र शिक्षित हुन्छन् त्यसैगरि समाज अनि राष्ट्रको विकाशमा मद्दत पुग्दछ।

सहकारी क्षेत्रमा महिलाहरुका लागि धेरै अवसर र चुनौति रहेता पनि केन्द्रिय स्तरका सहकारी संघ, सहकारी बैंकहरुले आयोजना गर्ने राष्ट्रियस्तरका सभा सम्मेलन, गोष्ठि, तालिम अवलोकन कार्यक्रमहरुमा प्रायः महिलाहरुले संचालन गरेका सहकारी संस्थाबाट मात्र महिलाहरुको सहभागीता हुने गर्छ । मिश्रित सहकारी संघ संस्थावाट न्युन रुपमा मात्र महिलाहरुलाई प्रतिनिधी वनाएर पठाइने प्रचलन अझै पनि छ । यसरि संस्थामा महिलाको आवद्धता अत्यधिक देखिएता पनि अझै नेतृत्व तहमा आउन राज्यले वनाइएको निती कार्यान्वयन गरि महिलाहरुलाई स्थान दिन जरुरी देखिन्छ। महिला र पुरुष संग-संगै सहकारीक्षेत्रमा अगाडि वढनाले अवश्य पनि सहकारीको विकासमा सहयोग पुग्ने र देश विकासमा समेत टेवा पुग्न सक्छ भन्ने ठहर रहेको छ  ।

सहकारीकै माध्यमवाट प्रौढ शिक्षा संचालन, स्वास्थ्य सिविर तथा अन्तरकृयामा सहभागिता, विभिन्न सिपमुलक तालिम, आर्थिक तथा सामाजिक कृयाकलापमा सहभागिताले पनि महिलाहरुको सर्वागिंण विकास हुन पुगेको छ । सहकारीमा आवद्ध भएपछि यसका व्यवहारिक ज्ञानका साथै सैद्धान्तिक ज्ञानको पनि उत्तिकै महत्वका साथ अगाडि बढेमा सहकारीको विकास हुन्छ भन्ने भावनाले पनि अहिले महिलाहरु सचेत भएका छन् । हिजो सम्म आफनो परिचय दिन हिचकिचाउने महिलाहरु आज सहकारीको माध्यम तथा आफ्नो परिश्रम र व्यवहारले आफु वोल्न त के अरुलाई पढाउँदै सिकाउँदै सहकारीका सवालमा आवाज वुलन्द गर्दै हिड्न थालेका छन् । आर्थिक कारोवारमा सफल हुनु भन्नाले बचत र कर्जा मात्र हैन त्यसलाई सहि ठाउँमा सदुपयोग गर्न जान्नु भन्ने कुरामा महिलाहरु सचेत र सजग भई सकेका छन्।

सहकारी क्षेत्रमा महिलाको यति सम्भावना अवसर तथा उपलब्धि हुँदा हुँदै पनि केहि समस्या तथा चुनौति पनि रहेका छन् । जस्तै घरपरिवार र क्यारियरलाई संग-संगै लानु, परापुर्व कालदेखि नै महिलालाई छुट्टै दर्जामा राख्नु, परिवारमा आर्थिक रुपमा सहभागी नगराइनु, शिक्षा तालिमको कमी हुनु, लैंगिक समानता र महिला अधिकारका बारेमा ज्ञान नहुनु, सामाजिक संरचनाका कारण सभा सम्मेलनमा सहभागी हुन नसक्नु, प्राविधिक ज्ञानको कमी हुनु, महिलाले गरेको कामलाई अरुले विश्वास नगर्नु, महिला स्वयंले नेतृत्वका लागि आफुलाई तयार गर्न नसक्नु, सहकारीको सिद्धान्त नबुझि सहकारीमा आवद्ध हुनु, व्यापक  सामाजिक विभेद हुनु, स्रोत र साधनमाथिको पहुँच नहुनु, पुरूष वर्गको प्रभुत्व हुनु, आत्मविश्वासको कमी हुनु कार्यवोझका कारणले समयको तादाम्यता मिलाउन कठिन हुनु, महिला विकास सञ्जालहरूको स्थापना हुन नसक्नु आदि रहेका छन्,

### सहकारीको नेतृत्व तहमा महिला प्रतिनिधित्वका लागि गर्नु पर्ने आगामी रणनीतिहरुः

- सहकारी संघहरूको नेतृत्वमा ३३ प्रतिशत महिलाको पहुँच पुऱ्याउन विनियम संशोधन गरिनुपर्ने।
- सबै सहकारी संघ संस्थामा महिला उपसमितिको गठन गरी महिला सशक्तिकरणका क्रियाकलापहरू संचालन गर्नुपर्ने।
- प्रतिवद्ध महिला नेतृत्व विकासका लागि उपयुक्त वातावरण निर्माण गरिनुपर्ने।
- योजना तर्जुमा, कार्यान्वयन तथा निर्णय प्रकृयामा महिला सहभागिताको सुनिश्चितता गरिनुपर्ने।
- महिला नेतृत्व विकासका लागि प्रभावकारी शिक्षा, तालिम, अन्तरक्रिया कार्यक्रम तथा सो का लागि पर्याप्त बजेटको व्यवस्था गरिनुपर्ने।
- पदाधिकारीमा महिलाको प्रतिनिधित्व सुनिश्चचित हुनुपर्ने।

**निष्कर्ष:**

नेपालमा महिलाहरुदारा संचालित सहकारी संस्थाहरु सफल हुँदै गएको र त्यसवाट धेरै महिलाहरुको विभिन्न क्षेत्रको विकाश हुँदै गएको देखिन्छ। सहकारी क्षेत्र बाहेक संसारमा अरु कुनै त्यस्तो संगठन छैन जहाँ महिला र पुरुषको समान विकासको लागि सम्भावनाहरु छन्। त्यसका लागि महिलाहरुलाई शिपमुलक, चेतनामुलक तथा व्यवसायीक तालिममा विभिन्न तहका कार्यक्रमहरुमा सहभागी गराउँदा महिलामा अर्न्तनिहित संभावना र आर्थिक क्षेत्रमा उनीहरुको सहभागिता बृद्धि गर्न सकिन्छ। यसरी सहकारीताका माध्यमबाट आय आर्जनका क्षेत्रमा समेत सकारात्मक योगदान पुऱ्याई लैंगिक समानताका लागि उपयुक्त अवसर प्रदान गर्न सकिन्छ। संविधानमा समेत अर्थनितीका ३ खम्वा मध्ये सहकारी पनि एक भनि तोकिएकोले समाजको सन्तुलित विकासको लागि आज सहकारी नै सशक्त माध्यम हो। तसर्थ महिलाहरुको सशक्तिकरणका लागि सहकारीको भूमिका अपरिहार्य छ। यसरी सहकारीका कार्यक्रमलाई सम्बन्धित निकायहरुवाट यथाशिघ्र आवश्यक सहयोग पुऱ्याउनु पर्छ भन्ने सरोकारवाला सम्पूर्ण सहकारीकर्मीहरुको माग रहेको छ। माथि लेखिएका सवै प्रश्नका उत्तरलाई सफल वनाउन सम्बन्धित सवैले महिला सशक्तिकरणका लागि सहकारी अपरिहार्य छ भन्ने वुझ्नु जरुरी छ।

जय सहकारी।



**सहकारीका आन्दोलनका पिता**
**रबर्ट मार्कूस ओएन**
**इ. सं. १७७१– १८५८**

**सहकारीको परिभाषा**

"प्रजातान्त्रिक रुपमा नियन्त्रित अनि संयुक्त स्वामित्व सहितको उद्यममार्फत् आ–आफ्ना साझा आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकता एवं आकांक्षालाई पूरा गर्न भनी स्वैच्छिक रुपले संगठित भएका व्यक्तिहरुको स्वायत्त संगठन नै सहकारी हो।"



**बचत तथा ऋण सहकारी अवधारणाका प्रवर्तक**
**एफ. डब्लु. रैफिसन**
**इ. सं. १८१८– १८८८**

**सहकारी मूल्य मान्यता**

*आधारभूत मूल्यहरु :*

आत्म निर्भर - आफ्नो सहयोग आफैं गर्ने
स्व-उत्तरदायित्व - आफैं जिम्मेवार, जवाफदेही हुने
प्रजातन्त्र - सदस्यहरुले सदस्यहरुद्वारा सदस्यहरुको लागि व्यवस्थापन गरिने
समानता - सदस्यहरु बीच धर्म, वर्ण, जात, पेशा आदिका आधारमा भेदभाव नगरिने
सामाजिक न्याय - लगानीको आधारमा बराबर प्रतिफल प्राप्ति
ऐक्यवद्धता - एकताबाट बलियो हुने विश्वास

*नैतिक मूल्यहरु :*

इमान्दारीता – नीति अनुरुपको आचरण गर्ने
खुलापन - स्वेच्छाले सदस्य बन्न र छाड्न पाइने, पारदर्शी
सामाजिक उत्तरदायित्व - समाजको लागि पनि काम गर्नु पर्ने जिम्मेवारी
अरुको चासो - सदस्यको हितको लागि काम गर्दा गैर सदस्यलाई आघात नपुऱ्याउने बरु सहयोग पुऱ्याउने

# उद्यमशीलताको विकास गरिवी निवारणको उपाय



■ जीवनाथ पोखरेल
(पूर्व उपसचिव
नेपाल सरकार)

१. उद्यमशीलता परिचय:

जुन व्यक्तिले वातावरणबाट प्रदत्त अवसरहरुलाई तुरुन्त ग्रहण गर्दछ ती व्यक्तिहरुमा अन्य साधारण व्यक्ति भन्दा भिन्नै किसिमका विशेषताहरु विद्यमान भएका हुन्छन् । यहि विशेषताहरुको कारणले गर्दा त्यस्ता व्यक्तिहरुले नयाँ व्यवसायहरु श्रृजना मात्रै गर्दैन, श्रृजित ब्यवसायलाई नौलो तरिकाले निरन्तर रुपमा विकास र विस्तार पनि गर्दछन् । यस प्रसंगमा ब्यवस्थापन विद् Shiva Khera लेख्दछन् "Winners do not do different things but they do things differently" यसबाट नयाँ कुराको श्रृजना गर्दछ, नयाँ वस्तु तथा नौलो उत्पादन प्रबिधिको विकास गर्दछ, नाफाका लागि मात्र नभई नयाँ सिर्जना गर्नका लागि पनि उत्पादनका सामग्रीहरुको नयाँ श्रोत पहिचान गरी प्रयोग गर्नुका साथै वस्तु वा सेवाको नयाँ बजार पनि विकास गर्दछ ।

उद्यमीहरु देश विकासको प्रमुखअङ्ग भएको हुनाले उद्यमशीलता विकास अपरिहार्य आवश्यकता हो । उद्यमीहरुले समाजलाई आवश्यक परेका विभिन्न वस्तुहरुको उत्पादन तथा सेवाहरु उपलब्ध गराउनुका साथै उद्यमशीलता तथा ब्यवस्थापकीय प्रतिभाको लागि नयाँ बाटो पनि उपलब्ध गराई देशको आर्थिक विकासमा सहयोग पुर्‍याई रहेका हुन्छन् । यसैले माथि उल्लेखभए अनुसारको प्रतिभा भएका व्यक्तिहरुलाई उद्यमी भनिन्छ ।

२. उद्यमशीलताको परिभाषा र उद्देश्य (Defination and objectives of entrepreneurship)

परिभाषा

व्यक्तिमा भएको निहीत क्षमताको पहिचानगरी नाफा कमाउने उद्देश्यले आफ्नो सीप, ज्ञान, बुद्धि, अनुभव,लागत र समयको सदुपयोगगरी बस्तु तथा सेवाहरु उत्पादन गर्ने वा ग्राहकको रुची र मनोभावना बुझी उत्पादन र सेवामा नयाँपन ल्याउने, नयाँ वस्तु आविश्कार वा परिश्कृत गर्ने, सृजनशील तथा गतिशील प्रकृयालाई उद्यमशीलताको विकास भनिन्छ । उद्यमशीलताको विकासका निम्न अनुसारका उद्देश्यहरु रहेका हुन्छन् ।

३.उद्देश्यहरु

- सृजनशील भावनाको विकास गर्नु
- उपयुक्त अवसरको जानकारी, छनौट र प्रयोग गर्नु
- ब्यक्तित्व विकास गर्नु
- नयाँ, फराकिलो, बैज्ञानिक विचार तथा चिन्तनको विकास गर्नु
- आवश्यक उपयुक्त जोखिम लिने क्षमताको विकास गर्नु
- सकारात्मक र आशावादी भावनाको विकास गर्नु
- श्रम प्रति निष्ठा जगाउनु
- आफ्नो क्षमता प्रति गर्व गर्न सिकाउनु र सदुपयोग गर्न उत्प्रेरित गर्नु
- स्वतन्त्र एवं स्वाभिमानी पूर्बक जीउन प्रेरित गर्नु
- सामाजिक सेवा समेत गर्दै समाजमा सम्मान जनक हैसियत कायम गराउन प्रयत्नशील गराउनु
- भाबी सन्ततीलाई बैकल्पिक बृत्तिको आधार तयार गर्ने उपायहरु खोज्न लगाउनु ।

४ ब्यवसाय भनेको के हो ?

उद्यम ब्यवसाय भन्नाले आय आर्जन गर्ने अभिप्रायले गरिने पेशा वा ब्यवसायलाई नै लिने गरिन्छ । जिवीकोपार्जनका लागि गरिने पेशा वा ब्यवसायलाई उद्यमशीलता भन्न सकिंदैन । उद्यमशीलतामा खास गरेर नयाँ बिचार (NEW Idea) र खोज (Innovation) को मुख्य पक्ष निहीत रहेको हुन्छ । यस भन्दा बढी ब्यवसाय तथा उद्यमशीलतालाई तलको परिभाषाले पनि अरु प्रष्ट पार्दछ ।
An entrepreneur is the one who assumes the responsibility and the risk for a business operation with the expectation of making a profit. The entrepreneur generally decides on the product, acquires the facilities, and brings together the labor force, capital, and production materials. If the business succeeds, the entrepreneur reaps the reward of profits; if it fails, he or she takes the loss. आफुसँग भएको वा उपलब्ध हुनसक्ने स्रोत, साधन, ज्ञान र सीपलाई मुनाफा आर्जन गर्ने उद्देश्यले कुनै पनि आर्थिक कृयाकलापमा लगाइन्छ भने त्यसलाई ब्यवसाय भनिन्छ । कुनै पनि ब्यवसायीले वस्तु वा सेवा उत्पादन गरेर वा थोक वा खुद्रा ब्यपारिक कारोवार गरेर ग्राहकको आबस्यकता वा चाहना परिपूर्ति गर्दछ । तसर्थ ब्यबसाय भन्ने बित्तिकै बिभिन्न किसिमका उद्योग धन्दा देखि लिएर सानो तिनो ब्यपारलाई समेत बुझ्नु आबश्यक छ ।

५. नेपालमा उद्यमशीलताको विकास:

सन् १९५० मा अष्ट्रियन अर्थशास्त्री Joseph A shumpeter लाई आधुनिक उद्यमशीलताको विकासको अग्रणीका रुपमा लिनु पर्दछ । उनले सन् १९३९ मा प्रकाशन गरेको Business Cycle नामक पुस्तकमा मुख्यरुपमा उनले नव उद्यमीहरुका कारणबाट अर्थतन्त्र प्रभावित

हुने गर्दछ भनेका छन्। उनका अनुसार खास गरेर नयाँ पूँजीवादी देशहरुमा यस्तो हुने गर्दछ। यसमा विशेषतः यस्ता नयाँ बस्तुहरुको प्रयोगले ब्यापारचक्र प्रभावित हुने गर्दछ। नयाँ बस्तुहरुको उत्पादनको बिधिमा परिवर्तनबाट नयाँ मेशिनरीको प्रयोग, उत्पादनका नयाँ बिधीको खोज र कुनै नयाँ बस्तुको उत्पादन आदि सँग यो सम्बन्धित छ। उनका अनुसार यस्ता नयाँ आविष्कार दुइ प्रकारका अल्पकालीन र दीर्घकालीन हुने गर्दछन्। यसले अर्थतन्त्र र रोजगारीमा अल्पकालीन र दीर्घकालीन प्रभाव पार्ने गर्दछ। उनको यो विचारले दोश्रो विश्वयुद्ध पछि युद्धबाट क्षतिग्रस्त भएका मुलुकहरुको आर्थिक विकासका लागि निकै सहयोग पु-याएको पाइन्छ।

नेपाल जस्तो ग्रामीण अर्थतन्त्र भएको मुलुकका लागि घरेलु उद्योगको स्थापना, विकास र विस्तारको निकै ठूलो महत्व भएर पनि यसको समुचित रुपमा विकास भने हुन सकेन। घरेलु उद्योगहरुले बढी जनताहरुलाई रोजगारी दिने मात्र नभएर उनिहरुलाई नियमित आय श्रोतको ब्यवस्था समेत गर्ने गर्दछन्। स्थानीयस्तरमा उपलब्धहुने प्राकृतिक साधन तथा श्रोतहरुको अधिकतम उपयोग गरेर परम्परागत सीप तथा कलाको विकास गर्न सकिने पर्याप्त सम्भावनाहरु रहेका छन्। यस्ता उद्योग ब्यबसायहरुबाट स्थानीय आबश्यकताको परिपूर्ति गर्नुका साथ साथै कम पूँजीबाट पनि यस्ता उद्योग ब्यवसायहरु संचालन गर्न सकिने भएकोले यसबाट प्रादेशिक असमानतालाई समेत हटाउन सकिने सम्भावना रहेको छ।

नेपालमा १८ औं शताब्दी भन्दा पहिले घरेलु उद्योगको राम्रो विकास भएको भएपनि तत्पश्चात् यसमा तत्कालीन सरकारको उदाशीन नीति, सन् १९०४ को भारत-तिब्बत सन्धिले खुलेको चुम्बी उपत्यका, नेपाल-भारत संगको सन् १९५० को सन्धि र तत्कालीन शासकहरुको भारत संगको बढ्दो सम्बन्धका कारणले भारतबाट आयात गरिने बिलाशिताका बस्तुहरुले गर्दा नेपालमा घरेलु उद्योगहरु फस्टाउन सकेनन्।

त्यस ताका नेपालमा परम्परागत रुपमा संचालनमा रहेका कागज उद्योग, धातु उद्योग र छाला उद्योगहरुलाई प्रोत्साहन र ग्रामीण रोजगारी प्रबर्द्धनमा निकै सघाउ पुग्न सक्ने अवस्था रहेको थियो। यसका अतिरिक्त काठमा आधारित, बाँस र बेतमा आधारित, दुग्ध ब्यबसाय, माटोको भाँडा बनाउने उद्योगहरु सम्भाब्य भएका कारणबाट समेत परम्परागत सीप, प्रबिधि र स्थानीय कच्चा पदार्थमा आधारित उद्यम ब्यवसायहरु त्यस बखत रहेका थिए। यतिमात्र नभएर आवधिक योजनाहरुले पनि घरेलु तथा साना उद्योगहरुलाई प्राथमिकतामा राखेको भएपनि ब्यवहारिक रुपमा कार्यान्वयनको पक्षमा भने प्राथमिकता पर्न सकेनन्। फलस्वरुप ब्यवसाय र रोजगारीको अभावमा नेपालमा गरिबीले मौलाउने अवसर पायो।

### ६. नेपालम गरीबि निवारणको प्रयासः

नेपालमा गरिबीको स्तर पछिल्ला वर्षहरुमा २५ प्रतिशतमा झरेको तथ्याङ्क प्रकाशमा आएको भएपनि ग्रामीण गरिवी निकै जटील भएको हुँदा नै नेपाल जस्तो ग्रामीण अर्थतन्त्र भएको मुलुकका लागि निकै चुनौतीपूर्ण रहेको छ। गरिवी घटाउने सशक्त माध्यम रोजगारी भएको र रोजगारीले आय आर्जन गराउने हुँदा रोजगारीका अवसरहरु सिर्जना हुनु आवश्यक छ। नेपालमा ८० प्रतिशत जनसंख्या कृषि ब्यवसायमा आधारित रहेका र राष्ट्रिय आयको केवल ३६ प्रतिशत मात्र गैह कृषि क्षेत्रबाट योगदान रहेको पाइन्छ। कृषि ब्यवसाय निर्बाहमुखी रहेको र ब्यवसायीकरण हुन नसकेका कारण कृषि ब्यवसायमा आश्रित जनसंख्याको यस ब्यवसाय प्रतिको मोह घट्दै गएको देखिन्छ। एकातर्फ कृषिमा सिंचाईको कमि, उन्नत बीउ बिजन, मल तथा औजार र प्रबिधिको विकास आदीको कमिका कारण यस ब्यवसायबाट आय स्तरमा बृद्धि हुन नसेको अवस्था विद्यमान रहेको छ।

उद्योग ब्यवसाय अर्को रोजगारीको मुख्य आधार हो। यो पक्षमा पनि निकै चुनौतीहरु विद्यमान नरहेका होइनन्। मानिसहरुमा कुनै न कुनै ब्यवसायमा संलग्न रहने र आफ्नो आय स्तरमा बृद्धिगर्ने अभिलाषा रहेको भएपनि ब्यवसायको छनौट निकै कठिन कार्य हो। नयाँ ब्यवसायको छनौटका लागि कच्चा पदार्थको उपलब्धता, दक्ष जनशक्ति, सरकारी नीति नियम सकारात्मक नरहनु, बजारको विश्लेषण तथा ब्यवसायका लागि हुने लगानी आदी जस्ता समस्याहरुले गर्दा गैह कृषि ब्यवसायले पनि फष्टाउने अवसर पाउन नसकेको अवस्था देखिन्छ। यस्तो अवस्थामा उद्यमी ब्यवसायीहरुले आफ्नो पूँजि लगानीको सुरक्षण तथा मुनाफा आर्जन गर्ने अवसर नदेखे सम्म लगानी नगर्ने र अहिले सरकारले अंगालेको प्रतिस्पर्धात्मक खुला अर्थ ब्यवस्थाले परम्परागत सीप तथा प्रविधि प्रयोगगरी उत्पादन गर्ने सेवा तथा बस्तुहरुले बजारमा प्रतिष्पर्धागर्न निकै कठिनाई भएको छ। रोजगारी भन्ने कुरा या त अरुको सेवा ब्यवसायमा कामगर्ने र ज्याला मजदूरी गरेर आय आर्जन गर्ने अथवा स्वरोजगारका अवशरहरु सिर्जना गर्ने र आफ्नो आयस्तर बढाउने नै मुख्य बिकल्प हुन्। अरुको रोजगारीमा निश्चित सीमा भित्र आय आर्जन हुने र जीवन निर्वाहसम्म चल्ने तर बचतको सम्भावना न्यून रहने अवस्था हुन जान्छ तर रोजगारी गर्ने पक्षबाट जोखिम उठाउनु पर्ने अवस्था भने रहँदैन तर स्वरोजगारका पक्षमा भने आय आर्जनको सिमा बढ्दै जाने र यसमा स्वरोजगारकर्ताले लगानीका लागि जोखिम उठाउनु पर्ने अवस्था भने रहन जान्छ। स्वरोजगारका लागि कृषि र गैहकृषि क्षेत्रमा परम्परागत घरेलु तथा साना उद्योग ब्यवसाय नै हाम्रो जस्तो शिक्षाकोस्तर तथा अन्य आधारभूत संरचनाको अवस्थालाई ध्यानमा राख्दा सम्भाब्य देखिएका छन्।

स्वरोजगारीका लागि चाहिने पहिलो शर्तका रुपमा कुनै पनि उद्यमी तथा ब्यवसायीमा ब्यवसाय गर्ने सोच (Vision) हुनु जरुरी छ। तत्पश्चात् त्यसका लागि प्रस्तावित ब्यवसायका सम्बन्धमा जानकारी (Knowledge) को आवश्यकता पर्न जान्छ। प्रस्तावित बस्तुको उत्पादन तथा ब्यवसायका सम्बन्धमा कच्चा पदार्थ, प्रविधि हस्तान्तरण तथा बजार र ब्यवस्थापनका सम्बन्धमा ज्ञान हुनु पनि त्यतिनै जरुरी हुन जान्छ। यस पछिको अर्को रोजगारीको आधारभूत पक्ष सम्बन्धित बिषयमा सीप (Skill) हाशील गर्नु हो। यस पछिको महत्वपूर्ण पक्षका रुपमा साधन तथा श्रोतलाई लिने गरिन्छ। तसर्थः साधन तथ स्रोतको अभाव मात्रमा भडकिनु पर्ने अवस्था भने अहिले छैन। यसका लागि सहकारी संस्थाहरु सशक्त माध्यम बन्न सक्दछन्।

## ७. गरिवी निवारणको औचित्य (Rationale)

- गरिवी निवारण वहुपक्षीय र वहुआयामिक विषय भएको कारण गरिवी निवारणको लागि फराकिलो तथा दिगो आर्थिक बृद्धिले सिर्जना हुने रोजगारीका अवसरहरुमा गरीव समुदायको पहुँच बढाउन तिनीहरुको क्षमता विकास र सशक्तिकरणमा जोड दिई प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गर्नु आबश्यक भएको छ।
- आर्थिक विकासलाई गरिवी निवारणको अवसरको रुपमा रुपान्तरण गर्ने प्रमुख माध्यम रोजगारी हो। यसर्थः आर्थिक, सामाजिक तथा साँस्कृतिक कारणबाट विकासको मूलप्रवाहमा समाहित हुन नसकेका वा नगरिएका विभिन्न सामाजिक वर्ग, समुदाय तथा क्षेत्रहरु महिला, दलित, जनजातति, मधेशी एवं पिछडिएको वर्ग, विकट क्षेत्रमा वासोवास गरेका जनसमूह, अति गरिव तथा साना किसानमा लक्षित गरी तिनीहरुलाई गरिवी एवं पछौटेपनबाट मुक्त गर्न सामाजिक समावेशीकरण एवं लक्षित कार्यक्रम सन्चालन गर्नु आवश्यक देखिन्छ।
- कुल गार्हस्थ्य उत्पादनको ठूलो हिस्सा ओगटेको कृषि क्षेत्रलाई टेवा पुर्‍याउने कृषि पेशालाई भरपर्दो रुपमा विकास गर्न नसकिएकोले अर्द्ध रोजगारी र सुषुप्त रोजगारी अझै कायम देखिन्छ। फलतः कृषि ब्यवसाय निर्वाहमुखी भई कम उत्पादन र कम आम्दानी मूलक पेशा हुन पुगेकोले गरिवी निवारणको रणनीतिको रुपमा कृषि क्षेत्र र यस अन्तरगतका विभिन्न उप-क्षेत्रहरुको विकास गर्नु पर्ने चुनौती यथावत छ।
- गैह्र-कृषि क्षेत्रगत क्रियाकलापहरु सुविधा सन्पन्न सहरी क्षेत्रमा केन्द्रित रहनु र ती क्रियाकलापहरुका अवसरहरुको प्रवाह ग्रामीण क्षेत्रतर्फ विस्तारित हुन समस्या देखिएकोले गरिवीमा क्षेत्रगत विषमता स्पष्ट छ। यो विषयमा कम गर्ने कार्य चुनौतीपूर्ण रहेको छ।
- गरिवी मापन सूचकाङ्क,मानव विकास सूचकाङ्क र मानव सशक्तिकरण सूचकाङ्कहरुका आधारमा गरिवी निवारण सम्बन्धिी कार्य लक्ष अनुसार हासिल हुन सकेको छैन। गरिवीको परिभाषामा आर्थिक, सामाजिक र राजनितीक आयामहरु समावेश हुने हुनाले सबै पक्षलाई सन्तुलित ढङ्गले अगाडि बढाउन समावेशी आर्थिक-सामाजिक क्रियाकलापहरुमा जोड दिनुपर्ने देखिन्छ।
- गरिवी निवारण गर्ने सन्दर्भमा गरिव जनसंख्या, गरिवीको विषमता र गरिवीको गहनता सबैलाई सम्बोधन गर्ने नीति तथा कार्यक्रमहरु लक्षित समूहलाई सम्बोधनगरी कार्यान्वयनमा ल्याउनु पर्ने आवश्यकता देखिन्छ।
- केहि वर्ष यतादेखि रोजगारी र आय आर्जनको प्रमुख स्रोतको रुपमा वैदेशिक रोजगारी देखापरेको छ। यस स्रोतको उच्च उपयोगका लागि बैदेशिक रोजगारीले खोजेको सीपमूलक तालिम सम्बन्धि ब्यवस्थाको टड्कारो आवश्यकता रहेको छ।
- बैदेशिक रोजगारीलाई ब्यवस्थित र सुरक्षित तुल्याउन समय सापेक्ष नीतिगत ब्यवस्था गरिनुका साथै विदेशमा काम गर्न जाने प्रकृया र विदेशमा रहँदा देखिएका समग्र समस्याहरुलाई सम्बोधन गर्नुपर्ने चुनौती रहेको छ।
- विगतमा बैदेशिक रोजगारीको गन्तब्य मानिएका अरब मुलुकहरु वाहेक कोरिया जस्तै अन्य सम्भाब्य क्षेत्रहरुको पहिचानगरी त्यस्ता अवसरहरुको उपयोग गर्न सके राष्ट्रकै एक प्रमुख आय स्रोत मानिएको विप्रेषणमा थप बृद्धि गर्न सकिने देखिन्छ।
- बैदेशिक रोजगारीको अवसरको माग बढ्दै गएको वर्तमान परिप्रेक्षमा देशगत रुपमा मागको आंकडा संकलन, विश्लेषण तथा भावी दिनका लागि आवश्यक प्रक्षेपण गर्ने संयन्त्रको विकास गरी देशगत मागपक्षको आपूर्तिलाई ब्यवस्थित गर्न शिक्षा र तालीम प्रदानगरी अभिमुखीकरण सहितको आपूर्ति ब्यवस्था मिलाउनु चुनौतिको रुपमा रहेको छ।

८. सुझावहरु :- जीवनस्तर उठाउन आयमा बढोत्तरी गर्नु पर्दछ भन्ने सहज जवाफ त आउन सक्ला तर यसलाई कसरी भन्ने प्रश्नको जवाफ भने त्यति सहज तथा सरल भने छैन। तर पनि सकारात्मक सोचका साथ मनमा उत्साह र उमंग लिएर ब्यवसायीक कार्य भने गर्नु जरुरी छ। यसका लागि नयाँ नयाँ ब्यवसायमा नवप्रबेशीहरुले हात हाल्नु भन्दा भएको ब्यवसायलाई सानो भएपनि नयाँपन दिइनु जरुरत हुन जान्छ। लगन र धैर्यता यसका कडी हुन सक्दछन् तर पनि यतिमात्रले यसमा पूर्णता भने पाउन सक्दैन भन्ने कुरा पनि बुझ्नु पर्दछ। अहिलेका पिंढीहरुमा तुरुन्त प्रतिफल पाउने सेवा वा ब्यवसाय गर्ने अभिलाषा त धेरै छ तर त्यसमा सफलता पाउन भने ब्यवस्थापन पक्ष निकै सबल हुनु आवश्यक छ। ब्यवस्थापन पक्ष पढेर मात्र जानिने होइन ब्यवहारमा उत्रिए पछि यसका कमि कमजोरीहरु लाई राम्ररी निक्यौंल गर्न सकिन्छ र आफ्नो गन्तब्यमा पुग्न सहज हुन जान्छ।

सरकारले देशको अर्थतन्त्रको विकासका लागि सहकारी संस्थाहरुलाई एक आधारस्तम्भका रुपमा राखेको भएपनि सहकारी संस्थाहरुबाट प्रबाह भएका कर्जाहरुको उत्पादनशील क्षेत्रमा कमैमात्र उपयोगमा आएको देखिन्छ। यसो हुनुमा उपभोगमा प्रयोग हुने अत्यधिक साधन तथा स्रोत नै मुख्य हो। यसका लागि ब्यवसायीकताको विकासका लागि सहकारी संस्थाहरुले समेत विशेष ध्यान पुर्‍याउनु आवश्यक भै सकेको छ।

# देशको आर्थिक विकासमा सहकारी संस्थाको भूमिका



■ त्रैलोक्यश्वर प्रसाद भट्टराई

आजको युगमा विकास, निर्माण, कृषि, व्यापार औधागिकरण आर्थिक सम्बृद्धिका निमित्त सहकारी संस्था नितान्त आवश्यकता भएको छ। हाम्रो देशमा सहकारीको अवधारण तयार भएपछि २०४८ सालमा श्री ५ बाट सहकारी ऐन लालमोहर भएपछि शुरुवाट भएको हो। पहिले पहिले बैंकिङ्ग क्षेत्र फाइनान्स कम्पनीहरु बाट आर्थिक कारोबारका साथै आर्थिक विकाश समेत सहयोग नभएको होइन तर पनि देशलाई सम्बृद्धि सहित आर्थिक विकास गर्नका निमित्त यसले अझ महत्वपूर्ण भूमिका खेलेको छ।

अब जाउँ सहकारीको अर्थ तर्फ सहकारी भन्नाले एक प्रकारको सहकार्य गर्न पनि हो वा सहयोगिको भूमिका निर्वाह गर्नु यसमा प्रत्यक्ष वा परोक्षरुपमा हुन सक्छ अर्को अर्थमा भन्ने हो भने सहयोगी वा साथीहरु मिलेर काम गर्नु पनि हो, यस पछि सहकारी समिति थोरै पूँजी लगानी श्रम अनुसार मुनाफा बाँडफाँड गर्ने संस्थालाई सम्झनु पर्छ, त्यसले देशको आर्थिक सवकासमा जुनसुकै क्षेत्रमा योगदान पुऱ्याउने संस्थालाई सम्झन सकिन्छ।

यसै अन्तरगत कृषि, पशुपालन, दुगध ब्यवसाय आर्थिक कारोवार अन्तरगत वित्तिय सहकारी ऋण कोष पनि यसै सहककारी ऐन अन्तरगत पर्दछ। कृषि सहकारीले कृषि सम्बन्धि उत्पादन बृद्धि गर्नका निमित्त आवश्यक प्राविधिक सहयोग जुटाएर यान्त्रिकिकरण मल बीउ बिजन रोजगारी सृजना गर्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ। जसमा आर्थिक सहयोगका साथै बजारीकरण सम्म यसले सहयोग पुऱ्याइरहेको हामी पाउँदछौं। त्यसैको सहयोगबाट एक समिति मार्फत आएको आयब्ययको हिस्सामा अझ कृषिलाई समुन्नत बनाउन र देशको आर्थिक सवकास गर्न कृषिका हरेक पक्षको विश्लेषण गरी बैज्ञानिककीकरण गरेर कृषि उपजलाई स्तरीय उत्पादन गर्दै स्तरीय बजारीकीकरणमा अझ सवल बनाउन मद्दत पुर्‍याउाछ।

पशुपालनमा सहकारी संस्था :– यस संस्था अन्तरगत पनि प्रत्येक जिल्लामा पशु ब्यवसाय गर्नका निमित्त आवश्यक पर्ने पशु खरिदका लागि चाहिने आर्थिक सहयोग पशु चरणको ब्यवस्था पशु खाद्यान्न कुन प्रकारको पशु ब्यवसाय थर्ने हो सोहि अनुसारका प्राबिधिक सहयोग पशु रोगब्याधी भए सोनिराकरण गर्नका निमित्त पशुमा नमूल सुधार गरी उन्नत जातको पशु उत्पादन गरी बदी से बदी आए आर्जन गर्न सहयोग पुऱ्याउने र बजार सम्म लानका लागि सम्पूर्ण मद्दत गर्ने खालको सहकारी संस्था चाहिन्छ। सोही संस्था मार्फत कृषकहरुबाट भएका आय आर्जनलाई ऋण प्रवाह घटाउँदै नयाँ योजना बनाएर बदी भन्दा बदी सहयोग बनाएर कृषकमा आर्थिक क्रान्ति ल्याउने खालको हुनु पर्दछ।

अर्को यस्तै सहकारी संस्था पर्दछ जुन जिल्लामा पशु ब्यवसायबाट उत्पादन भएका दुध, मासु संकलन गरी बजारसम्म पुऱ्याएर कृषकहरुलाई आवश्यक पर्ने नयाँ प्रविधिका औजार दुग्ध र मासु उत्पादनमा बृद्धि ल्याउने खालको यन्त्र सल्लाह सुझाव प्रदान गरेर कृषकहरुका लागि बढी से बढी आय आर्जन गर्न र ऋणलाई कम भन्दा कम प्रयोग गराएर उनीहरुको जीवनमा आर्थिक विकास गर्ने खालको सहकारी ऐन अनुसार स्थापना भएको संस्थालाई सम्झनु पर्दछ।

यस्तै जडीबुडी संकलन उत्पादन प्रशोधन र बजारसम्म लगेर बिक्रि वितरण गर्ने खालको सहकारी संस्थाहरु पनि पर्दछन यीनले पनि ग्रामीण जनताको आर्थिक सवकासमा ठूलो यागदान पुऱ्याएको हुन्छ।

अर्को यस्तै महिला शशक्तीकरणमा पनि सहकारी संस्थाले महत्वपूर्ण भूमिका खेलेको हामी पाउँदछौं। यसमा महिला समूह गठन गरी सो समूहलाई महिलाकरुको अगुवाईमा समूह मार्फत विभिन्न शिर्षकमा ऋण प्रवाह गरेर घरेलु उधोग कृषि उत्पादन पशु ब्यवसाय ब्यापारमा लगानी गरेर महिलाहरुको आर्थिक अभिबृद्धि गरी फलफूल खेती पानीमा समेत प्राविधिक सहयोग गरी आय आर्जन गराउने संस्था जुन सहकारी ऐन अनुसार स्थापना भएको सम्झनु पर्दछ। जसले ग्रामीण सवकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको होस। कुना कन्दारामा आर्थिक अवस्था तथा गरीवीमा रुमल्लिएका महिलाहरुको उत्थान गर्न यसले महत्वपूर्ण योगदान पुऱ्याएको हुन्छ। यसबाट पनि महिला शशक्तिकरणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हामी पाउँदछौं। जुन सहयोगवाट आफ्ना छोरा छोरीको शिक्षा दिक्षामा सोही आर्जनबाट घर घरियाली खर्च कृषिका लागि मल वीउ यन्त्र समेत यसैबाट खरिद गर्न मद्दत पुगदछ।

अब जाउँ आर्थिक कारोबारमा बचत ऋण सहकारीको भूमिका हामीले माथिनै वर्णन गरि सक्यौं। सहकारीको अर्थ, देशको मौद्रिक नीति अन्तर्गत राष्ट्र बैंकको परिधिभित्र रही आर्थिक वित्तिय कारोबार गर्नका निमित्त सहकारी विभाग मार्फत स्वीकृती लिई राष्ट्र बैंकको वित्तिय परिचालन ऐन नियम बमोजिम अवधारणामा आधारित भई वित्तिय कार्यका लागि स्वीकृति लिई निश्चित पूँजी लिई लगानी गरी आर्थिक कारोबार गर्ने सहकारी संस्थालाई सम्भनु पर्दछ। जसरी राष्ट्र बैंकले बैंकहरु र फाईनान्स कम्पनीहरुलाई निश्चित पूँजी तोकेर संचालन गर्न दिए जस्तै सहकारीहरुलाई पनि स्थायी पूँजी निश्चित बनाई संचालन गर्न दिएको वित्तिय सहकारीलाई बुझाउँछ।

यसको उद्देश्य विशेष गरेर नगद प्रवाह गर्ने हो। विभिन्न खालको फरक उद्देश्य लिई ऋण प्रवाह तथा नगद संकलन खाता संचालन र ऐन नियमको परिधिमा रहि ब्याज प्रदान गर्नु, ऋण प्रवाह गर्नु हो। यसमा ग्राहस्थ, साना कुरा र उद्योग ब्यापार जुन सुकैमा पनि ऋण प्रवाह गर्ने र जनतामा विश्वास लिने र निश्चित अवधिका लागि ऋण प्रदान गर्ने काम गर्दछ।

खाताको पनि धेरै प्रकार छन्: जसमा बचत, गृहणी, जेष्ठ नागरिक, मुद्धती र चल्ती खाता संचालनमा आएको हामी पाउँदछौं। यसमा ब्याज प्रदान गर्ने र ऋण प्रवाह गरे वापत ब्याज निश्चित तोकीएको आधारमा लिने काम गर्दछ। ब्याज बैंकिङ्ग क्षेत्रको भन्दा केही लिने पनि बढि

र दिने पनि बढि नै हुन्छ। यसो भएता पनि देश विकास गर्न र नागरिक सँगको विश्वासमा यो संचालन भएको हुन्छ। यो सहकारी विभाग अन्तर्गत नियन्त्रित हुन्छ र कर्मचारीहरु पनि सिमित संख्यामा राखिएको हुन्छ। खास गरेर कारोबारको आधार हो अहिलेको अवधारणा अनुसार संचालन संख्या पनि सहकारी स्तरबाट घताएर सात जनाको संख्यामा झारिएको हामीले बुझ्दछौं, यो संख्याको अवस्था अनुसार जस्तो मलाई लाग्छ। यसमा संख्या अनुसार लेखा समिति व्यवस्थापन समिति छुट्टा छुट्टै खडा गरिएका हुन्छन्। संख्यालाई संचालन गर्ने मुख्या भूमिका संचालक समितिको नै हुन्छ। यसको कारोबार बैंकहरुको भन्दा अलि भिन्नै खालको हुन्छ। बैंकहरुमा ग्राहक आफै उपस्थित भएर कारोबार हुन्छ भने यसमा नगद कारोबार संकलन गर्ने संकलनकर्ता वा बजार प्रतिनिधिको छुट्टै व्यवस्था गरिएको हुन्छ। जसले गर्दा ग्राहक वा बचतकर्तालाई घरदैलो सेवा पुऱ्याइएको हुन्छ। जहाँ संस्था माथि बचतकर्ताको विश्वास बढेको पाउँदछौं। अहिले आएर कुनै बैंकहरुले पनि यस्तै प्रतिनिधि परिचालन गरेर घरदैलो संचालन गरेका छन्। यसमा सरकारको नीति अनुसारको पनि १ परिवार १ खाताको अवधारणा अघि सारेको छ। त्यस्तै बचत खाता रहेको ग्राहकको कुनै दुर्घटना भएमा दुर्घटना वीमा खाता सेकुरिटी वीमा समेत संचालन गरेको पाउँछौं। जसले गर्दा ग्राहकलाई प्रोत्साहन मिलेको छ।

यसै गरी बचत ऋण सहकारी संस्थाहरुले पनि खाता र दुर्घटना वीमा समेत्न सकेदखि ग्राहक अझै सन्तुष्टी भई आर्थिक कारोबारमा वृद्धि आउने थियो। यसमा सरकारको प्रोत्साहन पनि अति आवश्यक छ र दुरगामी दृष्टि दिएर नयाँ योजना तर्जुमा गर्नु पर्ने देखिन्छ। तब मात्र सहकारी संस्थाहरुले माथि उठ्ने अवसर प्राप्त गर्दछन्। अहिलेको युगमा पहिले रहेको युगको संचार माध्यम विकास निर्माणले धेरै कोल्टे फेरी सक्यो। पहिले सूचनाको माध्यम रेडियो, टेलिभिजन, पत्रिपत्रिका थिए भने अहिले आएर आफ्नै हाँतमा संसार वा मोबाईल फोन, कम्प्यूटर छ। त्यसै गरी हरेक ग्रामीण क्षेत्रमा वाटाघाताको सुविधाले यातायात पुगेको छ, जलविद्युतको विकास भएको छ, उद्योगधन्दा, ब्यापार, पशुपालनमा ठूलो क्रान्ती आएको छ। हरेक कुरामा विकास हुनुमा शिक्षा र विज्ञानको आविष्कार पनि हो। त्यसै गरी देशमा साक्षरता वृद्धि भएको छ। हरेक पदमा महिला सहभागिता वढेको छ। पुराना रितीरिवाजको सुधार अवसर र चुनौती पनि त्यतीकै थपिएको छ। हरेक क्षेत्रमा ठूलो फडको मारेको छ। विकासको कारण जागरुक नेपाली युवाहरु नै हुन्। अर्को तर्फ हेर्ने हो भने, युवाहरु विदेश पलायन पनि भइरहेका छन्। शैक्षिकस्तरबाट र रोजगारीको शिलशिलामा विदेशीने यसलाई रोकियो भने देशमा ठूलो उद्योग स्थापना गरेर ठूलो रोजगारी सृजना गर्ने र शिक्षामा गुणस्तर कायम गरी यही युवा हरुलाई शिक्षामा प्रोत्साहन गर्ने खालको नीति सरकारले ल्याउनु पर्दछ। जहाँ सहकारीलाई पनि सहभागि गराएर रोजगारी बढाउन सकिन्छ। सरकारबाट सहकारी, वित्तिय संस्थालाई दिनु पर्ने अधिकारु तालिम, सेमिनार, गोष्ठि गरेर अनुसन्धानमूलक प्राविधिक विकासमा समेत ठूलो सुधार ल्याउन सकिन्छ। अर्को जनतामा विश्वास दिलाउन असुरक्षित क्षेत्रमा सम्पत्ति लगानी गर्ने प्रवृतिलाई हतोसाहित गर्दै असुरक्षित र संरक्षित क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्नु पर्दछ। यसले गर्दा जनताले सहकारी संस्था मार्फत आफ्नो आर्थिक कारोबार गरेर सम्पत्तिको संरक्षण र बचत वृद्धि गर्ने बानीको विकास गराउन मद्दत पुग्दछ। यसमा कानून बलियो र सेक्युरिटीको अवधारणालाई अनिवार्य लागू गराउनु पर्दछ। आमा हाराएको छोरा झैं गर्नु हुँदैन।

यसै कुरालाई मध्येनजर राख्दै देशमा सहकारी ऐन आए पछि २०४९ सालमा यो बचत ऋण सहकारी संस्था याने सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्थाको नामबाट यसको सुरुवात भएको थियो। यसमा पहिले साझा यातायातको कर्मचारीहरुकै सहभागितामा बचत वृद्धि सहित ऋण परिचालन गर्ने उद्देश्य लिएर बचत वृद्धिका साथै साना घरेलु उद्योग ब्यापार, व्यवसायलाई वृद्धि गर्ने र प्रोत्साहन दिलाउने उद्देश्य लिएर यस संस्थाको विधिवत स्थापना गरियो। यसमा व्यवस्थापन संस्थापकहरुको महत्वपूर्ण भूमिका रहेको छ। जब उहाँहरुको पाइला यसमा चल्न थालियो सोही आधारमा देशको परिस्थिति अनुसार जनता र कर्मचारीहरुको बचत गर्ने बानीलाई प्रोत्साहन स्वरुप वढिसे वढि उत्साह जगाउने खालको कार्यक्रम ल्याएर यस संस्थालाई मूर्तरुप दिइयो। उहाँहरुको सुरुवाती सोलोगन नै थियो “बचत त्यागबाट प्राप्त हुन्छ” भने जुन आज चरितार्थ भएको छ। समय सापेच्छ अनुसार यसले महत्वपूर्ण भूमिका खेलेको छ। हामी भनछौं नि इष नभएको मानिस र वीष नभएको सर्प काम लाग्दैन भने र। हो उहाँहरुले पाइला नचालेको भए संस्था आज यहाँ सम्म आउँदैनाथ्यो होला र उहाँहरुकै जागरुकताले यो भयो। एकले थुकी सुकी, सयले थुकी नदि भन्दछौं हो। थोपा पानीबाट समुद्र बन्दछ, एकले नभइ सबै साथी भाईहरुले साथ दिएको हुनाले संस्थाले आज मूर्त रुप पाएको छ। जनताबाट विश्वास, माया पाएकोले यसले बचत वृद्धि गर्नुको साथै ऋण प्रवाह गरेर अझ जनताको विश्वासिलो संस्था भएर रहेको छ। यसमा हाँतमा हाँत मिलाएर संस्थालाई दोहाऱ्याउँदै लैजाने संस्थापकहरुको पनि उत्तिकै महत्वपूर्ण भूमिका रहेको पाउँदछौं। यसको शरीरलाई मृतरुप दिन योगदान गर्नु हुने संस्थापकज्यूहरु होमनाथ बसन्त रेन्जीकार, शम्भू के.सी अन्य लगायतको पनि महत्वपूर्ण भूमिका रहेको छ। जहाँ आज संस्थाले २५औं बसन्त पार गर्दै छ। भने २५औं वार्षिकोत्सव मनाउँदैछ। सुरुमा यो साझा यातायातको कर्मचारीहरुको सहभागितामा नै बचत तथा ऋण परिचालन गर्नका निम्ति कर्मचारीहरुको बचत ब्यागबाट हुने दृष्टान्त दिदै यसको स्थापना गरिएको थियो। सुरुमा यो साझा यातायात नजिकै स्थापना भए पनि पछि केही समय पछि व्यवस्थापन परिवर्तन संगै मान भवनमा सारियो। जुन यो सबल तरिकाले संचालनमा ल्याइयो र वैज्ञानिकीकरण गरियो। यसमा अब झन फुमा सुगन्ध झैं भयो। नयाँ संस्थापकज्यूहरु पनि समय परिस्थिति अनुसार देशको हावा पानी सुहाउँदो तरिकाले नयाँ जोस र जाँगर लगाएर संस्थालाई दरिलो पारियो। अहिले दुई शाखा सहित २२ जना कर्मचारीहरुबाट यस संस्थालाई दिगो तरिकाले संचालन गरिंदै आएको छ। यसले एक खुदकिलो माथी उक्लिने कार्यालय मृतरुप दिएको छ। यसमा बचत कार्यक्रमलाई फराकिलो बनाउँदै ऋणको लगानीमा समय सापेक्ष अनुसार डबल बनाउँदै बचतका शिर्षकहरुमा पनि जस्तैः गृहणी बचत, बाल बचत, क्रमिक बचत, जेष्ठ नागरिक बचत र मुद्धती खातालाई अझ राम्रो सुरक्षा प्रदान गर्दै संख्यामा समेत वृद्धि ल्याइएको छ। यसले कूल पूँजीलाई झन्नै डब्बल बनाउन मद्दत पुग्यो। राष्ट्र बैंक र सहकारी विभागको सहभागितामा समय सापेच्छ पूँजी वृद्धि गर्दै लैजाने उद्देश्य अनुरुप थप पूँजी लगानी गर्दै संस्थालाई सवलीकरण तिर अगाडि बढाउँदै छ। यसको क्षेत्र घोडाको लगाम जस्तो मात्र नभएर घरेलु उद्योग, व्यापार ब्यवसाय, घरजग्गा खरिद जस्ता कार्यमा समेत घरायसी सपना पुरा गर्न यसले महत्वपूर्ण भूमिका निर्वाह गर्दै हरेक वस्तुको समय परिवर्तन भएझैं छाँया पनि परिवर्तन भएर गए झैं कछुवाले जीऊ फिँजाए झैं यो युवाबाट वायसकामा परिणत हुँदै २४औं वर्ष सम्म आइ पुग्दा यसको शेयर पूँजी अनुमानित २०७३/०७४ मा २,६५,००,००० पुऱ्याइयो। बैंक मौज्दात पनि वृद्धि गर्दै ३,४०,००,००० पुऱ्याइयो। यसै गरी सदस्य संख्या पनि पुऱ्याइयो।

अनि संस्थाको दिगो विकासको लागि पचँवर्षिय रणनीति योजना बनाई लागु गर्ने कार्यक्रम ल्याइएको छ। यो कार्यक्रम ल्याउनमा आफ्नो सम्पत्तिमा समेत यसले अर्को फडको मारेको छ। अहिले यो कुपण्डोलको ज्वागल स्थित मेन वाटोमा करिब ६ आना आफ्नै भूमीमा तीन तल्ले भवनमा संचालन भइ रहेको छ। यो पनि अर्को सफलता मान्न सकिन्छ। बचत संकलनमा पनि वृद्धि गरी २० करोड २७ लाख संकलन गरेको छ। यसमा २२ प्रतिशतको दरले अघिल्लो वर्ष भन्दा वढि हो। कर्जा लगानीमा समेत १० प्रतिशतले वृद्धि भएर १८ करोड ८१ लाख लगानी भएको छ। यसै गरी विदेशबाट प्राप्त भुक्तानीलाई आईएमई मार्फत प्रभु लगायत संस्थाहरुको सहकार्यमा रकम स्थानन्तरण कार्य समेत गराईएको छ।

यसै गरी भूकम्प जाँदा भूकम्प पिडितहरुलाई राहत समेत वितरण गरेर दाताको रुपमा उदारणीय कार्य गरेको छ। सूचना प्रविधि क्षेत्रमा समेत बैंकिङ्ग सफ्टवयर मार्फत आर्थिक कारोबारलाई सुरक्षित राख्ने काममा समेत सुधार गरेको छ।

अनि संस्थालाई सवल बनाउनको निमित्त नीति, नियम परिमार्जन गरी सम्पूर्ण अधिकार संचालक समितिलाई जिम्मा दिएर अधिकार प्रदान गरेको छ। शेयर पूँजीमा अझ वृद्धि ल्याउन बजार प्रतिनिधिहरु द्वारा सदस्य संख्या बढाउने अभियानको थालनी गरिएको छ।

यसै गरी कर्मचारीहरुको अभिमूखिकरणमा योगदान पुर्‍याउने कर्मचारीहरुको कार्य क्षमता वृद्धिको लागि तालिम र गोष्ठि संचालन गर्ने अभियान लिईएको छ। यस संस्थालाई अझ प्रतिष्ठित बनाउन उच्चस्तरिय वुद्धिजीवीहरुको समिति खडा गरेर एउटा संस्थालाई सवलिकरणका लागि उच्चस्तरको सल्लाहकार समितिको व्यवस्था गरिएको छ।

आफ्नो सदस्यहरुबाट आयकर सुझावहरुको आधारमा संस्थालाई के–कस्ता तरिकाबाट अगापड बढाउँदै लैजाने र देशको आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक अवस्थालाई मध्येनजर गर्दै कसरी राम्रो पदमा हिंडाउने देशको लोकतान्त्रिक परम्परा अनुसार पनि यसलाई रुपान्तरण गरिदै लगिने सोंचका साथ खातामा समेत अनिवार्य बचत, प्लाटिन बचत, बाल बचत र सुपर बचतहरुको शिर्षक अगाडि सारेर बचतमा वृद्धि ल्याइएको छ। यसै गरी ऋण प्रवाहलाई पनि व्यवसायिक कर्जा, हायर पर्चेज, मुद्धती धितो, शेयर धितो कर्जा र व्यक्तिगत कर्जाहरु संचालनमा रहेका छन्। जुन सहकारी जोखिम ऐन २०६४ अनुसार संचालन भएका छन्।

यसै गरी सहकारीबाट नै आई पीएस इन्टरनेट, बैंकिङ्गको अवधारणा अगाडि ल्याएर संचालन गरिएको छ। अनि ६०औं सहकारी दिवस हर्षोउल्लासका साथ मनाउँदै र ९५औं अर्न्तराष्ट्रिय सहकारी दिवसमा समेत सहभागि हुँदै आफ्नो प्रतिष्ठालाई अझ उच्च बनाउन यो अगाडि बढ्ने पाईलाई दरिलो सम्म टेकेर देश र जनताको राय सल्लाह सँगै सुधार गर्दै लगेर आफ्नो सेवामा समेत नयाँ आयम थप्दै २०७३ को नयाँ सुधारिएको विधियक अनुसार विनियम अनुसार संघ–संस्था, कलेज, नसिंङ्गहोमलाई समेत सहभागिता गराउने संशोधन प्रस्ताव पास गरिएको छ। पूँजीमा पनि चुक्ता पूँजीको दश गुणा सम्म बचत परिचालन गर्न पाउने बताईएको छ। चुक्ता पूँजीमा जगेडा कोषको पनि व्यवस्था गरिएको छ। त्यसै गरी संशोधन प्रस्तावमा सही संस्थाको संचालक अन्य ठाउँमा पनि प्रमुख बन्न नपाउने व्यवस्था गरिएको छ। बाहेक दुई करोड भन्दा कम कारोबार हुने संस्थाको हकमा यो लागु हुने छैन।

यसै गरी गाउँपालिकामा संस्थालाई कर लाग्ने छैन। नगरपालिकामा ५ प्रतिशत, उपमहानगरपालिकामा ७ प्रतिशत महानगरपालिकामा १० प्रतिशत करको व्यवस्था गरिएको छ। हाल प्राप्त तथ्यांक अनुसार ३२ हजार सहकारी देश भर संचालन भएका छन्। ५१ लाख जनता र ५३ अरब पूँजी यसमा लगानी भएका छन्।

यसले दीर्घ कालिन योजनालाई अगाडि बढाएर पिछडिएका गरीववर्ग सम्म पहुँच पुर्‍याइएर आर्थिक सहयोग सहित संस्थाको आर्थिक वृद्धि गर्न ठूलो योगदान पुर्‍याउने लक्ष्य लिएको छ।

यसले पृथ्वी नारायण शाहबाट देशलाई एकिकरण गरेर नेपालको एकताको निर्माण गरेझैं आफ्नो क्षमतालाई पनि नयाँ नीति नियम बमोजिम वित्तिय स्रोत र साधनलाई आधुनिकीकरण गरेर सरल तरिकाबाट संकलनमा चमत्कारी तरिकाले वृद्धि गर्दै जनताको सन्दर्भमा जीवित रहेन खालको योजना ल्याउने वातावरण तयार गरेको छ।

जसरी फुल फुल्दा बासनायुक्त र बगैंचा सोभायमान हुने गर्छ त्यसै गरी यसलाई सक्रिय रुपमा स्याहार गरेर बगैंचा उज्यालो बनाए झैं यो पनि लोडसेटिङ्ग हटेझैं अझ उज्यालो र अरु बचत ऋण सहकारीको प्रतिस्पर्धामा यो संस्थाले प्रतिष्ठा कमाउने गरी अर्जुनदृष्टि प्रयोग गरेर यस संस्थालाई अझै धनी बनाउन प्राविधिक क्षेत्रमा र मानवीय स्रोत साधनको क्षेत्रमा यसले महत्वपूर्ण पाईला चाल्ने छ भन्ने प्रण लिएको छु।

# सहकारी संस्थाको प्रगतिको कामना



■ मधुसूदन सुवेदी
(प्रमुख नेपाल सरकार कानून पुस्तकालय)

सह भनेको सक्षम र कारी भनेको मिलेर काम गर्ने संस्था हो। अर्को शब्दमा भन्ने हो भने सागी साथी साथ मिलेर काम गर्ने व्यक्ति वा सहयोगी हो। त्यस्तै सहकार याने सहयोग अरुसँग मिलेर काम गर्ने क्रिया वा भाव भनिन्छ। हेरौं सरकार समिति भन्नुको तात्पर्य समिति वा संस्था हो जसमा केहि विशेष प्रकारका उपभोक्ता, व्यवसायी आदिको व्यवस्था हुन्छ। यस संस्थाले सबैमा मेलमिलाप गरेर आपसी सहायताको आधारमा काम गर्ने प्रणालीलाई बताउँदछ।

सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था लि. को २५ औं रजत जयन्तीको अवसरमा फलोस् फुलोस् भन्ने मङ्गलमय कामना गर्दछु। यस किसिमको संस्थाको उत्तरोत्तर उन्नति प्रगति जति भए पनि हुन बाँकी नै रहन्छ र अगाडि नै उन्नतिको कदम चलिरहन्छ चलिरहोस्। बाधाविध्नहरु त परि नै रहन्छन् सामना गर्दै जति सुकै बाधा विध्न आइपरे पनि संस्थाको उद्देश्य प्राप्तिमा कुनै अड्चन नआओस् भन्ने मेरो शुभ कामना छ।

वर्तमान समयमा सहकारी संस्था राष्ट्रको विकासको लागि ज्यादै नै आवश्यक छ। सङ्घे शक्ति कलौ युगे भन्दछन्। एकला एकलै हुँदा कसैले पनि केही गर्न असम्भव छ। चाहे कृषि गर्दा होस् अथवा कुनै निर्माणको कार्य गर्दा किन नहोस् अथवा कुनै अवरोध हटाउँदा होस् जे काम गर्दा पनि सहभागिताको ज्यादै खाँचो पर्दछ। सहकारी जस्तो संस्था सञ्चालनमा पनि जति सके धेरै जनाको सहभागिता र एकता भयो भने सहकारी संस्थाले के गर्न सक्दैन। चाहृयौं भने जुनसुकै क्षेत्रको पनि विकास गर्न सक्दछ। आर्थिक, शैक्षिक, औधोगिक विकासका साथै स्वास्थ्यको क्षेत्रमा पनि योगदान दिन सक्छ, अगुवाई गर्न सक्छ।

प्रारम्भमा जुनसुकै कुरा पनि थोरै हुन्छ सानो हुन्छ। यो सहकारी संस्थाको पनि स्थापना गाह्रो थियो प्रसव वेदना हुन्छ नै। सहकारी संस्थाका संस्थापक महानुभावहरुलाई नै थाहा होला। सर्वसाधारणलाई त सहकारी संस्थाको उत्पत्ति र विकास देखेपछि मात्र थाहा भयो। एउटा सानो स्थानमा थोरै व्यक्तिले जामेमार्केट घण्टाघरमा शाखा र पुनः चावहिलमा पनि शाखा विस्तार भइसकेको छ। त्यति मात्र नभई अन्य स्थानमा पनि सबैको सुविधाको लागि सेवा गर्न शाखा खोल्ने व्यवस्था पनि हुँदै होला। नीति धर्म अनुसार यस सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था सञ्चालन गर्दै यसको दोब्बर प्रगति हुनेछ।

हेरौं "विश्वमा एक मात्र हिन्दु राष्ट्र नेपाल" हिमाल, गुफा, कन्दरा, वन, जङ्गल, मठ मन्दिर र पवित्र नदीहरुले ओतप्रोत भएको हुँदा देवता, ऋषि मुनिहरु विश्वामित्र, व्यास, वाल्मिकि, याज्ञवल्क्य, जनक आदि देवर्षि, ब्रह्मर्षि र रावण आदि राक्षसहरु समेतले यस "तपोभूमिमा" तपस्या गरी वरदान समेत प्राप्त गरेको कुरा र वराहपुराण, स्कन्दपुराण आदिले निर्दिष्ट गरेको हुँदा नेपाललाई पुण्यभूमि र मोक्षभूमिको" संज्ञा दिइएको छ। हाम्रा धर्मशास्त्र, ऋषिहरु र मनीषीहरुले सदाचार युक्त जुन विधि विधान बताएका छन् ती सबै हामी सनातनी हिन्दुहरुको लागि ठूला हितकारी उपज छन्। तसर्थ नीति धर्मको हैला कहिलै पनि गर्नु हुँदैन। यसैमा जीवनको सफलता निश्चित छ। दृढ सङ्कल्पको साथ नीतिमा बताइएका मुख्य कुराहरुलाई अनुसरण गर्दै यो संस्था चलाउनु नितान्त आवश्यक छ।

साथै "धर्मो विश्वष्य जगत : प्रतिष्ठा" भनेर ऋग्वेदले धर्मको काम नै जगत्को प्रतिष्ठा बढाउनु हो भनेर स्पष्ट रुपमा उल्लेख गरेको छ। धर्मको उल्लघंन गर्ने राष्ट्रमा सुख शान्ति आशा गर्नु खरायोको सिङ खोजेर हिड्नु जस्तै हो। मर्यादामा नरहेका कुनै पनि कुराको महत्व हुँदैन भन्ने कुरा स्वतः सिद्ध छ। मर्यादाको आधारमा नै संसार अडेको छ।

नीति, धर्म र भगवान्को सम्बन्ध अटुट छ। धर्मरहित कुनै पनि कार्य अनीति बन्न पुग्दछ, यस्तै अनीतिको कारणले गर्दा नै संसारमा सत्य, द्वापर र कलियुगमा भगवानलाई अवतरित हुन बाध्य भएको हो किनकि नीति विरुद्ध रहेका मानिसलाई सत्मार्गको शिक्षा दिन एवं भक्तको कल्याण हेतु नीतिस्वरुप भएर भगवान् अवतरित हुनु भएको छ। यस संसारमा पाप पुण्य, सदाचार, नीति–अनीति, विधि–निषेध, न्याय–अन्याय, शुभ–अशुभ आदि सबै क्रियाकलापको कर्मफल नीति विधान अनुसार मानिसले अवश्य भोग्नुपर्छ।

आज संसारमा भौतिकवादको सुख सुविधाको उपलब्धि भएर पनि घोर अशान्तिले ग्रस्त भएर हाहाकार मच्चिराखेको छ। यसको मूल कारण के हो भने मानिसले धर्मशास्त्रमा बताइएका कल्याणकारी नीतिहरुलाई त्यागेर आफूखुसी किसिमबाट जीवन यापन लागे। मर्यादालाई त्यागेर उच्छृङ्खल तिर लागे, यसैले गर्दा देश र समाज पतन हुँदै गै रहेको छ।

यस सहकारी संस्थाको सदस्य भई धेरै वर्ष मैले अवलोकन गर्दै जाँदा यसले सबैलाई मिलेसम्म सुविधा दिदै आएको पाएको छु। मिठो बोलिवचनका साथ यति आनन्द साथ सबै कर्मकारीहरु तथा मेनेजर लगायतले व्यवहार गरेको देख्दा यसले भविष्यमा धेरै प्रगति गर्दै जाने छ भन्ने मेरो धारण तथा अनुभव छ।

तसर्थ यस किसिमको भावनालाई आत्मसात् गरी नीति धर्मलाई आगाली यो सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था अगाडि बडेमा रजत जयन्तीको अपेक्षा अझ अर्को पच्चिस वर्ष अर्थात संस्थाको पचासौं वर्ष स्वर्ण जयन्तीको समयमा अचिन्त्य उन्नति प्रगति हुने कुरामा सक्ता लिनुपर्दैन। यसको उन्नति प्रगति अविरल गतिमा अगाडि बढोस् भन्ने पुनः मेरो कामना छ।

# सहकारी संस्था असफल हुनसक्ने कारणहरु:



■ श्रीकृष्ण प्रसाद पन्त

सहकारी पद्धतिलाई नेपालले अप्नाइएको आर्थिक व्यवस्थामा तीन खम्बाहरु मध्ये एक मानिएको छ। देशका गाँउ तथा शहरहरुमा विभिन्न प्रकारका सहकारीहरु संचालित छन् । ग्रामीण क्षेत्रमा धेरै जसो सहकारीहरु कृषि तथा पशुपालनसँग सम्बन्धित छन् भने शहरी क्षेत्रमा ऋण तथा बचत सहकारीहरु टोलैपिच्छे पाइन्छन्। सबै प्रकारका सहकारीहरुले देशको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याइरहेका छन्। विशेषतः बचत तथा ऋण सहकारीहरुले परम्परागत सिमित बैंकिङ्ग सम्बन्धी कारोबारहरु गर्दै आईरहेको छ। साना बचतकताहरु तथा परम्परागत साहुकारहरुबाट शोषित एवं कर्जाको लागि बैंकिङ्ग पहुँचमा रहन नसक्ने साना व्यवसायीहरुको लागि बचत तथा ऋण सहकारीहरुको योगदान उल्लेखनीय छ । अर्थतन्त्रमा जतिसुकै उल्लेखनीय योगदान पुऱ्याएता पनि बेला बेलामा कतिपय सहकारी संस्थाहरु विवादित, असफल तथा संचालकहरु भागेका खबरहरुले सहकारी क्षेत्र गर्माउने गरेको पाइन्छ। विशेषतः यस्ता खबरहरु बचत तथा ऋण सहकारीहरुको सन्दर्भमा नै बढी प्रचारित हुने गरेको छ। यस्ता खबरहरुले सहकारीमा बचत गरिरहेका सहकारी सदस्यहरु विशेष रुपमा आतंकित हुने गरेको पाइन्छ। यस्ता खबरहरु आइरहँदा कतिपय सहकारीका संचालकहरु शेयर सदस्यहरुबाट आशंकाको घेरामा पर्ने गरेको पाइन्छ। यस्तो आशंकाको अवस्थाले सहकारीका पदाधिकारीहरु पनि बेला बेलामा पिडित हुने गर्दछन्। यस्ता खबरजन्य आशंकाहरु बढ्दै गएका कारण पनि कतिपय सहकारी संस्थाहरु असफल पाइन्छ।

वास्तवमा कतिपय सहकारीहरु विभिन्न कारणले असफल भएका पनि छन् । सहकारीकर्मीहरु, सहकारी संस्थाहरु, संचालक पदाधिकारीहरु तथा कर्मचारीहरुका साथै सम्पूर्ण शेयर सदस्यहरु सबैले संस्था असफल हुनसक्ने कारणहरु त्यस्ता संस्था स्थापनादेखि नै पहिचान गरी चनाखो भएमा यस्ता खबरहरु पटक पटक आउने परिस्थिति रहँदैन्। त्यस्ता असफलताका सम्भावित कारणहरुबारे यस लेखमा विवेचना गर्न प्रयास गरिएको छ।

१. **सहकारी सिद्धान्तबारेको अपर्याप्त बुझाई :** कतिपय सहकारीका पदाधिकारीहरुमा समेत सहकारीका आधारभूत सिद्धान्त बारेमा न्यूनत्तम ज्ञान नै नरहको पाइएको छ। संस्थाका सम्पूर्ण सदस्यहरु संस्थामा मुनाफा प्रतिफल शेयर अनुपातमा रहने गरेतापनि मताधिकार एक शेयर सदस्य एक मतको आधारमा हुने गर्दछ। संस्था स्थापना गर्दाका कतिपय अगुवा संस्थापकहरुले नै यस बारेमा नबुझेको तथा बुझ पचाएको पाइएको छ। देशमा थुप्रै सहकारी संस्थाहरु संचालनमा रहेता पनि अझै कतिपय संचालकहरु तथा संस्थापकहरुले सहकारी संस्था शुरुवातकर्ता अगुवाहरुको विशेष अधिकारी भएको नीजि संस्थाको रुपमा बुझ्ने, ब्यवहार गर्ने गरेको पाइएको छ। कतिपय बचत तथा ऋण सहकारीहरुमा संचालकहरु तथा संस्थापकहरुले आफूलाई संस्थाको मालिक तथा पछि सदस्यता लिने साना शेयरधनीहरुलाई ग्राहक वा आसामी जस्तो ब्यवहार गर्ने गरेको पाइएको छ भने कतिपय साना शेयरधनीहरुले पनि आफूलाई ग्राहक वा ऋणी जस्तो महसुस गर्ने प्रवृति रहेको पाइएको छ । सहकारी संस्था सबै शेयर सदस्यहरुको सामुहिक संस्था भन्ने बुझाई नभएमा पनि संचालकहरु तथा पदाधिकारीहरुमा जथाभावी गर्न प्रवृति रहनुको साथै अन्य शेयर सदस्यहरुसाग मनमुटाव हन गई संस्था असफलता तिर जान सक्दछ।

२. **प्रचलित नीति, नियम तथा निर्देशनहरुबारे अपर्याप्त ज्ञान :** सहकारी संस्था प्रचलित सहकारी ऐन, सम्बन्धित नीति, नियम तथा तथा बेला बेलामा सम्बन्धित नियमनकारी निकायहरुबाट जारी हुने निर्देशन बमोजिम संचालन हुनुपर्दछ। त्यस्ता ऐन नीति, नियम तथा निर्देशनहरु बारेमा यथेष्ट चासो नदिने तथा अपर्याप्त ज्ञान लिने कारण पनि संस्थागत सुशासन कमजोर भई संस्था असफल हुन सक्दछ। सहकारीका संचालक, पदाधिकारी तथा कर्मचारीहरुले सहकारी संस्थाहरुसाग सम्बन्धित प्रचलित नीति, नियम तथा निर्देशनहरुबारे जानकारी राख्ने तथा संस्थाको सचालन सहजताको लागि बनाइएको नीति नियम समेत पालना गर्नु, गराउनु पर्दछ।

३. **व्यवस्थापकीय कौशलताको अभाव :** कुनै पनि संस्था संचालनको लागि न्यूनत्तम व्यवस्थापकीय ज्ञान तथा सिप हुन पर्दछ। तर व्यवस्थापकीय क्षमता नभएका कतिपय अगुवा संस्थापकहरु तथा संचालकहरुका कारण पनि सहकारी संस्थाले असफलता भोगेका छन्। यस्तो कतिपय अवस्थामा संचालक पदाधिकारी तथा कर्मचारीहरु नियत राम्रो हुँदाहुँदै भाग्नु तथा अपमान भोग्नु परेको छ । यस्तो अवस्थाबाट मुक्त रहन लहर तथा रहरमा सहकारी संस्था खोलिने प्रवृतिलाई निरुत्साहित गरिनु पर्दछ।

४. **वित्तीय व्यवस्थापनको ज्ञान तथा कौशलताको अभाव :** कुनै पनि संस्था संचालनको लागि न्यूनत्तम व्यवस्थापकीय ज्ञान तथा सिप हुनपर्दछ । सहकारी संस्थाहरुमध्ये बचत तथा ऋण सहकारी संस्थाहरुका संचालकहरु तथा व्यवस्थापकीय कर्मचारीहरुमा न्यूनत्तम व्यवस्थापकीय कौशलताको अतिरिक्त वित्तीय व्यवस्थापनको विशेष ज्ञान तथा कौशलताका अत्यधिक मात्रामा रहनु पर्दछ । बैंक मौज्दातको अवस्था, नगद तरलताको अवस्था, पूँजी/निक्षेपसँग कर्जाको अनुपात, कर्जा नोक्सानी तथा असूलीको अवस्था, सम्पत्ति दायित्व अन्तराल विश्लेषण, लिनेदिने ब्याज दर, संचालन तथा कर्मचारी खर्च, कूल खर्च तथा मूनाफाको अवस्था, विभिन्न प्रकारका प्रवृति तथा सुचकांकहरुको विश्लेषणको साथै कर्जा दिँदा अप्नाउनु पर्ने होशियारी, जोखिम विश्लेषणका बारेमा पनि पर्याप्त ज्ञान हुनुपर्दछ। यस प्रकारको ज्ञान तथा कौशलताको अभावका कारण पनि संस्थागत सुशासन कमजोर भई कतिपय सहकारी संस्थाहरु असफल भएको पाइएको छ।

५. **कर्मचारी व्यस्थापनमा भएको लापरवाहि :** कुनै पनि संस्थाको दैनिक कारोबारहरुको संचालन कर्मचारीहरुबाट हुने गर्दछ। कुनै पनि

संस्थामा संस्थागत उद्देश्य बुझेका सक्षम, इमान्दार तथा जिम्मेवार कर्मचारी संस्थाको सम्पत्ति हुन्। तसर्थ कर्मचारी भर्ना प्रक्रिया "हाम्रो भन्दा राम्रो" भन्ने सिद्धान्त अप्नाउनु पर्दछ। भर्ना गरिने कर्मचारीहरुको नैतिक पृष्ठभूमि, बहालवाला कर्मचारीहरुको आचरण तथा कार्य सम्पादनस्तरमा व्यवस्थापन तथा संचालकहरुबाट चासो लिइनु आवश्यक छ। साथै कर्मचारीहरुलाई समय समयमा आवश्यक तालिम तथा सम्भव भएसम्म प्रोत्साहन तथा वृति विकासको अवसर समेत दिइनु पर्दछ। कमजोर कार्य सम्पादनस्तर तथा अनैतिक कर्मचारी सम्पत्ति नभई संस्थाको लागि दायित्व हुन। त्यस्ता कर्मचारीहरुको बोझबाट संस्थालाई मुक्त राख्नु पर्दछ। त्यस्ता कर्मचारीहरुले संस्थालाई बेफाइदा तथा बदनामी गराई संस्थालाई असफलता तिर उन्मुख गराउन सक्दछन्। छिटो छिटो कर्मचारीहरुले जागिर छोड्ने तथा पटक पटक नयाँ कर्मचारी भर्ना गर्नु पर्ने अवस्था संस्थागत रुपमा राम्रो होइन्। साथै कतिपय अवस्थामा संस्थामा संचालकहरु, संस्थापकहरु तथा शेयर सदस्यहरुका बिच पनि कर्मचारी भर्ना सम्बन्धि विषयमा ज्यादै विवाद हुने गरेको पाइन्छ। संस्थामा आवश्यकता भन्दा धेरै कम वा धेरै बढी कर्मचारी भर्ना गर्नु पनि राम्रो होइन्। कर्मचारी भर्नाको लागि कुनै पनि शेयर सदस्यबाट दबाब दिइनु हुँदैन्। कर्मचारी भर्ना प्रक्रियामा सक्षम, इमान्दार तथा जिम्मेवार कर्मचारी प्राप्त गर्न सुझबुझ अप्नाउनुपर्दछ। कर्मचारी व्यवस्थापनमा हुने गरेको लापरबाहिले पनि कतिपय संस्था असफल भएका छन्।

६. **संचालकहरुको नैतिकस्तर तथा पृष्ठभूमी** : कुनै पनि संस्थाको विकास तथा सफलतामा संचालक तथा कर्मचारीवर्गको ज्ञान, शिप तथा क्षमताको अतिरिक्त नैतिकस्तर तथा पृष्ठभूमीको बलियो भूमिका रहन्छ। विगतमा खराब आचरण भएका व्यक्तिहरु संचालकमा चयन हुन जाँदा तथा कतिपय संचालकहरुका हालकै कमजोर नैतिक स्तरका कारण पनि कतिपय बचत तथा ऋण सहकारी संस्थाहरु बद्नाम भई असफल भएका छन्। शहर बजारमा स्थान परिवर्तन गरि बाहिरबाट आएका अपरिचित तथा कमजोर नैतिक स्तरका व्यक्तिहरुले खराब नियतका साथ बचत तथा ऋण सहकारी संस्था खोलि धेरै ब्याज लगायत विभिन्न प्रकारका प्रलोभन देखाई सर्वसाधारणलाई निक्षेप जम्मा गर्न लगाउने र पछि जम्मा भएको रकम लिई भिकि फरार भएको समाचारहरु केहि वर्ष अघिसम्म धेरै पत्रपत्रिकामा शिर्ष समाचारको रुपमा आउने गरेको थियो। जान्दै नजानी संचालक तथा व्यवस्थापकीय पदाधिकारीहरुको पृष्ठभूमी नबुझि प्रलोभनमा फसि कुनै पनि सहकारी संस्थाहरुको शेयर सदस्य बन्ने प्रवृतिले पनि सहकारी संस्था असफल भएको पाइएको छ।

७. **अफवाहको पछि लाग्ने प्रवृति** : भ्रमपूर्ण प्रचार गर्नु एक प्रकारको कुकर्म हो। कतिपय अवस्थामा संचालकहरुको आपसी कलह, शेयर सदस्यहरुको हल्ला तथा अफवाहका कारण फलाना सहकारीमा घोटाला भएको, संचालक भागेको, भाग्दै छ भन्ने मनोगत, उडन्ते खबरका कारण पनि निक्षेपकर्ता शेयर सदस्यहरु अकस्मात निक्षेप रकम झिक्न लाम लाग्ने तथा कर्जा लिएका शेयर सदस्यहरुले कर्जा किस्ता रकम समयमै नबुझाउने गर्दा पनि वित्त व्यवस्थापनमा आई लागेको आकस्मिक समस्याले गर्दा संचालकहरु तथा कर्मचारीहरु बाध्यतावश भाग्नु परेको छ, कतिपय शेयर सदस्यहरुको निक्षेप रकम डुबेको छ। संस्था असफल भएका छन्। यस्तो अवस्था आउन नदिन संचालक पदाधिकारीहरु, शेयर सदस्यहरु, कर्मचारीहरु कसैले पनि भ्रामक खबर फैलाउने कुकर्म गर्नु तथा अफवाहको पछि लाग्नु हुँदैन्। कतिपय सहकारीहरुमा कर्जा नतिर्ने उद्देश्यले यस्तो आपराधिक होहल्ला केहि शेयर सदस्यहरु स्वयंबाट फैल्याइएको पाइएको छ।

८. **सहकारी संस्थाको कार्यक्षेत्र** : अरुले सहकारी संस्था खोलेको वा साविकमा आफू संलग्न सहकारी संस्थाका पदाधिकारीहरुसँग आफ्नो मतभेद भएको, चाहेजस्तो तथा मनलागि कर्जा वा अन्य सुविधा उपभोग गर्न नपाएको, स्वयं पदाधिकारी वा कर्मचारी बन्न नपाएको वा आफूले चाहेको व्यक्तिलाई बनाउन नपाएको आक्रोसमा समेत सहकारी संस्था खोलिएको पाइएको छ। सहकारी संस्था मनलागि रुपमा खोलि संचालन गर्न तथा नचाहँदा बन्द गर्न सकिने संस्था होइन् । सहकारी संस्था मध्येपनि बचत तथा ऋण सहकारी संस्थाहरु एक क्षेत्रमा धेरै संख्यामा हुँदा त्यस्ता संस्थाले सहकारीको उद्देश्य पुरा गर्न सक्दैन्। कतिपय अवस्थामा आम्दानी भन्दा संचालन तथा दैनिक खर्चहरु अधिक भई विस्तारै सहकारी संस्था असफल हुनको साथै पदाधिकारी तथा कर्मचारीहरु पलायन हुन बाध्य भएका छन्। संस्था खोल्नु पूर्व नै प्रस्तावित सहकारी संस्थाको कार्यक्षेत्र, सम्भावित शेयर सदस्य संख्या, सम्भावित कारोबार, आम्दानी खर्च लगायतका वित्तीय पक्ष विषयमा स्पष्ट हुनु आवश्यक छ।

उल्लेखित कारणहरु बारेमा संस्था खोल्नु अघि, संस्था संचालन गर्ने तथा शेयर सदस्य बन्ने, बनाउने क्रममा गम्भिर भएर सोचिएमा सहकारी संस्थाहरुले असफलता भोग्नु पर्ने, संचालकहरु भाग्नु पर्ने तथा सहकारी क्षेत्रले बदनामी भोग्नु पर्ने छैन्।

लेखक:
टुरिजम डेभलपमेन्ट बैंक लिमिटेडमा
प्रशासन तथा संस्थागत मामिलामा
विभागीय प्रबन्धक हुनु हुन्छ।

# सामाजिक रुपान्तरणमा सहकारीको योगदान



■ वलराम आचार्य

## परिचयः

नेपाल जस्ता वहुविशेषता भएका विकाशोन्मुख देशहरुको विकास र रुपान्तरणका लागि सहकारी एउटा महत्वपूर्ण माध्यम वन्नसक्छ । सहकारीका माध्यमबाट छिरलिएर रहेको स–सानो पूँजीलाई वचतका माध्यमबाट एकिकृतिकरण गरेर त्यसलाई स्थानिय समुदायको विकासका लागि खर्च गर्न सकिन्छ। समुदायका मानिसको पृथक पृथक आवश्यकता हुनु स्वभाविक हो। उनिहरुको आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक आवश्यकता पुरा गर्नका लागि स–सानो पाुजीको आवश्यकता परिरहन्छ । यस अवस्थामा सहकारीका माध्यमबाट आफनो वचतलाई वढाउँदै लैजाने र त्यसलाई आवश्यक परेको वेलामा खर्च वा लगानी गर्न सकिन्छ । ब्यक्तिगत तहमा हुने यस प्रकारको अभ्यासले राष्ट्रिय विकासमा प्रत्यक्ष र अप्रत्यक्ष योगदान दिएको हुन्छ। ठूला बैंकको पहुँचसम्म पुग्न नसक्ने आम नागरिकको आवश्यकता सहकारीका माध्यमबाटै पुरा गर्न सकिन्छ। किनकी सहकारी समुदायमा आधारित समुदायका सदस्यले आफना आवस्यकता पुरा गर्न गठन गरेको ऐच्छिक सदस्य र समानतामा आधारित संगठन हो। यस प्रकारका संस्थाहरु सामुहिकतामा आधारित हुन्छन। समुहको भलाइ, विकास र प्रगतिका लागि सहकारीलाई परिचालन गरिएको हुन्छ। सामुहिक लगानी, सामुहिक उत्तरदायित्व तथा सामुहिक लाभ वितरणमा आधारित हुन भएकोले पनि यस्ता सहकारी संस्थाले वैंकिङ्ग क्षेत्रको एकाधिकारलाई विस्थापित गरी सामुहिक प्रगति र विकासलाई योगदान पुऱ्याउँछन । सहकारीका माध्यमबाट विभिन्न साना आय आर्जनका कार्य, सशक्तिकरण तथा मझौला उद्योगहरुसम्म सञ्चालन भएका छन। सहकारीका माध्यमबाट जलविद्युत, कृषि तथा शिक्षाका क्षेत्रमा प्रसस्त लगानी हुन सकेको छ। यसले राम्रो प्रतिफल दिनुका साथै सहकार्यको संस्कृतिलाई पनि बढाएको देखिन्छ। यी सबै कार्यको लागि नेपाल सरकारको प्रष्ट नीति हुन आवश्यक छ। सहकारीलाई विकासको महत्वपूर्ण साझेदार संस्थाका रुपमा नीतिगत रुपमा नै स्वीकार गरी यसलाई के कसरी आम जनताको हितमा परिचालन गर्न सकिन्छ भन्ने वारे अझै बहस हुन आवश्यक छ। अझै पनि सहकारी विपन्न वर्गका पहुँचसम्म पुग्न सकेका छैनन्।

सामुहिकता, पारदर्शीकता तथा उत्तरदायित्व, खुलापन, प्रजातान्त्रिक कार्यप्रणाली जस्ता पक्षहरु सहकारीमा रहने भएका कारण यस्ता संस्थाहरु सफल हुन सक्ने संभावना बढी देखिन्छ । यस प्रकारका विशेषता भएका सहकारीको अभ्यासले सामाजिक विभेद, असमानता र एकाधिकारलाई प्रश्रय दिदैन। सामुहित हित र विकासलाई जोड दिन्छ। अठारौं शताब्दिको औद्योगिकरणसँगै बढेको गरिवी, असमानता र एकाधिकारको अन्त्यका लागि सर्वप्रथम यूरोपमा सहकारी आन्दोलन भएको ईतिहास देखिन्छ। दोस्रो विश्व युद्ध पछि झन यसको आवश्यकता महशुस गरियो। सहकारीको विकासलाई एकाधिकार चाहने उद्योगपती तथा धनाड्यहरुले कहिल्यै पनि राम्रो मानेन। यो अवस्था आजसम्म पनि देख्न सकिन्छ। तर यसका वावजुद पनि सहकारी आन्दोलन मूलतः विकासशोन्मूख देशमा अर्थतन्त्रको महत्वपूर्ण विकल्प तथा साझेदारी प्रयासका रुपमा स्वीकारिएको अवस्था छ। हाल विश्वभरी करोडौं मानिसहरु सहकारीमा आवद्ध छन। नेपालमा वि.सं २०१३ साल चैत्र २० गते पहिलो सहकारी संस्था वखान सहकारी संस्था गठन भएको देखिन्छ। तर पञ्चायत कालको कठोर राजनैतिक प्रणालीमा सहकारीको विकास प्रयाप्त हुन सकेन। राजनैतिक खुलापनको अवस्थासँगै वि.सं २०४६ सालपछि सहकारी आन्दोलन बढी सशक्त वन्दै आयो। त्यसपछि नै बढिभन्दा बढी सहकारी संस्थाहरु संञ्चालनमा आएका छन। तर तीनको प्रयाप्त अनुगमन र मूल्याक्तन हुन नसक्दा कैयौं सर्वसाधारणको निक्षेप जोखीमा पर्ने तथा गैर सेवामूलक वन्ने प्रवृत्ति पनि बढिरहेको छ।

## सहकारी किन सफल वित्तिय संस्था हुन सक्छन ?

सहकारीले स्थानीय समुदायका सदस्यहरुको सिप र क्षमता अभिवृद्धि गरि उद्यमशिलतामा लाग्न प्रेरित गर्दछन । जसका कारण मानिसको आय वृद्धि हुने, शिक्षामा पहुँच बढ्ने, सहकार्यको अभ्यास हुने जस्ता संभावना रहन्छन। यही प्रक्रियामा वेरोजगारी हटन सक्छ। गरिवीको दरमा न्यूनता आउनपुग्छ। यसैगरी स्थानीय तहमा उत्पादित वस्तु तथा सेवाहरु जस्तो कृषि उत्पादनमा दुग्ध, पशुपालन, चिया, कफी, विधुत, तरकारी उखु, कुखुरा लगायतका उत्पादनलाई प्रोत्साहन गर्ने, सहयोग गर्ने र वजारीकरण गर्न सहकारीले महत्वपूर्ण योगदान दिनसक्छ । यसैगरी स–साना उद्योग स्थापनाका माध्यमबाट स्थानीय सिप, स्रोत र साधनको प्रयोग गरी उत्पादन बढाउन पनि यस्ता संस्थाहरुले सहकारीका सदस्यहरुलाई सिप र पूँजी उपलब्ध गराएका हुन्छन। यसैगरी ब्यापार ब्यवसाय गर्नका लागि पनि सहकारीले सहयोग गर्दछ। गरिव मानिसहरुलाई विना धितो सामुहिक जमानीमा उपलब्ध गराइने यस प्रकारको पूँजीको उपलब्धताले समाजका गरिव तथा विपन्न वर्गको जीवनस्तरमा सुधार हुनसक्ने संभावना प्रसस्त देखिन्छ। यस्ता स–साना जस्ता देखिने आर्थिक गतिविधिहरुले राष्ट्रिय अर्थतन्त्रलाई योगदान दिएको हुन्छ। यसैले नेपाल सरकारले सहकारीलाई आर्थिक विकासको महत्वपूर्ण एकाईका रुपमा स्वीकार गरेको अवस्था छ। यसको सहजीकरण र सहुलिएतका लागि ऐन, नियम र कार्यक्रमहरु समेत तर्जुमा गरिएको देखिन्छ। यसलाई सकरात्मक रुपमा लीन सकिन्छ। यद्यपि नेपाल सरकारको सहकारी प्रतिको नीति र दृष्टिकोणमा एक रुपता देखिदैन। तर पनि सहकारीका माध्यमबाट अरबौं (करिव १ खरब) को कारोवार भएको अनुमान छ। सहकारीबाट वित्तिय क्षेत्रमा करिव १३ प्रतिशत योगदान पुगेको अनुमान गर्न सकिन्छ। सहकारी हेर्ने नेपाल सरकारको निकाय र संरचना अत्यन्तै कमजोर भएकाले सहकारीको सही अनुगमन र मूल्याङ्कन भने हुन सकेको छैन। तर पनि सहकारीले जम्मा गरेको रकम, त्यसको लगानी र त्यसमा आवद्ध मानिसहरुलाई हेर्दा यस्ता संरचनाहरुले हजारौं रोजगार सिर्जना गरेका छन। यसैका माध्यमबाट गरिवी निवारणमा योगदान पुगी राखेको छ। गाउँ समाज समृद्धि तर्फ उन्मूख हुदै पनि छन। यो एउटा आर्थिक विकासको

अभियान पनि हो। यसले स्थानीय स्रोत र साधनको ब्यापक प्रभावकारी परिचालनमा सहयोग गर्दछ। विकासको आवश्यकता स्थानीय स्तरबाटै जगाउने कार्य सहकारीबाट हुनसक्छ। समुदायका सदस्यहरुले आफैले त्यस्ता कार्य सञ्चालन गर्ने भएका कारण यसका आर्थिक क्रियाकलापमा मानिसको बढी सहभागिता, विश्वास र भावनात्मक सम्वन्ध रहन्छ। यसमा ऋण लीन र निक्षेप राख्न सजीलो कार्यप्रणालीका कारण समुदायका सदस्यहरुले बढी लाभ लीन सक्दछन। सहकारीमा आवद्ध सयौं, हजारौं र लाखौं सहकारीका सदस्यहरुले आफ्नो सिप, स्रोत र साधनको प्रयोग गरी आफ्नो आर्थिक-सामाजिक जीवनलाई सहज वनाउन सकेका छन। यद्यपी यस वारेको गहन खोज तथा अनुसन्धान हुन वाँकी छ

## सहकारीको सामाजिक पक्ष:

सहकारीको सामाजिक पक्ष पनि त्यतिकै महत्वपूर्ण छ। सहकारी कै माध्यमबाट सामाजिक एकता, सहयोग, भाइचारा र सहअस्तित्व विकास भएको अनुभव गर्न सकिन्छ। सहकारीले कुनै जात, धर्म, लिङ्ग, उमेर र क्षेत्रको सिमा राख्दैन। समाजका सबै तहका मानिसहरु सहकारीमा आवद्ध हुन सक्दछन। सहकारी कै माध्यमबाट जातीय छुवाछुतका ब्यवहारहरु घटेको अनुभव गर्न सकिन्छ। सहकारी कै माध्यमबाट सबै जातका मानिसहरुले सबै खालका पेशा र ब्यवसाय हातेमालो गरेको देखिन्छ। यसले जातीय एकतालाई वल पुर्याएको देखिन्छ। लैगिक विभेद, असमानता हिंसाका घटनाहरु पनि सहकारीमा ब्यक्तिको आवद्धतासँगै घटेको देखिएको छ। यसले परिवारमा आपसी सहकार्य र विश्वासलाई बढाएको देख्न सकिन्छ। यी सवै सामाजिक क्रियाकलापहरु विकासका महत्वपूर्ण सूचक हुन। सामाजिक विकास कै माध्यमबाट आर्थिक विकासका लक्ष्य प्राप्त गर्न सकिन्छ। विकासको अर्थ पनि सामाजिक एकता र सहकार्यमा आधारित समृद्ध समाज हुनु हो । यसैगरी सहकारी कै माध्यमबाट आफ्नो गाउँठाउँका विकासका कार्यमा समुदायको सबै वर्गका मानिसको सहकार्य बढेको अनुमान गर्न सकिन्छ। मानिसको शिक्षा र स्वास्थ्यमा सुधार गर्न पनि सहकारीको मह्त्वपूर्ण योगदान छ। यसबाट मानिसमा चेतनाको विकास हुन सकेको छ। जसले सहअस्तित्व र भातृत्वलाई अभिवृद्धि गर्दछ। यस्ता क्रियाकलापले आत्मनिर्भरतालाई बढाउने वाटो खोज्न मद्धत गर्दछ। विभिन्न जातजाति, भाषा र संस्कृतिमा आवद्ध नेपाली समाजको एकता र यसको समृद्धिको लागि आवस्यक छ। यसका लागि सहकारीको माध्यमबाट गरिने सहकार्यको भूमिका महत्वपूर्ण हुनसक्छ। सहकारीले नै सबै जात, भाषा, संस्कृति र क्षेत्रका मानिसलाई जोडेको छ। यसैबाबाट एकले अर्कोलाई सम्मान गर्ने संस्कृतिको विकास हुनसक्छ। दिगो र गुणात्मक विकासका लागि समाजमा आपसी विश्वासको निरन्तरता पनि त्यतीकै आवश्यक हुन्छ। यसैबाट मानव विकासको स्तरमा सुधार गर्न सकिन्छ। यी कार्य सहकारीको सहकार्यबाट बढी सहज वन्दछन। सरकार तथा विकासका वारेमा ब्याख्या गर्ने जो सुकैले पनि विकासको सामाजिक पक्षलाई महत्व दिनु अत्यन्तै आवश्यक छ। विकास हुनु भनेको आर्थिक उपार्जन, वाटो तथा अन्य पूर्वाधार मात्र होइनन। सामाजिक सहकार्य यसका लागि अन्यन्तै आवस्यक छ। जुन सहकारीबाट संम्भव छ।

## सहकारीका चूनौतिहरु:

सहकारीलाई जती सजिलोसाग वुझ्न खोजिन्छ। त्यो भन्दा बढी यो सञ्चालनमा जटिलताहरु पनि जेलीएका छन। के सहकारी सामुहिकताबाट सञ्चालीत छन ? के सहकारी सामाजिक अभिवृद्धिमा केन्द्रित छन ? के विपन्न र पछि परेका वर्गको सहभागिता र स्वामित्व रहन सकेका छन ? के सहकारीहरु प्रयाप्तरुपमा ग्रामीणमूखी हुन सकेका छन ? के सहकारी राजनीतिबाट मुक्त छ ? के सहकारीमा आत्मनिर्भरता प्रयाप्त छ ? यी र यस्ता अन्य प्रश्नहरु आजको सहकारी आन्दोलनमा देखिएका छन। यतीमात्र नभई सहकारीप्रती सरकारी दृष्टिकोण पनि समान खालको छैन। राजनैतिक दलहरुको पनि यसप्रतिको समान धारणा छैन। यस्तो परिस्थितिमा नेपालमा आजका सहकारी क्रियाशिल छन। सहकारी केही ब्यक्तिको कमाउ अखडा वनेका, बढी राजनैतिक आधारमा सञ्चालीत भएका तथा सामुहिकतालाई समेट्न नसक्ने गरेका जस्ता पक्ष देख्न सकिन्छ। सहकारीको नियम अनुसार सबै त्यसका सदस्यहरुको समान लगानी, समान नाफा, समान सहभागिता हुनुपर्ने हो। तर ब्यवहारमा यस्तो देखिएको छैन। समाजका टाँठा वाठा वर्ग वा ब्यक्ति नै यसमा बढी आवद्ध छन। यस सँगै सहकारीहरु ग्रामीण तहसाग पनि जान सकेका छैनन। शहरमूखी यस्ता सहकारीहरुले वैंक जस्तो वित्तिय ब्यवहार अपनाउने र बढी नाफामुखी हुन खोजेको पनि देखिन्छ। यीनीहरुको क्रियाकलापमा अपारदर्शिकताको पनि समस्या छ। कतिपय सहकारीले अनावस्यक प्रलोभन दिने र पछि त्यहाँबाट भाग्ने गरेका घटनाहरु पनि देखिन्छन। सरकारको प्रयाप्त अनुगमन र मूल्याङ्कनको अभावले गलत मनसाय राखेर खोलीएका सहकारीहरुबाट कतिपय सर्बसाधारणहरु ठगीएका छन। सहकारीको प्रभावकारीताको जाँच गर्न नसकिएको देखिन्छ। तर सहकारीको विकल्प छैन भन्ने सोचेर यसमा देखिएका समस्याहरु र चूनौतिहरुलाई सामना गर्नु नै आजको आवश्यकता हो।

## अबको वाटो:

सहकारीको सिद्धान्तलाई सबै यसका सञ्चालकहरुले पूर्णरुपमा आत्मसाथ गर्नुपर्ने देखिन्छ। सिद्धान्त एकातिर ब्यवहार अर्कातीरको अभ्यासले सहकारी आन्दोलनलाई कमजोर वनाउँछ। सहकारीलाई राजनैतिक लाभ र हानीको दृष्टिकोणबाट सञ्चालन गर्दा समाजमा उत्पन्न हुनसक्ने विभाजनलाई ध्यानदिनु आवश्यक छ। यसैगरी सहकारी ग्रामीणमूखी हुनु जरुरी छ। जहाँ प्रयाप्त सुविधाहरु पुग्न सकेका छैनन र वैंकको पहुँचमा पुग्न नसकेका मानिसहरु छन त्यसतर्फ सहकारी लक्षीत हुनु अनिवार्य छ। सहकारी बढी नाफामूखी भन्दा पनि सेवामुखी हुँदै विपन्न वर्गको सशक्तिकरणमा योगदान दिने हुनुपर्दछ। यस्ता कार्यले सहकारीको दिगोपनलाई पनि बढाउँछ। शहरका सहकारी र गाउँका सहकारी सञ्चालन कार्यविधि तथा जोड दिइनुपर्ने क्षेत्रहरु पृथक पृथक गर्न सके यसले बढी लाभ दिनसक्ने देखिन्छ। सहरका सहकारीहरु यहाँका गरिव र विपन्न वर्गमा पुग्न सकेका छैनन। यसमा सरकारको नीति प्रष्ट छैन। यसैले यसतर्फ सोचीनु जरुरी छ। गाउँका सहकारीलाई बढी भन्दा बढी कृषिमा केन्द्रित गर्न सके ठूलै लाभ लीन सकिने देखिन्छ। कृषिको उत्पादन र बजारीकरणमा सहकारी जोडिन सके मात्र त्यसले ग्रामीण जीवीकोपार्जनलाई बढी सहज बनाउन सक्छ। सरकारको सरकारी नीति स्पष्ट हुन जरुरी छ। आर्थिक प्रगतिका माध्यमबाट

सामाजिक रुपान्तरणमा सहकारीको भूमिकालाई सार्थक तुल्याउन नसके सहकारीको उपादयता स्थापीत हुन सक्दैन भन्ने वुझाई सरकार र सहकारी सञ्चालन दुवैमा हुन जरुरी छ। सहकारीलाई बढीभन्दा बढी क्रियाशिल राख्न यसको लगानीका क्षेत्रहरु पनि ब्यापक वनाउनु पर्ने देखिन्छ। सहकारी र वैंक वीच के के मा फरक हो भन्ने वारे प्रष्ट हुनुपर्ने समय आएको छ।

## उपसंहारः

सहकारी आर्थिक समृद्धि र सामाजिक रुपान्तरणका लागि महत्वपूर्ण माध्यम बन्न सक्छ। तर सहकारी सञ्चालनमा देखिएको अपारदर्शीता, शहरमूखी प्रवृत्ति, बढी राजनैतिकरण तथा नाफामूखी प्रवृत्ति जस्ता कारण सहकारी अभ्यासबाट अपेच्छित प्रतिफल प्राप्त गर्न सकिएको छैन। यसैले सहकारीलाई मानिसको जीवनसँग जोड्न यसले नयाँ प्राथमिकता निर्धारण गर्न जरुरी छ। मानिसको दैनिक जीवनमा परिवर्तन ल्याउन सर्वप्रथम विपन्न, पछि परेका र गरिव समुदायलाई सहकारीमा आवद्ध गराउन अत्यन्तै आवस्यक छ। सहकारीलाई ब्यक्तिले वा खास घरनीया समुदायले सञ्चालन गरेको प्रष्ट उदाहरणहरु छन। तर त्यसमा समुदायका सबै वर्ग र तहका मानिसहरु सहभागि हुन सकेका हुँदैनन। लाभको वितरण पनि असमानता छ। यी र यस्ता अवस्था हटाउन सहकारीमा सहकार्यको परिस्थिति निर्माण गर्न आवश्यक हुन्छ। सामुहिकता नै सहकारीको मूल सिद्धान्त हो। सहकारीले आफ्ना सेयर सदस्यको वृहत्तर हित अनुरुप कार्य गर्नु पहिलो प्राथमिकता हो भन्ने ठानी आफ्ना क्रियाकलाप सञ्चालन गर्न आवश्यक छ। यसका लागि जसले पनि, जहाँ पनि, जसरी पनि सहकारी सञ्चालन गर्ने आजको अवश्थालाई नियन्त्रण गरी त्यसका लागि चाहिने विषय विशेषज्ञता, ज्ञान र सहकारीको ब्यवसायीकतालाई स्थापीत गर्न सबैभन्दा बढी जरुरी छ। यसले सहकारीको दिगोपनलाई वल पुऱ्याउँछ। यही दिगोपन भित्र हजारौं सहकारी सेयर सदस्यको हित सुरक्षित हुनक्छ। यसैबाट देश समृद्धिको प्रक्रियामा अघि बढ्न सक्छ।

लेखकः
रत्नराज्य लक्ष्मी क्याम्पस, काठमाडौंमा
समाजशास्त्र विभागमा विभागीय प्रमुख हुनु हुन्छ।

# आयकर सम्बन्धी बचत तथा ऋण सहकारी संस्थालाई लागु हुने महत्वपूर्ण प्रावधानहरु:



▪ प्रधुम्न घिमिरे
(लेखा परिक्षक)

आयकर ऐन २०५८ अन्तर्गत बचत तथा ऋण सहकारी संस्थालाई आयकर प्रयोजनको लागि विभिन्न प्रावधानहरु तय गरेको छ। आयकर सम्बन्धी व्यवस्थाहरुलाई नबुझेर वा नजानेर धेरै सहकारी संस्थाहरुलाई समय समयमा अप्ठ्यारो पर्ने गरेको छ। आयकर सम्बन्धी निम्न प्रावधानहरु बचत तथा ऋण सहकारी संस्थाहरुले अनिवार्य रुपमा पालन गर्नु पर्ने हुन्छ।

## १. आयकर दर्ता:

सहकारी संस्था दर्ता वा इजाजत पाई सकेपछि आर्थिक कारोबार सुरु गर्नु भन्दा अगाडि आफ्नो कार्यक्षेत्र भित्र पर्ने आन्तरिक राजशव कार्यालय वा करदाता सेवा कार्यालयमा विधिवत रुपमा आयकर दर्ता गरी स्थायी लेखा नम्बर लिनु पर्दछ।

## २. अग्रिम कर कट्टी:

रोजगारी, लगानी, प्रतिफल, सेवा शुल्क तथा ठेक्का वा करारको भुक्तानी गर्दा अग्रिम कर कट्टी गर्नु पर्ने कर्तव्य हरेक सहकारी संस्थाको हुन्छ।

### अग्रिम कर कट्टीको दर:

| सि.नं. | शिर्षक | करको दर | |
|---|---|---|---|
| १. | भाडा | १०% | |
| २. | ब्याज | सहकारीले व्यक्तिलाई काट्दा | ५% |
| | | सहकारी संस्थालाई काट्दा | १५% |
| ३. | रोजगारी | (क) एकल व्यक्तिको लागि | |
| | | ३,५०,००० | - १% |
| | | थप १००,००० | - १५% |
| | | थप २०,५०,००० | - २५% |
| | | बाँकी .......... | - ३५% |
| | | (ख) दम्पतिको हकमा | |
| | | ४,००,००० | - १% |
| | | थप १,००,००० | - १५% |
| | | थप २०,००,००० | - २५% |
| | | बाँकी | ३५% |
| ४. | अवकास भुक्तानी | योगदान नगरिएको अवकास भुक्तानीमा १५% | |
| ५. | ठेक्का वा करार | १.५% | |
| ६. | सेवा | मु.आ.क. विजक सम्मा | |
| | | १.५% अन्यमा | |
| | | १५% | |
| ७. | रोयल्टी | १५% | |
| ८. | लाभांस | ५% | |

अग्रिम कर कट्टी गरेको रकम महिना समाप्त भएको मितिले ३५ दिन भित्र सम्बन्धित राजशव कार्यालय वा करदाता सेवा कार्यालयमा बुझाउनु पर्ने छ।

### भुक्तानी गर्नु पर्ने आयकर:

हरेक सहकारी संस्थाले प्रत्येक आय वर्षमा आयकर गणना गरी कर योग्य आयको २०% कर दाखिला गर्नु पर्दछ।
वार्षिक रु. ५००० भन्दा कम कर दाखिला गर्ने सहकारी संस्था बाहेक अन्य सबै सहकारी संस्थाले निम्नानुसार किस्तावन्दी रुपमा आयकर वुझाउनु पर्दछ।

### पौष मसान्त भित्र:

चालु आय वर्षमा हुन सक्ने अनुमानित आय विवरण पौष मसान्त सम्म बुझाई सके पछि त्यसैको आधारमा अनुमानित आयकरको ४०% रकम सम्बन्धित आ.रा.का. वा करदाता सेवा कार्यालयमा पौष मसान्त भित्र दाखिला गर्नु पर्दछ।

## चैत्र मसान्त भित्र:

पौष महिनामा बुझाएको अनुमानित आयकर विवरण अनुसारको आयकरको ६०% रकम मध्ये तिर्न बाँकी रकम चैत्र मसान्त भित्र बुझाउनु पर्दछ।

## असार मसान्त भित्र:

अनुमानित आय विवरण अनुसार तिर्नुपर्ने करको १००५ तिर्न बाँकी कर रकम असार मसान्त सम्भव बुझाई सक्नु पर्ने छ।

यसरी आयकर दाखिला गणना गर्दा निम्न रकमहरु आयकर दाखिला सरह नै गणना गरिन्छ।

(क) अन्य निकायले सहकारी संस्थाको नाममा भुक्तानी गर्दा अग्रिम कर कट्टी गरेको रकम

(ख) गत आय वर्षको वढि आयकर तिरेको बाँकी रकम

(ग) सहकारी संस्था स्वयंले बुझाएको किस्तावन्दी रकम

## आय विवरण बुझाउनु पर्ने:

हरेक सहकारी संस्थाले आय वर्ष समापन भएको तीन महिना भित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालय वा करदाता सेवा कार्यालयमा आय विववरण पेश गर्नु पर्दछ। आय विवरण बुझाउने म्याद आन्तरिक राजश्व कार्यालयको सहमतिले थप अर्को तीन महिनाको लागि थप गर्न सकिनेछ।

## कर चुक्ता प्रमाणपत्र:

सहकारी स.स्थाले कर चुक्ता विवरण प्रमाण पत्र प्राप्त गर्नको लागि तिर्नु पर्ने सम्पूर्ण कर बक्यौताहरु तिरी सक्नु पर्दछ।

सम्बन्धित आन्तरिक राजश्व कार्यालय वा करदाता सेवा कार्यालयमा बुझाउनु पर्ने सम्पूर्ण कागजातहरु लेखापरीक्षण प्रतिवेदन, आय विवरण, कर तिरेको भौचरको प्रतिलिपिहरु, यस अघि लिएको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्दछ।

यदि लामो समयदेखि कर चुक्ता लिएको छैन भने विगत ४ वर्षको कागजातहरु पेश गर्नु पर्दछ।

## सहकारी संस्थालाई कर छुट:

आयकर ऐनको दफा ११  २ मा निम्नानुसार आयकर छुटको व्यवस्था गरेको छ।

(क) कृषि तथा वन पैदावारमा आधारित सहकारी संस्था

(ख) ग्रामिण समुदायमा आधारित बचत तथा ऋण सहकारी संस्था

ग्रामिण समुदाय भन्नाले महानगरपालिका र उक्त महानगरपालिका सँग नजोडिएका गाऊँ पालिकाहरुलाई जनाउँछ।

०६८।४।१८

सहकारी ऋणकोष बचत तथा ऋण
सहकारी संस्था लिमिटेड

यो सहकारी राम्रा सबै सहकारी मध्यको
राम्रो हो ।
यो सहकारी संस्थाको राम्रा पक्षहरु यस
प्रकारका रहेका छन् ।
१* ऋण प्रवाह गर्ने तौरतरीका स्पष्ट र स्फूर्त
२* काम मनमोहीलो र सजीलो
३* यस संस्था बाट ऋण लीएर सदु-
सदुपयोग गरी राम्रो आय आर्जन गर्ने-
लाई संस्थाले सम्मान गर्ने गरेको ।
४* ऋण समयमा तिर्न नसकेको ऋणीलाई-
चाहिं सहुलीयत दिएर कुशलता पुर्वक ऋण
उठाउने सकेको क्षमता भएको
५- असल ऋणीहरु लाई सर्वसुलभ तरीका
अपनाउने गरेको ।
६- यो संस्थामा रहेका संचालक समीतीमा
कार्यरत र जुझारु युवकहरु मार्फत
संस्था संचालन गरीएको पाइएकोले
यो सहकारी मलाई धेरै मन परेको छ

हिरालाल ढुंगाना - सुन्दरपुर १ नाङ्ले-
भारे

सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था लि.

Sahakari Rin Kosh Bachat Tatha Rin Sahakari Sanstha Ltd.

"बचत त्याग बाट प्राप्त हुन्छ"

# २५औं वार्षिक प्रतिवेदन
## आ.व. २०७३/०७४

**केन्द्रीय कार्यालय**: पो.ब.नं. ३४६, ज्वागल, कुपण्डोल, फोन नं.: ०१-५५३०५८१, ५५३००३२ | **सेवा केन्द्र**: जामे मार्केट, घण्टाघर, फोन नं.: ०१-४२२४१४२, ४२२५९१०

**E-mail:** ccflcooperative@gmail.com / ccfl@wlink.com.np | **Website:** www.ccfl.com.np

रजत जयन्ती २५औं वार्षिकोत्सव २०४८-२०७४

# सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था लि.

## Sahakari Rin Kosh Bachat Tatha Rin Sahakari Sanstha Ltd.

"बचत त्यागः बाट प्राप्त हुन्छ"

को

# २५औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था लि.को संचालक समितिको मिति २०७४ साल असार १० गते बसेको बैठकको निर्णयानुसार देहायका विषयहरुमा छलफल गरी निर्णय गर्न निम्न मिति, समय, स्थानमा २५ औं वार्षिक साधारण सभा आयोजना गरीएकोले सम्पूर्ण सदस्यहरुको उपस्थितिको लागी अनुरोध गरीन्छ।

**छलफलका बिषयहरु:–**

१) संचालक समितिको तर्फबाट आ.व.२०७३।०७४ को अध्यक्षज्यूको बार्षिक प्रतिवेदन तथा ०७४/०७५ को कार्यक्रम पारित गर्ने।

२) कोषाध्यक्षको प्रतिवेदन पारित गर्ने।

३) लेखा समितिको प्रतिवेदन पारित गर्ने।

४) आ.व.२०७३।७४ को लेखा परिक्षकको प्रतिवेदन पारित गर्ने।

५) आ.व.२०७४।७५ को लेखा परिक्षण गर्न लेखापरिक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने।

६) २५ औं वार्षिक साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्ने सदस्य चयन गर्ने।

७) विविध।

मिति : २०७४ भाद्र ७ गते, बुधवार
स्थान : कोपुण्डोल बैंक्वेट, कोपुण्डोल, ललितपुर
समय : विहान ठिक ७.३० बजे।

(शशिधर पोखरेल)
सचिव

# सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था लि.को २५औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री रामकृष्ण कार्कीले प्रस्तुत गर्नुभएको बार्षिक प्रतिवेदन-२०७४

यस गरिमामय २५औं बार्षिक साधारण सभा तथा रजत जयन्ती समारोहमा पाल्नु हुने माननिय प्रमुख अतिथिज्यू, अन्य विशिष्ट अतिथिज्यूहरु, मञ्चमा आसिन पाहुनाहरु, विभिन्न निकायबाट पाल्नुभएका प्रतिनिधिहरु, शेयर सदस्यहरु, कर्मचारी वर्ग, पत्रकार मित्रहरु एवं सभामा उपस्थित सम्पूर्ण शेयर सदस्यज्यूहरुमा यस सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था लि.को संचालक समितिको तर्फबाट सहकारीताको न्यानो अभिवादन तथा स्वागत गर्दछु। यस सहकारी ऋण कोष बचत तथा ऋण सहकारी संस्था लि. को २५औं साधारण सभा तथा रजत जयन्तीमा उपस्थित सदस्य महानुभावहरुलाई पुनः हार्दिक स्वागत गर्दै सञ्चालक समितिको तर्फबाट वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु र सदस्यहरुको माया, साथ र सद्भावका कारणले नै आज हामी रजत जयन्ती समेत मनाउन गईरहेका छौं यसका लागि पून एक पटक शेयर, सदस्यहरु, अभियन्ताहरु प्रति हार्दिक आभार ब्यक्त गर्दछु।

आदरणीय शेयर सदस्यमहानुभावहरु,

समाजका निम्न आय वर्ग समेतलाई समेटी सहकारीताको माध्यमबाट संगठित गरी सहकारी मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात् गर्दै समुदायमा संगठित रुपमा कार्य गरी आपसी सदभाव बृद्धि गर्ने अवस्थाको सृजना गरी उनीहरुमा स्वाबलम्बन, मितव्ययिता र पारस्परिक सहयोगको भावना बृद्धि गर्ने, बचत गर्ने बानीको बिकास गर्ने, आफु संग भएको सीप र साधनलाई उत्पादनशील कार्यमा लगाई आर्थिक, सामाजिक तथा साँस्कृतिक बिकासका लागी सेवा तथा सुविधा उपलब्ध गराई, बचत तथा ऋणका माध्यमबाट सदस्यहरुलाई आत्मनिर्भर हुन प्रेरित गर्ने अभिप्रायले सहकारी ऐन, नियम तथा सिद्धान्तद्वारा निर्देशित एक ससक्त र सफल सहकारीको रुपमा विकास गर्ने परिकल्पना र दृष्टिकोणका साथ अघि बढ्ने लक्ष्य यस संस्थाले लिएको जानकारी गराउन चाहन्छु।

२०४९ साल भाद्र ७ गते बिधिवत् रुपमा सहकारी विभागमा दर्ता भएको यस संस्थालाई २५औं वर्ष सम्म साथ दिनु भई एक सफल र सक्षम सहकारीको रुपमा उभ्याउन सहयोग पुऱ्याउनु हुने योजनाकारज्यूहरु, सहकारी संघ संस्थाहरु, शेयर सदस्यज्यूहरु, हालसम्मका सञ्चालक समितिका पदाधिकारी ज्यूहरु, सल्लाहकारज्यूहरु, उपसमितिका पदाधिकारीज्यूहरु तथा कर्मचारी बर्गहरु जसको सामुहिक प्रयासले आज हामी यस संस्थालाई सहकारी अभियानको बिचमा एक सक्षम् सहकारीको रुपमा २५औं वार्षिक साधारण सभा तथा रजत जयन्ती समारोहमा संलग्न हुन सकेका छौं। यहाँहरु सबैबाट आगामी दिनहरुमा अझ नयाँ प्रयासहरुको अपेक्षा राख्दै हाल सम्म पुऱ्याउनु भएको सहयोग प्रति हार्दिक आभार ब्यक्त गर्न चाहन्छु। त्यस्तै आर्थिक सामाजिक तथा साँस्कृतिक विकास गर्ने महान् उद्देश्यका साथ यस संस्थामा प्रत्यक्ष रुपमा सहभागी हुनु हुने नव प्रवेशी सदस्य साथीहरुलाई म यस साधारण सभामा उहाँहरुको चाहनालाई संस्थाको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट समेत पुरा गर्ने प्रतिबद्धता साथ हार्दिक स्वागत गर्दछु।

राज्यको आर्थिक विकासको तीन ससक्त खम्बा मध्ये एक खम्बाको रुपमा स्थापित सहकारी क्षेत्रको एक अंशको रुपमा यस संस्था पनि पर्ने कुरा सबैलाई अवगत गराउन चाहन्छु। सानो समुदायका विचमा संचालित भएतापनि यसको योगदान राष्ट्रियस्तरमा समेत पुग्ने कुरा त सर्व विदितै छ। सदस्यहरु बिच आपसी सद्भाव तथा बिश्वास कायम गरी सम्बृद्ध समाज निर्माणमा मद्दत पुऱ्याउन यस संस्था कटिबद्ध हुनेछ। यस संस्थाले गैर राजनैतिक संस्कार, प्रजातान्त्रिक पद्धति र सहकारीको प्रचलित मुल्य माान्यतालाई आफ्नो मुल आधार मान्दै आएको छ। प्रचलित नियम कानूनको अधिनमा रहि बचत तथा ऋणका माध्यमबाट सदस्यहरुको जीवनस्तर उच्च पार्ने लक्ष्य अनुरुप सदस्यहरुलाई नियमित बचत गर्ने बानीको बिकास संस्थाले गर्दै आएको छ। उद्यमशिल र उत्पादन मूलक पेशा वा ब्यवसायका लागी सुलभ कर्जा प्रवाह, परामर्श, तालिम, शिक्षा तथा सीप बिकास जस्ता सहयोगी कार्यक्रम संस्थाले गर्दै आएको छ। सहकारी ऐन २०४८ को प्रादुर्भाव पछि सहकारी संस्थाको संख्यामा अत्याधिक वृद्धि भएता पनि देशमा बिद्यमान राजनैतिक अस्थिरताका कारण संस्थाहरुले खासै उन्नति गर्न सकेका छैनन भने अर्को तिर नबुझेर र बुझेर पनि लक्षित बर्गहरुले सहकारीको सुबिधा लिन नसकिरहेको अवस्था छ। त्यसै गरी सहकारी संघ र संस्थाको गुणस्तरीय सेवा प्रवाहमा समेत उल्लेखनिय बृद्धि नभएका अवस्था कायमै छ। जसको प्रमुख कारण सहकारी शिक्षाको अभाव नै हो भने अर्को तर्फ राज्य पक्षले सहकारी सम्बन्धि चेतना जगाउन नसक्नु हो। यदि राज्य पक्षबाट समय समयमा सहकारी शिक्षा तथा चेतनामुलक कार्यक्रम नियमित रुपमा गरेको खण्डमा सहकारी क्षेत्रमा देखिएका विसंगतिहरु कम हुँदै जाने तथा संस्थाका संचालकहरुले जानी नजानी गलत ढंगबाट संस्था संचालन गरी रहेका रहेछन् भने उनीहरुले सुधार गर्ने अवसर समेत पाउने थिए।

आदरणीय शेयर सदस्यमहानुभावहरु,

अब म संस्थाको आ.व. २०७३/२०७४ को वित्तीय विवरणहरु यस सभामा स्वीकृतीको लागी बुदाागत रुपमा प्रस्तुत गर्न चाहान्छु।

१. **शेयर पूँजी :** आ.व. २०७३/२०७४ को अन्तसम्म संस्थाको शेयर पूँजी वृद्धि गर्दै जाने लक्ष्य अनुरुप चुक्ता शेयर पूँजी रु. २ करोड ६३ लाख १२ हजार संकलन भैसकेको जानकारी गराउँदछु। विगतको आर्थिक वर्षको तुलनामा समिक्षा अवधिमा शेयर पूँजिमा १७ प्रतिशतले वृद्धि हुन गएको छ।

२. **बचत संकलन :** आ.व. २०७३/२०७४ को अन्तसम्ममा संस्थाले कुल २१ करोड ८५ लाख ३३ हजार बचत संकलन गर्न संस्था सफल भएको छ । निक्षेपलाई विविधिकरण गरी शेयर सदस्यहरुको माग वमोजिम विभिन्न प्रकारका खाताहरु मार्फत बचत संकलन गर्ने गरिएको छ। गत आर्थिक वर्षको तुलनामा समिक्षा अवधिमा बचतमा ७ प्रतिशतले वृद्धि हुनगएको छ।

३. **कर्जा लगानी :** आ.व. २०७३/२०७४ को अन्तसम्ममा संस्थाले आफ्ना कुल सदस्यमध्ये ५२२ जानालाई निजहरुको आवश्यकता परिपुर्ति गर्न रु..२२ करोड ४ लाख कर्जा लगानी गरी सकेको जानकारी गराउँदछु । विगतको आर्थिक वर्षको तुलनामा समिक्षा अवधिमा कर्जा लगानीमा १७ प्रतिशतले वृद्धि हुनगएको छ।

